नेपाली

(त्रैमासिक)

२०६४ माघ, फागुन र चैत पूर्णाङ्क १८४

मदन पुरस्कार पुस्तकालयको अनुरोध

१. *आफ्नो सहर, जिल्ला अथवा गाउँमा कुनै नयाँ पुस्तक, पत्रिका निस्केको थाहा पाउनुभएको छ भने पुस्तकालयलाई सूचना दिइहाल्नोस् ।*

२. *नि:शुल्क वितरण हुने प्रकाशन (किताब, बुलेटिन, बुकलेट, पर्चा आदि) जे पाउनुहुन्छ, पुस्तकालयलाई सम्झेर पठाइदिनुहोस् ।*

३. *यस पुस्तकालयलाई नेपाली भाषा र साहित्यको आधिकारिक सङ्ग्रहस्थल बन्न सहयोग दिनुहोस् ।*

४. *अब त हामी 'इन्टरनेट'मा पनि पसेका छौँ । हाम्रो 'वेब साइट' www.madanpuraskar.org बाट हामीकहाँ सङ्कलित पुस्तकहरूको सूची हेर्न सकिनेछ । तर त्यो सजिलोसँग हेर्न भने आफ्नो कम्प्युटरमा नेपाली युनिकोड जडेको हुनुपर्छ । त्यहाँ हेर्दा यहाँ नभएका तपाईंहरूका केही पुस्तकहरू भेटिए हामीलाई पठाइदिनुहोस् । हामी तत्काल तिनलाई सूचीकृत गर्नेछौँ ।*

५. *हाम्रो ठेगाना हो–*
मदन पुरस्कार पुस्तकालय, पोस्ट बक्स नं. ४२
श्रीदरबारटोल– ४४७०२, ललितपुर, नेपाल ।
फ्याक्स नं.– (+९७७)-१-५५३६३९०
इ-मेल- info@mpp.org.np

– पुस्तकालयाध्यक्ष

साहित्यिक पत्रिका २००७ अघि र पछि

मदन पुरस्कार पुस्तकालयमा ऐले नेपाली पत्रपत्रिकाको सङ्ख्या, शीर्षक मात्र गन्दा पनि पाँच हजारको अङ्क पुग्नलागेको छ। यिनमध्ये कति साहित्यिक र कति इतर भन्न सजिलो छैन। त्यसमा पनि २००७ सालअघि र पछिका साहित्यिक पत्रपत्रिकाहरूको तुलना गर्नु त झन् गाह्रो छ। किनभने पहिलेपहिले पत्रिका भन्नु नै साहित्यिक हुनपुग्थे ! अरू त अरू गोरखापत्र जस्तो समाचारपत्रमा समेत साहित्यिक कृतिहरू छ्यासमिसे रूपमा मिसिएका हुन्थे। बनारसमा मोतीराम भट्टका प्रयासले प्रकाशित भएको भनिएको 'गोर्खा भारत जीवन' कस्तो थियो, त्यो सो पत्रिका देख्न नपाएकाले कसैले भन्न सक्दैन। तर गोर्खाली (१८७२) लगायत जन्मभूमि (१८७५) राजभक्ति (१८८३) चन्द्र (१८१४ई.) चन्द्रिका (१८७३) सबै नै साहित्यिक पत्रिका थिए। कतिसम्म भने गोर्खालीहरूका उत्थानका लागि प्रकाशित भनिएको गोर्खा संसार (१८८३) र तरुण गोर्खा (१८८५) जस्ता जागरण पत्रिकाहरू पनि साहित्यिक पत्रिकाकै कोटीमा पर्थे। वास्तवमा नै साहित्यिक पत्रिका भन्नुपर्नेचाहिँ १८९१ मा काठमाडौँबाट निस्केको 'शारदा' र दार्जीलिङको 'नेबुला' अनि १८९२ मा निस्केको बनारसको 'उदय'लाई हामीले त्यस हिसाबले छुट्टै हेर्नुपर्छ। 'नेबुला' धेरै चल्न नसके पनि 'शारदा' र 'उदय' त बीचबीचमा बन्द भए पनि पुनर्जागृत भई आजसम्म पनि चलिरहेका छन्। त्यसैले २००७ साल अघिका साहित्यिक पत्रिकाका बारेमा कुरा गर्दा यी दुईलाई नै मुख्य गणना गर्नुपर्छ र यी दुवै साहित्यिक पत्रिकाहरू आफ्नो आफ्नो प्रकाशन कालका हिसाबले प्रशंसनीय र स्तरीय नै रहँदै आएका छन्। पारसमणि प्रधानको 'भारती' (२००६) अर्को स्तरीय पत्रिका थियो सात सालअगाडिको तर १०८ अङ्क निकालेर २०१५ मा त्यो विधिवत् बन्द भयो। सात सालभन्दाअघि प्रकाशित भएका साहित्यिक पत्रिकामा २००४ मा प्रकाशित 'साहित्य स्रोत' र २००५ को 'आँखा'लाई सम्झनु पर्नेहुन्छ। यी दुई पत्रिका दुई जना दाजुभाइको सम्पादनमा निस्केका थिए– हृदयचन्द्रसिंह प्रधान र कृष्णचन्द्रसिंह प्रधानको। २००४मै निस्कन थालेको 'युगवाणी' राजनीतिक रूपको

(बाँकी पृ. ८२ मा)

उपन्यासकार डायमनशमशेर राणाको जीवनी र व्यक्तित्वको एक झलक

– रञ्जु खनाल

[पद्मकन्या बहुमुखी क्याम्पसको नेपाली एम.ए. स्तरको शोधपत्र, यो लेख, एक जना चर्चित आख्यानकारको लोकप्रिय उपन्यास विषयका बारेमा मीनमेख गरी तयार पारिएको हो। एम.ए. का लागि 'स्वीकृत' भैसकेको यस लेखमा हामीले विशेष टिप्पणी गरिरहनु आवश्यक छैन । हामी केवल प्रकाशनार्थ यो हामीलाई दिने रञ्जु खनाललाई धन्यवाद भन्छौँ र उनको अरू सफलताको कामना गर्छौँ । – सम्पादक]

जीवनी

जन्म, बाल्यकाल र शिक्षादीक्षा

डायमनशमशेर राणा साहित्यिक एवं राजनीतिक दुवै क्षेत्रमा बहुचर्चित व्यक्तित्व हुन्। उनको जन्म वि.सं. १८७५ साल असार २१ गते पाल्पा जिल्लाको तानसेन बजारमा भएको हो ।[1]

उनका पिता बुधशमशेर राणाशासनका संस्थापक जङ्गबहादुर राणाका कान्छा भाइ धीरशमशेरका चौधौँ पुत्र शेरशमशेर राणाका छोरा थिए । ती पाल्पामा बडाहाकिम थिए । तिनै बुधशमशेरकी साहिँली पत्नी मोहनकुमारीका गर्भबाट कान्छा पुत्रका रूपमा डायमनशमशेरको जन्म भएको हो। उनका दुई दाजु र दुई दिदीहरू थिए। हाल उनकी कान्छी दिदी मात्र जीवित छन्।

राणापरिवारमा जन्म भएको हुँदा उनको बाल्यकाल सुखसुविधामा बितेको देखिन्छ। त्यतिखेर देशको राजनीतिक, सामाजिक र आर्थिक क्षेत्रमा पनि उनीहरूको पकड थियो । उनका पिता बुधशमशेर पाल्पाबाट काठमाडौँ आउँदा डायमनशमशेर राणा ६ महिनाका बालक थिए। उनको पुर्ख्यौली घर थापाथलीमा थियो। उनका हजुर बुबा शेरशमशेरले त्यो घर चन्द्रशमशेरलाई बेचेकाले सपरिवार

---

१. *उपन्यासकार डायमनशमशेर राणाबाट प्राप्त जानकारी ।*

उनीहरूले कोपुन्डोलमा सर्नुपरेको थियो । त्यतिखेर डायमनशमशेर साढे तीन वर्षका बालक थिए। बालक अवस्थादेखि नै उनी विभिन्न क्रियाकलापमा सक्रिय देखिन्थे । उनी क्रिकेट खेल्नमा बढी रुचि राख्दथे। उनका प्रारम्भिक शिक्षादीक्षा घरमै दुई जना शिक्षक राखेर भएको थियो । त्यसपछि उनलाई पाटन स्कूलमा भर्ना गराइयो तर पिता बुधशमशेरको काठमाडौँबाट वीरगन्ज सरुवा हुनाले उनलाई पढाइ छाड्नुपर्‍यो र वीरगन्ज जानुपर्ने भयो ।

यसरी उनको पढाइमा केही अड्चन आए पनि फेरि उनको पढाइको लागि व्यवस्था गरियो । फेरि पनि सरुवाकै कारण उनका पिताले काठमाडौँ आउन पर्‍यो । फलतः उनको पढाइको एकरूपता कायम हुन सकेन । त्यहाँबाट पिताको हनुमान्नगर सरुवा हुनाले उनी पनि हनुमान्नगर पुगे । विधिको विडम्बना ! त्यसबखत हनुमान्नगरमा न कुनै स्कुल थियो न त कुनै योग्य शिक्षक नै । त्यसैले उनको पढाइमा बाधा पर्‍यो ।

यसरी पढाइमा अवरोध आए पनि डायमनशमशेर राणा आत्तिएनन्, कुनै गलत बाटोतर्फ मोडिएनन् । त्यसपछि पुनः बुधशमशेरको काठमाडौँमा सरुवा भएकाले उनलाई फेरि काठमाडौँ आउने अवसर प्राप्त भयो। काठमाडौँमा फेरि उनको पढाइको प्रबन्ध भयो। कहिले प्रतिकूल, कहिले अनुकूल वातावरण आए पनि अन्ततः उनी एस.एल.सी.को ढोकासम्म पुग्न सफल भए ।

नेपालमा त्यतिबेला एस.एल.सी. दिने व्यवस्था थिएन। एस.एल.सी. दिन भारतमै जानुपर्ने बाध्यता थियो। दैवको बिडम्बना ! उनले एस. एल.सी. दिने वर्ष भारतमा स्वतन्त्रता आन्दोलन भएको हुँदा परीक्षा स्थगित भयो। यसरी उनको औपचारिक शिक्षामा तगारो नै लाग्यो ।

यसरी परीक्षा दिन नपाए पनि उनमा शिक्षा हासिल गर्ने उत्सुकता सजीव भएर उर्लिएको थियो। फलतः उनले औपचारिक शिक्षा लिने निश्चय एस.एल.सी. दिने व्यवस्था नभएको ठाउँमा भनेजस्तो शिक्षक पनि कहाँ पाउनु ? त्यसैबेला चन्द्रशमशेरले आफ्ना छोराछोरी पढाउन भारतबाट एउटा योग्य शिक्षक फिकाएका थिए । उनको नाम अनिमेषनारायण चौधरी थियो । डायमनशमशेर राणाले

तिनै अनिमेषनारायण चौधरीसँग अन्तरात्मादेखि जागेको शिक्षारूपी क्षुधा शान्त पारे। त्यसबेला उनले मासिक रु. ३००/- तिरेर पढेका थिए।

आफ्नो लगनशीलता, इच्छा एवं तत्परताले उनले शिक्षा हासिल गरे। उनले साहित्यमा पनि चाख लिन थाले। फलतः उनले साहित्यको रसपान गर्दै नेपाली साहित्यलाई गोडमेल गर्न शुरू गरे। अङ्ग्रेजी नाटककार शेक्सपियर तथा त्यसबेलाका समकालीन साहित्यिक व्यक्तित्वका बारेमा अध्ययन गरेर र गुरु अनिमेषनारायण चौधरीबाट प्रेरणा पाएर उनी लेखनतर्फ आकृष्ट भए।[२]

यसरी लेखन कार्य सुरु गरी उनी पछि एक सफल ऐतिहासिक उपन्यासकारका रूपमा स्थापित भए। विशेषगरी राणा परिवारमै जन्मेर, हुर्केर आफ्नो वंशको विरोध गर्दै उपन्यास लेख्नु साहसिक कार्य मान्न सकिन्छ किनभने आफ्नै खलकको विरुद्ध आवाज उठाउनु चानचुने कुरा थिएन। यसबाट उनी न्यायप्रेमी, जनताप्रेमी एवं देशप्रेमी भएको कुरा स्पष्ट हुन्छ।

वैवाहिक जीवन र जीविका

वि.सं. १८८८ मा उनका पिताको निधन भएकाले डायमनशमशेर राणाका शिरमा व्यावहारिक बोझ पर्न गयो। उनी जिम्मेवारी बहन गर्न पिताकै स्थानमा कर्णेल पदमा नियुक्त गरिए।[३] वि.सं. १८८८ सालमा पश्चिम एक नम्बर नुवाकोट निवासी श्री ढालविक्रम शाहकी सुपुत्री 'बालिका शाह'सँग उनको वैवाहिक सम्बन्ध गाँसियो। विवाह भएको तीन वर्षपछि प्रथम पुत्रीरत्नका रूपमा तीर्थेश्वरी (हाल गीता कार्की) राणाको जन्म भयो। त्यसपछि क्रमशः खुस्बुशमशेर राणा र रघुशमशेर राणाको जन्म भयो। दैवको लीला अपरम्पार छ। यस्ता साहित्यप्रेमी, देशप्रेमी तथा जनताप्रेमी व्यक्तिलाई पनि पुत्रशोकको वज्रप्रहार पऱ्यो। २०३३ सालमा बेलायतमा कार दुर्घटनामा परी खुस्बुशमशेरको निधन भयो।[४]

---

२. *विश्वमणि पोखेल, स्मृतिका पानाबाट, 'कान्तिपुर', २०५७ फागुन ६ गते शनिवार, पृ. ७।*

३. *विश्वमणि पोखेल, पूर्ववत्, पृ. ७।*

४. *उपन्यासकार डायमनशमशेरबाट प्राप्त जानकारी।*

राणापरिवारमा जन्मेकाले उनले कुनै प्रकारको आर्थिक सङ्कट झेल्नुपरेन । हुन त उनी जन्मँदै कर्णेल पदबाट विभूषित थिए । बाबुको मृत्युपश्चात् उनले स्वतः कर्णेल पद सम्हालेका थिए । एकातिर कर्णेल पदजस्तो उच्च ओहदा अर्कोतिर प्रशस्त जग्गा-जमिन तथा जायजेथाले गर्दा उनले आर्थिक दुरावस्थाको सामना गर्नुपरेन । उनको जग्गा-जमिन २००७ सालको प्रजातान्त्रिक परिवर्तनपछि विर्ता उन्मूलन व्यवस्थाले गर्दा सबै सरकारीकरण भयो र त्यसको क्षतिपूर्तिको रूपमा उनलाई बाह्र हजार रुपियाँ दिइयो । फलतः उनको आम्दानीको ठूलो स्रोत गुम्यो । आजीविकाको ठूलो साधन गुमेपछि अर्थोपार्जन गर्न बाध्यताकै विषय बन्न गयो । उनी पुनः कर्णेल पदमा नियुक्त भए । प्रजातन्त्रपछि पुनर्बहाली भए पनि उनको जागिरप्रति रुचि भएन र त्यो जागिर पनि छोडिदिए ।

अब जीवन धान्न धौधौ पर्न थाल्यो । यति हुँदाहुँदै पनि उनी लेखनतर्फ भने जागरुक नै थिए । २००६ सालमा उनको प्रथम औपन्यासिक कृति बसन्ती उपन्यास प्रकाशित भयो । त्यसबाट त्यति आर्थिक लाभ हुन सकेन किनभने 'बसन्ती' उपन्यास राणाहरूको भित्री रहस्य खोलिएको उपन्यास थियो । त्यसैले स्वयं राणा नै उनीहरूको प्रतिद्वन्द्वी भएर देखापरे । फलतः उनी राणाखलकको भए पनि आँखाको कसिङ्गर बन्न पुगे भने सर्वसाधारणको त किताब किन्ने पढ्ने साहस नै भएन । त्यसबेला साहित्यप्रति मानिसहरूको झुकाव विरलै मात्र देखिन्थ्यो ।

समय बित्दै गयो । आर्थिक सङ्कटको सामना गर्दै उनले वि.सं. २०३० सालमा 'सेतो बाघ' उपन्यास प्रकाशित गरे । सेतो बाघको प्रकाशनपछि उनको जीवनको काँचुली नै फेरिएको जस्तो भयो । आम्दानीको राम्रो प्रबन्ध भयो । समयको गतिसँगै मानिसमा चेतना एवं साहित्यप्रतिको गहिरो चिन्तनले गर्दा सेतोबाघको धेरैप्रति बिके पनि । त्यस्तै २०४१ सालमा 'सेतो बाघ'को अङ्ग्रेजी भाषामा अनुवाद भई प्रकाशन भएपछि उनले लेखनको अझ राम्रो पारिश्रमिक वा उचित मूल्य प्राप्त गरे । 'सेतो बाघ' अत्यन्त उत्कृष्ट ऐतिहासिक उपन्यास हो जसको अनुवाद अङ्ग्रेजी, जापानी र फ्रान्सेली भाषामा भएको छ ।

यसरी विभिन्न भाषामा आफ्नो कृति 'सेतो बाघ' अनूदित भएपछि उनको आम्दानीको स्रोत मजबुत बन्यो र लेखनलाई प्रमुख व्यवसाय बनाएर जीविकोपार्जन गर्दै अहिले उपन्यासकार राणा अघि बढिरहेका छन् । 'सेतो बाघ'का बारेमा उनी भन्छन् - "रौतहटको पुर्ख्यौली ४५ बिघा जग्गा बेचेपछि मसँग केही थिएन । लोकप्रिय भइसकेको 'सेतो बाघ' उपन्यास नै मेरो जीविकाको मुख्य आधार बन्यो ।"[५] यस कथनले पनि उनको आयस्रोतको आधार नै 'सेतो बाघ' उपन्यास बनेको देखिन्छ ।

सामाजिक कार्य

उपन्यासकार डायमनशमशेर राणा साहित्य साधनामा साधनारत हुनका साथै देश र समाजको भलाइ सोच्ने व्यक्तित्व पनि हुन् । राणापरिवारमा जन्मिएर पनि जनताको दुःखमर्का बुझेर उनी राजनीतिक कार्यकर्ताका रूपमा अगाडि बढेको देखिन्छ । सामाजिक उत्थानमा पनि सक्रिय भएको देखिन्छ ।

रुचि

युवावस्थादेखि वृद्धावस्थासम्म साहित्य लेखनकार्यमा संलग्न रहनाले राणाको रुचि साहित्यतर्फ छ भन्नमा अत्युक्ति नहोला । विशेष रुचि साहित्यतर्फ हुनाको साथै उनको क्रिकेट खेलमा पनि विशेष रुचि देखिन्छ । यसको अतिरिक्त देश र जनताको शुभचिन्तक हुनाले राजनीतितिर पनि राणाको विशेष अभिरुचि देखिन्छ ।

स्वभाव

डायमनशमशेर राणा एक मिजासिला, मृदुभाषी व्यक्तित्व हुन् जसले गर्दा पहिलो भेटमा नै उनीसँग विनासङ्कोच छिट्टै घुलमिल हुन सकिन्छ । धेरै बोल्ने अलिकति हिन्दी, अलिकति अङ्ग्रेजी र अलिकति नेपाली मिसाएर खरर्र बोल्ने राणा एक स्पष्ट वक्ताका रूपमा पनि देखिन्छन् । मानिससँग आत्मीय रूपमा नहिच्किचाईकन बोल्न मन पराउने राणाको स्वभाव फरासिलो र मिजासिलो देखिन्छ ।

---

५. उपन्यासकार डायमनशमशेर राणाबाट प्राप्त जानकारी ।

भ्रमण

साहित्य लेखनका माध्यमले स्वदेशमा मात्र नभएर विदेशमा पनि आफ्नो अस्तित्व कायम राख्न सफल उपन्यासकार राणाले विभिन्न देशको भ्रमण गरेका छन् । भ्रमणकै क्रममा डायमनशमशेरले ब्रिटेन, जर्मनी, फ्रान्स, पोर्चुगल, भारत आदि विभिन्न देशको भ्रमण गरेका छन् । उनले त्यस भ्रमणका क्षणलाई जीवनको एउटा अविस्मरणीय घटना मानेका छन् ।

सम्मान तथा पुरस्कार

साहित्य लेखनमा विशेषगरी उपन्यासविधामा अघि बढेका त्यति विशिष्ट स्थान प्राप्त गर्न सफल भएका डायमनशमशेर राणा नेपाली औपन्यासिक क्षेत्रका विशिष्ट व्यक्तित्व हुन् । नेपाली साहित्यमा आफ्ना औपन्यासिक कृतिहरू दिएर भाषासाहित्यको उत्थानमा योगदान दिएबापत उनलाई समय-समयमा विभिन्न मानसम्मानद्वारा विभूषित गरिएको देखिन्छ । यसै सन्दर्भमा २०४५ साल भाद्र ४ गते शुभ-समूहको चौथो वार्षिक उत्सवको शुभ-अवसरमा उनको सम्मान गरियो । त्यस्तै, वि.सं. २०५० सालमा उनलाई भारती खरेल पुरस्कार बाट पनि सम्मानित गरियो ।

वि.सं. २०५५ साल असार २८ गते उनलाई राष्ट्रिय प्रतिभा पुरस्कार प्रदान गरियो । त्यस्तै, वि.सं. २०५६ जेठ ८ गते सर्वदा वाङ्मय प्रतिष्ठानले उनलाई सम्मान गऱ्यो । वि.सं. २०५७ वैशाख ३१ गते द रेयुकाइ नेपाल पाटन शाखाद्वारा उनलाई सम्मानपत्र प्रदान गरियो भने वि.सं. २०५७ माघ १६ गते सनातन धर्म सेवा समितिद्वारा अभिनन्दनपत्र प्रदान गरियो । त्यसै गरी वि.सं. २०५७ चैत्र २६ गते गणेशमान सिंह अध्ययन प्रतिष्ठानद्वारा सम्मानपत्र प्रदान गरिएको थियो भने वि.सं. २०५७ चैत्र ३१ गते कलासाहित्य सेवाद्वारा अभिनन्दन गरियो । त्यस्तै, १६ सेप्टेम्बर १८८८ इ. का दिन हाउस अफ राजकर्णिकार समूहद्वारा उनलाई 'लाइफ टाइम अचिभमेन्ट' प्रदान गरियो भने वि.सं. २०५७ चैत्र ३१ गते नै आह्वान समूह परिवार चाबहिलले पनि डायमनशमशेरलाई अभिनन्दन गरेको देखिन्छ ।

व्यक्तित्व

उपन्यासकार डायमनशमशेर राणाको व्यक्तित्वको चर्चा गर्दा सामान्यतया उनका दुई प्रकारको व्यक्तित्वको चर्चा गर्न सकिन्छ– साहित्यिक र राजनीतिक ।

साहित्यिक व्यक्तित्व

डायमनशमशेर राणाको व्यक्तित्वको एउटा पाटो साहित्य हो भने अर्को पाटो राजनीति हो । साहित्य र राजनीति दुई विपरीत ध्रुवजस्ता देखिन्छन् । उपन्यासकार राणाले साहित्यिक क्षेत्रमा महत्त्वपूर्ण भूमिका खेलेका छन् । उनले ऐतिहासिक उपन्यास लेखनमा आफ्नो प्रतिभा प्रदर्शन गरेका छन् । उनको औपचारिक शिक्षा सन्तोषजनक नभए पनि लेखनकलामा भने उनी निपुण देखिन्छन् । स्वाध्ययन नै उनको शिक्षाको प्रमुख आधार थियो । आन्तरिक प्रस्फुटनले उनमा साहित्यिक रचना गर्ने क्षमताको विकास भयो । अहिले पनि कहिले पुस्तक लेख्ने र कहिले अध्ययन गर्ने क्रममा उपन्यासकार राणाको समय व्यतीत भइरहेको पाइन्छ ।

जीवनयात्राको बिहानीमा शिक्षाका क्रममा अनिमेषनारायण चौधरीसँगको सम्पर्कले गर्दा उपन्यासकार डायमनशमशेर राणाले साहित्यसिर्जना गर्ने प्रेरणा प्राप्त गरेका हुन् । उनै गुरु अनिमेषनारायण चौधरीको निकटस्थताले गर्दा उनले शेक्सपियर, बनार्ड सा, बाल्टर स्कट, वाइरन आदिका साथै प्रेमचन्द, टचागोर जस्ता साहित्यकारका कृतिहरू अध्ययन गर्ने मौका पाएका हुनाले उनमा साहित्य सिर्जना गर्ने अभिरुचि बढ्दै गएको पाइन्छ । यसरी डायमनशमशेर राणाको साहित्य सिर्जनामा अभिरुचि बढ्नुको प्रथम श्रेय अनिमेषनारायण चौधरीलाई दिन सकिन्छ ।

त्यस्तै, उपन्यासकार राणाको साहित्य सिर्जना गर्ने उत्प्रेरक तत्त्वका रूपमा तत्कालीन परिवेशलाई पनि प्रमुख मान्न सकिन्छ । उपन्यासकार राणा स्वयं राणापरिवारका भए पनि उनीहरूको शासनव्यवस्थाप्रति उनी असन्तुष्ट थिए र खुला विरोध पनि गर्दथे । उनी राणापरिवारको एवं उनीहरूको शासन प्रणालीको विरोध त गर्दथे नै तर एक्लै विरोध गर्न भने असम्भव थियो । त्यतिखेर

राणाशासनकै जल्दोबल्दो समय थियो । प्रतिकूल समयले गर्दा उनीमा भित्रभित्रै विद्रोहको स्वर गुन्जियो। भित्रभित्रैको असन्तुष्टि नै उपन्यासकार राणाको साहित्य सिर्जनाका रूपमा बाहिर व्यक्त भएको हो । त्यही असन्तुष्टि र विरोधको प्रतिविम्ब नै उपन्यासकार राणाको 'बसन्ती' (२००६) उपन्यास हो ।

राजनीतिमा संलग्न उपन्यासकार राणाले पञ्चायती व्यवस्था लागू भएपछि लामो जीवन नख्खू जेलमा बिताएका थिए। जेलमा पनि तारिणीप्रसाद कोइराला, मदनमणि दीक्षितजस्ता विशिष्ट व्यक्तिहरूसँगको सामीप्यले गर्दा साहित्य सिर्जना गर्न उनलाई विशेष प्रेरणा मिलेको बुझिन्छ ।

उपन्यासकार राणाको 'बसन्ती' प्रथम उपन्यास हो । त्यस्तै नेपाली आधुनिक उपन्यासजगत्मा प्रथम ऐतिहासिक उपन्यास पनि 'बसन्ती' नै हो । विशेषगरी ऐतिहासिक विषयवस्तु चयन गर्नुमा टुकराज-पद्मराज मिश्रद्वारा लिखित 'रजबन्धकी' (१८८६) र 'रामकृष्ण कुँवर राणा' (१८८८) उपन्यासको प्रभाव परेको कुरो स्वयं राणा स्विकार्दछन् । लेखकद्वय टुकराज-पद्मराजका कृतिबाट उपन्यासकार राणाले ऐतिहासिक उपन्यास लेख्ने प्रेरणा प्राप्त गरेको बुझिन्छ ।[६]

उपन्यासकार राणाको प्रथम कृति 'बसन्ती' लेखिएको धेरै समयपछि मात्र प्रकाशित भएको हो । 'बसन्ती' उपन्यासका बारेमा उपन्यासकार स्वयं आफ्नो अभिमत यसरी प्रकट गर्दछन्–

"वि.सं. १८८६-८७ तिर नै 'बसन्ती' तयार भइसकेको थियो । त्यसबेला आफूखुसी केही प्रकाशन गर्न पाइँदैनथ्यो ।"[७] त्यसैले १८८६/८७ तिर लेखिएको प्रस्तुत उपन्यासलाई २००५ सालमा लेखकले हिम्मत जुटाएर बनारसबाट २ सयप्रति छापेर ल्याए। त्यस कृतिलाई त्यसबेलाका पाठकहरूले किनेर पढ्ने हिम्मत गर्न सकेनन् । यसबाट उपन्यासकार राणामा नैराश्य उत्पन्न भयो । यस उपनयासको प्रकाशनबाट आर्थिक लाभ त शून्य नै भयो तर पछि पन्नालाल श्रेष्ठको सम्पर्कले गर्दा उनको 'बसन्ती' उपन्यास दार्जिलिङको

---

६. *पूर्ववत् ।*

७. *पूर्ववत् ।*

बजारमा बिक्री भयो । यसबाट लेखकलाई केही आर्थिक लाभ पनि भयो र सन्तोष पनि प्राप्त भयो। त्यसपछि २००६ सालमा काठमाडौँबाट दोस्रो संस्करण छापियो । यसपछि भने उपन्यासकार डायमनशमशेर राणामा हौसला, जाँगर र उत्साह बढ्दै गएको पाइन्छ । उनको 'बसन्ती' उपन्यास हिन्दी भाषामा पनि रूपान्तर भएको छ ।

नेपालीमा 'बसन्ती' र 'भृकुटी' ऐतिहासिक उपन्यास हुन्। 'बसन्ती' उपन्यास उपन्यासकार राणाको सफल उपन्यास मानिन्छ । दीनानाथ शरणले 'बसन्ती' उपन्यासलाई दु:खान्तको संज्ञा दिँदै जीवन र इतिहासलाई एकसाथ मार्मिक अभिव्यञ्जन दिने कृति हो'[८] भनेका छन् ।

उपन्यासकार राणाले– 'बसन्ती' उपन्यासको प्रकाशनपछि तुरुन्तै अर्को उपन्यास लेख्ने आँट गर्न सकेनन् ।

समयको धेरै अन्तरालपछि उपन्यासकार राणाले अर्को उपन्यास लेखे । वि.सं. २०३० सालमा 'सेतो बाघ' प्रकाशित भयो । यस उपन्यासको विषयवस्तु ऐतिहासिक थियो । राणापरिवारको आपसी कलह, सत्ताप्राप्तिको सङ्घर्ष, खिचातानी, हत्या, षड्यन्त्र आदिको भण्डाफोरको प्रतिविम्ब नै सेतोबाघ उपन्यास हो । यस उपन्यासले लेखकलाई सफलताको चरमचुलीमा उभ्याएको पाइन्छ ।

'सेतोबाघ' उपन्यासकार राणाको सर्वोत्कृष्ट कृति हो । यसै कृतिबाट उनी चर्चित बन्न पुगे । यस उपन्यासलाई श्रीमती ग्रेटा राणाले 'दि वेक अफ द ह्वाइट टाइगर' शीर्षक दिई अङ्ग्रेजीमा र काजिहिरो साइकीले जापानी भाषामा अनुवाद गरेका छन् । त्यस्तै रिवन कुञ्जले फ्रान्सेली भाषामा 'दि टाइग्रे ब्लाङ्क' शीर्षकमा अनुवाद गरेपछि यसले व्यापकता पायो । फलत: यस सेतो बाघ उपन्यासको प्रकाशन र अनुवादबाट लेखकलाई पनि धेरै नै आर्थिक लाभ भयो जसले गर्दा उपन्यासकारलाई नयाँ-नयाँ विषय र शैलीका उपन्यासहरू सिर्जना गर्ने हौसला मिल्न पुग्यो। 'सेतो बाघ' उपन्यासको प्रकाशनपछि वि.सं २०३४ सालमा 'प्रतिबद्ध' उपन्यास प्रकाशित भयो। उपन्यासकार राणाको तेस्रो औपन्यासिक कृति 'प्रतिबद्ध' मा खासै ऐतिहासिकताको निर्वाह गरिएको देखिँदैन ।

---

८. प्रो. डा. दीनानाथ शरण, पूर्ववत्, भूमिका खण्ड ।

यसरी 'बसन्ती', 'सेतो बाघ', 'प्रतिबद्ध' आदि औपन्यासिक कृतिहरूबाट मात्र उपन्यासकार डायमनशमशेर राणा सन्तुष्ट हुन सकेनन् । 'सेतो बाघ'कै परिपूरकको रूपमा अर्को महत्त्वपूर्ण उपन्यास 'सत्प्रयास' लिएर वि.सं. २०३८ सालमा उनी फेरि नेपाली औपन्यासिक धरातलमा देखा परे । 'सत्प्रयास' उपन्यासमा पनि राजनीतिक छनक देखिन्छ । तर यो उपन्यास त्यति चर्चित हुन सकेन । भाइ-भाइबीचको सत्ताप्राप्तिको निम्ति आएको खिचातानी, सङ्घर्ष, हानथाप र हत्याको प्रतिरूप नै 'सत्प्रयास' उपन्यास हो, साथै सोञ्चालाई सुली र बाङ्गालाई चौतारी भन्ने कुरा पनि यस उपन्यासले प्रष्ट पारेको छ ।

त्यस्तै वि.सं. २०४३ सालमा डायमनशमशेरको अर्को उपन्यास 'अनिता' प्रकाशित भयो । यस उपन्यासमा काल्पनिकताको आधिक्य देखिन्छ । यस उपन्यासमा पञ्चायती व्यवस्थाको भण्डाफोर तथा संसदीय व्यवस्थाको वकालत गरिएको छ । अरू उपन्यासको दाँजोमा 'अनीता' उपन्यास पनि त्यति चर्चित बन्न सकेन

वि.सं. २०५१ सालमा पञ्चायतकालीन परिवेशलाई पुनः आत्मसात् गर्दै 'धनको धब्बा' उपन्यास देखा पऱ्यो । खुला प्रजातान्त्रिक वातावरण, वर्गीय विभेदको कारण असमानता, शोषित र शोषक एवं शोषण आदिको प्रतिच्छाया नै 'धनको धब्बा' उपन्यास हो । यस उपन्यासले पनि खासै चर्चा पाउन सकेन ।

त्यस्तै वि.सं. २०५८ सालमा आएर 'गृहप्रवेश' उपन्यासले आफ्नो स्थान लिन सफल भयो । अन्य उपन्यासमा जस्तै यस उपन्यासमा पनि राजनीतिक, आर्थिक एवं सामाजिक पृष्ठभूमिलाई आत्मसात् गरिएको छ । 'गृहप्रवेश' उपन्यासमा ऐतिहासिक पक्षका साथै काल्पनिक पक्षको पनि सन्निवेश भएको देखिन्छ ।

यसप्रकार समग्र साहित्य लेखनलाई दृष्टिगत गर्दा उपन्यासकार डायमनशमशेर राणाका साहित्य सिर्जनालाई दुई चरणमा विभाजित गर्न सकिन्छ–

१. प्रथम चरण

२. द्वितीय चरण

प्रथम चरणअन्तर्गत 'बसन्ती' र 'सेतो बाघ' उपन्यासलाई लिन सकिन्छ भने द्वितीय चरणमा 'प्रतिबद्ध', 'सत्प्रयास', 'धनको धब्बा', 'अनिता' र 'गृहप्रवेश आदि उपन्यासहरूलाई लिन सकिन्छ । डायमनशमशेरका औपन्यासिक कृतिहरूमध्ये 'सेतोबाघ'ले महत्त्वपूर्ण स्थान ओगटेको छ । यही उपन्यासबाट लेखकलाई आर्थिक समुन्नतिको ढोका पनि खुलेको छ ।

डायमनशमशेर राणा नेपाली साहित्यका विशेष गरी ऐतिहासिक उपन्यासकारका रूपमा चर्चित छन् । उनी साहित्यलाई देशविकासको आवश्यक तत्त्व ठान्दछन् । साहित्यको विकास हुनु नै देशको विकास हुनु हो भन्दै नेपाली टी.भी. च्यानलमा उपन्यासकार राणासँग लिइएको अन्तर्वार्तामा उनले भनेका छन्–

"साहित्य भनेको देशको ब्याक बोन (Back bone) हो । साहित्य नभई कुनै पनि देश अगाडि बढ्न सक्दैन । पाश्चात्य देशहरूमा सबै मानिसहरू किताब पढिरहन्छन्, निष्क्रिय भएर कोही पनि बस्तैनन् तर हामी नेपालीहरू भने त्यसै घाम तापेर बस्छौँ । देश बनाउन साहित्यको सिर्जना गर्नुपर्छ ।"

यसरी लेखक देशविकासको प्रमुख कारकतत्त्व साहित्यलाई मान्दछन् । उनी सम्पूर्ण नेपालीहरूलाई निष्क्रिय भएर बस्न हुँदैन, सक्रिय हुनुपर्छ भन्ने सन्देश दिन्छन् ।

त्यस्तै अभिव्यक्ति कार्यक्रममा अन्तर्वार्ता लिने सिलसिलामा लेखक फेरि २००६ सालको स्मरण गर्दै भन्छन्–

"त्यतिखेर पढ्नु अपराध ठहर्थ्यो । मलगायत थुप्रै साथी थुनामा परे । आफूलाई ठूलो अपराध गरेजस्तो लाग्यो । यो मेरो जीवनको अविस्मरणीय घटना हो ।" हाल बुढचौलीका कारण शारीरिक अस्वस्थताले गर्दा आँखा देखे पनि लेख्न भने नसकेको कुरो उपन्यासकार राणा व्यक्त गर्दछन् । त्यतिखेरको स्थिति र अहिलेको स्थिति धेरै फरक छ । त्यही सम्झनाले म बाँचिरहेको छु । मलाई लाग्थ्यो, मेरा पनि दिन आउलान्, ती दिन आए, हाल म सन्तुष्ट नै छु ।[८]

---

८. उपन्यासकार राणासँगको भेटवार्ताबाट ।

राजनीतिक व्यक्तित्व

साहित्यमा सानैदेखि लागेका डायमनशमशेर राणा राजनीतिक क्षेत्रतर्फ पनि आकर्षिक भएको देखिन्छ । राणापरिवारमा जन्मेर राणाकालीन परिवेशमै हुर्केर पनि देश र जनताप्रति झुकाव हुनु भनेको चानचुने कुरा होइन । राणाविरुद्ध कदम चालेर प्रजातन्त्र प्राप्तिका लागि समर्पित राणाको उपन्यासकार व्यक्तित्वका रूपमा चर्चा गरिएको छ ।

राणाहरूको निरङ्कुश शासनप्रणालीबाट विचलित भएका उपन्यासकार डायमनशमशेर आफ्नै राणावंशको पतन भएको हेर्न चाहन्थे । युवावस्थामा पुगेपछि उनी वास्तविकता बुझ्न थाले । देश, जनताप्रतिको सद्भावनाले राणाशासनप्रतिको आक्रोश दिनप्रतिदिन बढ्दै गयो जसले गर्दा उनमा राणाहरूप्रति वितृष्णा पैदा भयो । एकतन्त्री जहानियाँ शासन एक विकृतिपूर्ण शासनप्रणाली थियो । यो कुरा जनताप्रेमी डायमनशमशेर राणालाई सुपाच्य भएन । फलतः उनी राणाशासन समाप्ति अभियानमा सक्रिय राजनीतिक कार्यकर्ता भएर अगाडि सरे । राणाशासन प्रणाली र राणादेखि उनी ज्यादै असन्तुष्ट देखिन्थे र उनीहरूको समाप्ति चाहन्थे । उपन्यासकार राणा भित्रभित्रै मुरमुरिन्थे ।[१०]

जतिसुकै मुरमुरिए पनि सत्ताधारी व्यक्तिसँग एक्लै जोरी खोज्नु भनेको सिंहको अगाडि खरायो उफ्रनुजत्तिकै थियो । एक्लै केही गर्न असम्भव हुनाले उनी अनुकूल परिस्थितिको पर्खाइमा लागिरहेका थिए ।

मान्छेमा जब आन्तरिक उथलपुथल, पीडा, डाह, छटपटी आदि कुनै पनि असन्तुष्टि हुन्छ, तब भित्रको उकुसमुकुस बाहिर निस्कन कुनै निकास वा माध्यम खोज्न थाल्दछ । त्यही मनभित्रका आवेग-संवेगहरू स्रष्टाव्यक्तित्वका लागि साहित्य सिर्जनाको स्रोत भएर छताछुल्ल पोखिए । फलतः 'बसन्ती', 'सेतो बाघ', 'सत्प्रयास' आदि महत्त्वपूर्ण औपन्यासिक कृतिहरू नेपाली साहित्यले प्राप्त गर्न सकेको हो ।

---

१०. स्वयं उपन्यासकार राणासँगको कुराकानीबाट ।

उपन्यासकार राणाको 'बसन्ती' उपन्यास प्रथम कृति हो। यस उपन्यासमा राणाखलकको भण्डाफोर गरिएको छ। आफ्नै वंशका लागि विद्रोहात्मक स्वर गुन्जिँदा राणापरिवार रिसले मुरमुरियो। त्यसबेलाको राणासरकारमा रहेका व्यक्तिहरूलाई ठूलो तोड पऱ्यो। उनीहरूले उपन्यासकार डायमनशमशेर राणालाई आँखाको कसिङ्गर ठान्दै कालो सूचीमा समेत पारे ।

तत्कालीन राणासरकारविरुद्ध वि.सं. २००६ सालमा नेपाली काङ्ग्रेसले सशस्त्र क्रान्तिको आह्वान गरेपछि राणाविरोधी अभियानमा उपन्यासकार राणा पनि सामेल भएका थिए। उनी वि.सं. २००७ सालमा नेपाली काङ्ग्रेसका क्रियाशील सदस्य पनि बने।[११] उपन्यासकार राणा स्वयं राणापरिवारका भएर पनि राणाविरोधी थिए। उनले भित्रभित्रै श्री ५ त्रिभुवनसँग साँठगाँठ मिलाउन थाले। राणाविरोधी गतिविधिलाई अघि बढाउने र श्री ५ त्रिभुवनको भारतबाट फिर्ती सवारीका निम्ति इटुमबहालको एउटा घरमा बसेको बैठकमा डायमनशमशेर राणा पनि सर्वप्रथम सहभागी भएका थिए। सो बैठकले पारित गरेको निर्णयको फलस्वरूप उपन्यासकार राणा पनि राणाविरुद्धको जुलुसमा सामेल भएका थिए।

'राणाशाही मुर्दावाद' भन्नुपर्नेमा उनी 'राणशाही होसियार' भन्ने नारा लगाउँदै हिँडे। राणाहरूले सोचेका थिए– डायमनशमशेर राणाले राणाहरूकै विरुद्ध अवश्यै नारा लगाउँदैन भनेर तर उपन्यासकार राणा होसियारको नारा लगाएर खुला मैदानमा अघि बढे। फलत: उनी पक्राउ परे। 'जुन थालमा खानु त्यही थालमा चुठ्नु' भनेजस्तै सरकारकै सेनाको जागिरमा रहेर सरकारविरुद्ध खुलेआम विरोध गरेकाले उनलाई कोटमार्सल भयो। त्यसबखत देशभर व्यापक रूपमा विद्रोह हुँदै गइरहेको थियो। उपन्यासकार राणालाई कोटमार्सल भयो भन्ने सुनेर उनका इष्टमित्र, काकालगायत अन्य शुभचिन्तकहरू चिन्तित बनेका थिए। कोटमार्सलको सुनुवाइबाट असन्तुष्ट भएर उच्च ओहोदामा बसेकाहरूले काङ्ग्रेसलाई आफ्नो अधिकारमा रहेका हातहतियार र सेना सम्पूर्ण बुझाई आफ्नो पनि रक्षा गर्ने जिम्मा दिँदै आफूलाई पनि सुम्पिए।[१२]

---

११. राणाबाट प्राप्त जानकारी।

१२. समीना गौतम, विभिन्न कोणबाट सेतोबाघको विश्लेषण र मूल्याङ्कन, शोधपत्र (अप्रकाशित), त्रि.वि.वि., २०५७, पृ. ५४।

चारैतिरबाट राणाविरोधी आवाज गुन्जियो । त्यसबेलासम्म नेपाली जनता पनि चेतनशील भइसकेका थिए । डायमनशमशेर राणाको सहभागिताले गर्दा नेपाली जनताहरू अझ बढी उत्साहित भएका थिए । एकातिर नेपाली जनता उत्साहित भएर राणाविरुद्ध पाइला चाल्दै थिए भने अर्कातिर राणासरकार त्यसबेला भयभीत पनि भएको देखिन्थ्यो । राणावंशविरोधी अभियानमा उपन्यासकार राणाको सहभागिताले जनतालाई सघाउ पुऱ्यायो भने राणाशाहीलाई क्षति पनि पुऱ्यायो । यसै क्रममा उपन्यासकार राणा भन्छन्–

"मेरै कारणले मात्र राणाशाही समाप्त त भएको होइन तर मलाई लाग्छ राणाशाही खत्तम गर्न मेरो पनि महत्त्वपूर्ण भूमिका रहेको छ ।"[१३]

उपन्यासकार राणाको यो कथन सत्य देखिन्छ । अकस्मात् प्रजातान्त्रिक आन्दोलन सफल भएपछि उपन्यासकार राणा स्वतःचर्चित त हुने नै भए तर पनि प्रजातन्त्रपछि बनेको संयुक्त सरकारमा मोहनशमशेर प्रधानमन्त्री र रक्षामन्त्री बनेकाले डायमनशमशेरमाथि उनको कडा दृष्टिपात थियो । पहिलाको कर्णेल पदमा नियुक्तिको सम्भावना कम थियो । पछि श्री ५ त्रिभुवनबाट तत्कालीन रक्षादल र सेनाको काटाकाटको अराजक स्थिति साम्य पार्न उनलाई जङ्गी अड्डाको अफिसर बनाइयो । कमान्डर इनचिफभन्दा पनि महत्त्वपूर्ण रहेको सो पदमा राजासँग सीधै सम्पर्क गरी कुरा गर्न सक्ने प्रावधान थियो । राजाले दिएको यस जिम्मेवारीलाई पूर्ण रूपले बहन गर्दै उपन्यासकार राणाले पहिलेका श्री ३ को निगरानीमा चल्ने सेनालाई राजाको मातहतमा बनाई आफ्नो कार्य समाप्त गरेर सेनाको जागिरबाट अवकाश लिए । केही समयको विश्रामपश्चात् पुनः उनी राजनीतिमा सक्रिय हुन पुगे । त्यसबखत उनलाई नेपाली काङ्ग्रेस जिल्ला कार्यसमिति पाटनको सभापति बनाइयो ।[१४]

विश्वेश्वरप्रसाद कोइरालाको समकक्षमा रहेर राजनीतिमा सक्रिय रहेका डायमनशमशेर राणा बी.पी. लाई नै आफ्नो पथप्रदर्शक मान्दै भन्छन्–

---

१३. स्वयं उपन्यासकार राणासँगको कुराकानीबाट ।

१४. पूर्ववत् ।

'बी.पी. ले त भगवान् कृष्णले अर्जुनलाई विराट् रूप देखाएजस्तै मलाई राजनीतिमा होमिदिनुभयो ।'[१५]

महात्मा गान्धी, नेहरू, माउत्सेतुङ, होचिमिन्ह आदिजस्ता त्यागी राजनीतिक व्यक्तिबाट प्रभावित भएका उपन्यासकार राणा राजनीतिमा एकप्रकारले त्यागी देखिन्छन् । त्यसै त्याग, समर्पण भावनाले र नि:स्वार्थ कार्यप्रणालीले आफ्नो घर बनाउनुभन्दा देशको अवस्था सुधार्न उनी सक्रिय भए ।

वि.सं. २०१५ सालको आमनिर्वाचनपछि काङ्ग्रेसको एकमना सरकार गठन भएको बेलामा उपन्यासकार राणा 'डेभलप्मेन्ट बोर्ड' का सक्रिय सदस्य बनेका थिए । देशविकासको कार्यमा लागे तापनि पञ्चायती व्यवस्था सुरु हुनेबित्तिकै उनी पक्राउ परे र अरू साथीहरूसँगै नख्खू जेलमा थुनिए । फलत: देशनिर्माण कार्य केही समयका लागि धराशयी बन्न पुग्यो । तर, जेलमा पनि उनी त्यसै बसेनन् । 'जहाँ इच्छा त्यहाँ उपाय' भन्ने उखानलाई चरितार्थ पार्ने क्रममा डायमनशमशेर राणाले जेलमा बसेका कैदीहरूलाई इतिहास पढाउन थाले । जसबाट राष्ट्रिय विभूतिहरूबाट प्रेरणा पाएर देशका लागि केही गर्ने साहस बढोस् भन्ने उनको चाहना र उद्देश्य थियो । कैदीहरूलाई पढाउनको साथसाथै जेलजीवन भोगिरहेकै अवस्थामा डायमनशमशेरले साहित्य लेखनकार्य पनि सुरु गरे । नख्खूको ६ वर्षको लामो जेल जीवनपछि २०२२ सालमा उनी रिहा गरिए । उपन्यासकार राणा संसदीय व्यवस्थाका पक्षधर भएकाले उनले यस व्यवस्थाप्रतिको लगावलाई आफ्ना औपन्यासिक कृतिमार्फत् व्यक्त गरेका छन् । वास्तवमा भन्ने हो भने उपन्यासकार राणा प्रजातन्त्रका विशिष्ट अनुयायी एवं पुजारी हुन् । उनको प्रजातान्त्रिक सपना फलिभूत भयो भएन त्यो आफ्नो ठाउँमा होला तर वास्तवमा नेपालको प्रजातान्त्रिक राजनीतिमा राणशासनदेखि नै सहभागी भएका डायमनशमशेर राणा अहिले पनि प्रजातन्त्रप्रति विश्वास राख्छन् र प्रत्यक्ष रूपमा उनको संलग्नता राजनीतिमा नदेखिए पनि बेलाबेलामा लेखकहरूका तर्फबाट सरकारलाई घचघच्याउन जुलुसमा सहभागी हुने र धर्ना दिने कार्यमा भने उनी समयसमयमा लागिपरेका देखिन्छन् । साथै

---

१५. पूर्ववत् ।

राजनीतिमा चासो राखेर पनि उनको साहित्ययात्रामा अवरोध आएको देखिँदैन । राणाशासनताका राणाविरोधी अभियानमा लागेर पनि साहित्यसाधनामा समर्पित थिए । २०४६ सालपछिको खुला वातावरणमा प्रतिभाको कदर भयो भएन, प्रजातान्त्रिक मूल्य र मान्यताअनुसार नियम-कानुनको परिधिमा रही साहित्यकारहरूको व्यक्तित्वको सही मूल्याङ्कन भयो कि भएन त्यो आफ्नो ठाउँमा छ । तर, डायमनशमशेर राणा राणाकालदेखि नै अहिलेसम्म निरन्तर रूपमा खासगरी उपन्यासको साधना गरिरहेका छन् । वर्तमान वृद्धावस्थामा उनको लेखनी केही शिथिल भएको पाइए पनि शरीर र मन स्वस्थ भएको अवस्थामा अझै पनि केही न केही सिर्जना गरिरहन्छन् । नेपाली भाषा र साहित्यको इतिहासमा केही न केही अभिव्यक्ति अझ पनि प्रस्तुत गरिरहन्छन् । वर्तमान पुस्ताले डायमनशमशेर राणाबाट साहस, त्याग र समर्पण भावलाई प्रेरणाका रूपमा ग्रहण गर्न सक्छन् ।

यसप्रकार एउटा राणापरिवारमा सुखसयलपूर्वक हुर्किएर पनि देशकै हितका निम्ति समर्पित डायमनशमशेर राणा डटेर क्रान्ति-अभियानमा लागिपरेका थिए । क्रान्तिकै सिलसिलामा पटक-पटक प्रहरी हिरासत र कारावासमा परेका राणा वि.सं. २००७ देखि २०१७ सम्म पूर्णरूपले राजनीतिक कार्यमा सक्रिय भई कार्यकर्ताको रूपमा देखापरेका थिए । यसरी वि.सं. २००७ देखि २०१७ सम्मको राजनीतिक वातावरणमा पूर्ण रूपले उनी राजनीतिमै संलग्न रहेको देखिन्छ । आफ्नो पूरै जीवनलाई राजनीतिमा आहूति दिने राणा देश र नरेशको सम्मान गर्दछन् । यसै क्रममा 'वीरेन्द्रस्मृतिग्रन्थमा' पनि उनी आफ्नो मन्तव्य यसप्रकार प्रकट गर्दछन्–

"म राजतन्त्रमाथि आस्था राख्दछु । स्वर्गवासी श्री ५ वीरेन्द्रप्रति मेरो गहिरो श्रद्धा थियो । श्री ५ त्रिभुवननिकट रहेर मैले जति काम गर्न पाएँ, त्यति निकटताको अवसर त महेन्द्र र वीरेन्द्रसँग पाएको होइन तैपनि श्री ५ वीरेन्द्रको शासनको तीन दशक लामो कालखण्डलाई मैले राम्ररी नियालेको छु । यस आधारमा मैले मौसुफलाई एक आदर्शको रूपमा पाएको छु ।"[१६]

---

१६. *वीरेन्द्र स्मृति ग्रन्थ, (सम्पा.) युवराज, नेपाल कला प्रतिष्ठान, काठमाडौँ, २०५८, पृ. ८४ ।*

'बसन्ती' उपन्यास

कथावस्तुविधान

नेपालको इतिहासमा कोतपर्वलाई एउटा भयानक षड्यन्त्रको रूपमा लिने गरिएको छ । यही कोतपर्वको पूर्वसन्ध्याको विषयवस्तु समेटेर 'बसन्ती' उपन्यास लेखिएको हो । विशेष गरी ऐतिहासिक र सामाजिक विषयवस्तुमा आधारित भए पनि प्रस्तुत 'बसन्ती' उपन्यास मूलत: ऐतिहासिक धरातलमै उभिएको पाइन्छ ।

गङ्गे (गगनसिंह) र मिठु (बसन्ती) को प्रेमकथालाई आधार बनाएर उपन्यासकारले ऐतिहासिक घटनाक्रमको जालो बुनेका छन् । काल्पनिक र ऐतिहासिक कथा-उपकथा जोडेर संरचना गरिएको बसन्ती उपन्यास दुई सय बीस पृष्ठ र सत्ताइस परिच्छेदमा विभाजन गरिएको छ। 'बसन्ती' उपन्यास नेपाली साहित्यमा लेखिएका महत्त्वपूर्ण ऐतिहासिक उपन्यासहरूमध्ये उत्कृष्ट उपन्यास हो । यसले निम्नवर्ग र अभिजात्य वर्गको जीवनकथालाई ग्रहण गरेको छ । साथै, नेपालको राणाशासन र त्यसबेलाको शासकवर्गको प्रतिनिधित्व गर्दै दरबारिया षड्यन्त्रको भण्डाफोर गरेको छ ।

पुल्चोकको पाटीमा गङ्गे र मिठुको भेट भएको घटनाबाट उपन्यासकारले उपन्यासको कथावस्तु सुरु गरेका छन्। मिठु बालविवाहिता नारी हो भने गङ्गे दरबारमा एउटा काम गर्ने कर्मचारी हो । ती दुवैको पुल्चोकको पाटीमा भेट भएपछि प्रेमको बीज अङ्कुरित हुन्छ । पछि भेट्ने वाचा गरी दुवै जना छुट्टिन्छन् ।

मिठुको बुबा ज्ञानबहादुरसँग गङ्गेको टाढाको फुपाजु साइनो पर्छ । उसलाई भेटेर गङ्गे मिठुको घर पुग्छ । त्यहाँ मिठु र गङ्गेको प्रेम मौलाउँदै जान्छ । अन्त्यमा गङ्गेसँगै दरबार पस्ने निधो बसन्तीले गर्दछे । फलत: लोग्नेले डम्बरे दाजुमा र ससुराले बाबुमा सही हाल्छन् । डम्बरेसँग घर नगईकन दरबार पसेर मिठु अब बसन्तीमा परिणत हुन्छे भने गङ्गे काजी भएर गगनसिंह बन्दछ ।

यता दरबारमा राजेन्द्रवीरविक्रम शाहको राजकाजमा शिथिलता देखिन्छ । दुवै रानी साम्राज्यलक्ष्मी र लक्ष्मीदेवीबीच सत्तासङ्घर्ष हुन

थाल्छ । जेठा राजकुमार सुरेन्द्रलाई युवराजकुमार नबनाई आफ्नो छोरा रणेन्द्रलाई युवराज घोषित गर्ने अभिलाषा लक्ष्मीदेवीको हुन्छ । यसैक्रममा दरबारमा रातारात प्रधानमन्त्री बन्ने कार्य सुरु हुन्छ । त्यसक्रममा गगनसिंह मन्त्री बन्दछ । माथवरसिंह, फत्तेजङ्ग सिंहजस्ता राष्ट्रसेवकको निर्मम हत्या हुन्छ, परन्तु रणेन्द्रलाई युवराज बनाउने इच्छा केवल इच्छामै सीमित रहन्छ । लक्ष्मीदेवी दिनप्रतिदिन हिंस्रक बन्दै गएकी हुन्छिन् । एकपटक सर्वस्वहरण भएर फेरि नेपाल आएका जङ्गबहादुर गगनसिंहको सामीप्यमा आउन थाल्दछन् । आफूभित्र सुषुप्त अवस्थामा रहेको सत्तामोहलाई गगनसिंहमार्फत उजागर गर्न उनी प्रयत्नशील देखिन्छन् ।

उता गगनसिंहले वसन्तवागमा लुकाएकी बसन्ती पानीबिनाको माछाजस्तै भएर छटपटाउन थाल्छे । ऊ गगनसिंहको पर्खाइमा दिन बिताउन थाल्छे । डम्बरले आफ्नी स्वास्नी भगाएको मुद्दा जङ्गबहादुरको नाममा हाल्छ । फलतः जङ्गबहादुरले बसन्तीलाई दरबारमा हाजिर गराउनुपर्ने हुन्छ । जङ्गबहादुरकी स्वास्नी बनेर दरबार जाने कुरा बसन्तीलाई सह्य हुँदैन, मान्दिन । त्यसै बखत सिलाडेले बसन्तीलाई विष खुवाएर मार्ने प्रयास गर्छ तर यस घटनाबाट बसन्ती मर्दिन । रातारात बसन्ती काठमाडौँ आइपुग्छे । सत्तलमा महारानी र बसन्तीको भेट हुन्छ । आफू आएको कारणको भेद खुल्ला भन्ने डरले अरू कुरा गोप्य राखी गगनसिंहसँग भेट्ने भन्ने बिन्ती गर्दछे । यो कुरा सुनी महारानी क्रोधित हुन्छिन् किनभने उनी पनि गगनसिंहप्रति भित्रभित्रै आशक्त थिइन् । परिस्थितिलाई अनुकूल बनाउन बसन्ती बहुलाएकी अभिनय गर्दछे । उसलाई औषधि गर्न दाखलचोक चलान गरिन्छ । आफ्नो कुकृत्यलाई ढाकछोप गर्न सिलाडे बसन्तीको विरुद्ध षड्यन्त्र रच्दछ । बसन्तीविरुद्ध गगनसिंहलाई कुरा लगाउँछ र आफू साखुल्ले बन्दछ । बसन्तीलाई मार्नका लागि स्वयं गगनसिंह सिलाडेलाई आज्ञा दिन्छ र फेरि वसन्तबागमा बसन्तीलाई पठाइन्छ । त्यसपछि सिलाडेले बसन्तीको हत्या गर्न खोज्दा स्वास्नीकै हत्या गर्दछ । अन्त्यमा सिलाडेको क्रूर व्यवहार थाहा पाएर पछुताउँदै गगनसिंह वसन्तवाग आउँछ, तर त्यो बेलासम्म बसन्ती भागिसकेकी हुन्छे । बसन्ती र आफ्नो प्रेमको अवरोध ठानी गगनसिंह महारानीसँग

समेत बदला लिन तम्सन्छ । असहाय बसन्ती च्यामिनीको भेषमा गगनसिंहको घरको आँगनमा आइपुग्दा गोली पड्केको आवाज आउँछ । पूजा गर्न लाग्दा गगनसिंहको मृत्यु हुन्छ । यो कुरा बसन्तीले थाहा पाउँछे अनि ऊ पनि जङ्गलमा गएर आत्महत्या गर्दछे । यसरी दुःखान्त स्थितिमा परिणत भएर 'बसन्ती' उपन्यासको कथावस्तु अन्त्य हुन्छ ।

प्रस्तुत उपन्यासमा घटनाक्रम एकपछि अर्को गरेर सलल बगेको छ । त्यसैले प्रस्तुत उपन्यासलाई 'घटनाप्रधान उपन्यास' का रूपमा लिन सकिन्छ । प्रस्तुत 'बसन्ती' उपन्यासकी प्रमुख पात्र हो र उसैको वरिपरि मियोमा गोरु घुमेझैँ कथानक घुमेको देखिन्छ । सुरुदेखि अन्त्यसम्मको घटनावली बसन्तीमै केन्द्रित छ। यहाँ उपन्यासकार स्वयं द्रष्टा भएर उपन्यासको समाख्याताका रूपमा देखापरेका छन् । वर्णनात्मक शैलीमा कथावस्तु प्रस्तुत भएको हुँदा उपन्यासमा कुतूहलताको संवरण पूर्णतः भएको देखिन्छ ।

बसन्ती र गगनसिंहको प्रेमगाथालाई समेटेर उपन्यासकारले ऐतिहासिक घटनाहरूको संयोजन गरेका छन् । १८८५ सालतिरको राजनीतिक अस्थिरता, सत्ता खिचातानी र शक्तिसङ्घर्षले गर्दा कस्तो स्थिति सिर्जना भएको थियो भन्ने कुराको वर्णन बसन्ती उपन्यासले गरेको छ । उपन्यासमा कथावस्तुको संरचना आदि, मध्य र अन्त्य गरी तीन भागमा सङ्गठित भएको छ । बसन्ती र गगनसिंहको पुल्चोकमा प्रथमपटक भेट हुनु कथाको आदि भाग हो, जहाँबाट कथानक अघि बढेको छ। कथानकको विकासावस्थामा जब बसन्तीको घरमा गगनसिंह बस्दछ, त्यतिखेरको एकान्त क्षणलाई मानिन्छ भने जब बसन्ती गगनसिंहको प्रेममा चुर्लम्म डुबेर दरबार पस्दछे त्यतिखेर उपन्यासमा प्रेमको चरमोत्कर्ष पार गर्दछ र कथानकको विकासावस्थाको उत्कर्षबिन्दु देखिन्छ । महारानीले बसन्तीलाई दरबारमा बोलाउनु, बसन्ती खुला रूपमा आउन नसक्नु वा नमान्नु तथा गगनसिंहले आफ्नो र बसन्तीको यथार्थ कुरा महारानीसमक्ष भन्न नसक्नुलाई अन्त्य अवस्था मान्न सकिन्छ ।

कथावस्तुमा हुनुपर्ने एउटा गुण रोचकता हो । बसन्ती उपन्यासको घटनावली एकपछि अर्को घट्दै जाँदा बढी रोचक बनेको

छ । त्यसैले प्रभावशाली पनि बनेको देखिन्छ । यसमा सहज एवं स्वाभाविक ढङ्गबाट कथानकको निकास गराइएको छ । सामाजिक एवं ऐतिहासिक धरातलबाट केही माथि उठेर 'बसन्ती' उपन्यासले मनोवैज्ञानिक धरातलसम्म पुग्ने जमर्को पनि गरेको देखिन्छ । बसन्तीको मनभित्रका आन्तरिक द्वन्द्व प्रस्तुत उपन्यासको आरम्भ बिन्दु हो । गगनसिंहको प्रेमलाई स्वीकार गर्ने या नगर्ने भन्ने कुरा कथानकको सुरुवात हो । त्यस्तै, बसन्तीभित्रका मानसिक द्वन्द्वले दरबारभित्र घटेका सङ्घर्ष र बाह्य द्वन्द्वले प्रस्तुत उपन्यासको कथावस्तु सजीव र गतिशील भएको देखिन्छ । बीचबीचमा दरबारभित्रका घटनाले तत्कालीन ऐतिहासिक राजनीतिक स्थितिको बोध गराएको छ ।

उपन्यासकारले उपन्यासमा प्रस्तुत घटनालाई कतैकतै बढी काल्पनिकताको रङ भर्दा घटना अस्वाभाविक बनेको पनि नपाइने होइन । जस्तै– रानीले पशुपति सत्तलमा बसन्तीलाई मूर्ति ठान्नु, सिलाङेले आफ्नी स्वास्नीलाई नचिन्नु र मार्नु, एकै रातमा उज्यालो नहुँदै वसन्तवागबाट पशुपतिमा आइपुग्नु, गगनसिंहले ढोका खोल्दा सिलाङे र उसकी छोरीको मृत्यु हुनु, चिट्ठी दिन गएकी बूढीको पत्तो नहुनुजस्ता घटनाले उपन्यासको रोचकताका लागि अनुकूल देखिए तापनि ऐतिहासिकतालाई भने अवश्य नै नोक्सान पारेको छ । ऐतिहासिक उपन्यासको स्तर उपन्यासकार स्वयंले घटाएका छन् ।

यसरी प्रस्तुत उपन्यासमा त्रिकोणात्मक प्रेमबन्धनमा परेर लक्ष्मीदेवी, बसन्ती र गगनसिंह सजीव पात्र बनेका छन् । यिनकै वरिपरि कथानकले फन्को मारेको छ । 'ऐतिहासिक नाटकमा जुन पूर्वगृहीत हुन्छ, नायकको मिलन, ऐतिहासिक नाटकमा जुन विस्तारै उद्घाटित र क्रमशः विकसित हुँदै जान्छ ।'[१]

यसरी उपन्यासकारले प्रस्तुत उपन्यासलाई एउटा दुःखान्त उपन्यासका रूपमा खडा गर्दै एउटी विवाहिता स्त्रीले आफ्नो लोग्ने

---

१. *इन्द्रबहादुर राई, उपन्यासका आधारहरू, ललितपुर, साझा प्रकाशन, २०५०, पृ. ११२ ।*

छाडेर परपुरुषसँग अनैतिक सम्बन्ध गाँस्ता कस्तो परिणाम निस्कन्छ भन्ने कुराको बोध गराएका छन् । उपन्यासलाई दु:खान्त पारेर पश्चिमी शैलीलाई नेपाली उपन्यासमा भित्र्याएका छन् ।

चरित्रविधान र चरित्रचित्रण

उपन्यासको प्रमुख तत्त्वहरूमध्ये चरित्रविधान र चरित्रचित्रण पनि एक महत्त्वपूर्ण तत्त्व हो जसको अभावमा उपन्यासको संरचना अपाङ्ग हुन्छ । कथावस्तुलाई गतिशील एवं सजीव तुल्याउने काम चरित्रको कार्यव्यापारले गर्दछ। प्रस्तुत उपन्यास सामाजिक विषयवस्तुलाई कथावस्तुका रूपमा चयन गरेको देखिन्छ र त्यसलाई गतिशीलता दिने कार्य गङ्गे (गगनसिंह), मिठु (बसन्ती), महारानी (लक्ष्मीदेवी) आदि प्रमुख पात्रले गरेको देखिन्छ भने सहायक पात्रका रूपमा गहन भूमिका खेल्नेहरूमध्ये जङ्गबहादुर, सिलाङे, बूढीआमै, डम्बरेजस्ता पात्रहरूको पनि चयन गरिएको छ। प्रस्तुत उपन्यासमा वर्गीय दृष्टिकोणले चित्रण गर्दा उच्च वर्गको रूपमा महारानी र राजेन्द्रलाई लिन सकिन्छ भने निम्न वर्गका रूपमा बसन्ती, गङ्गे र सिलाङे आदिलाई लिइन्छ। त्यस्तै, गतिशील पात्रका रूपमा महारानी, गगनसिंह र बसन्तीलाई चित्रण गर्न सकिन्छ भने माथवर सिंह थापा र जङ्गबहादुरलाई स्थिर पात्रका रूपमा चित्रण गर्न सकिन्छ। 'बसन्ती' उपन्यास ऐतिहासिक उपन्यास भएकाले यसमा समावेश गरिएका पात्रहरू पनि ऐतिहासिक नै छन् । यस उपन्यासमा प्रस्तुत पात्रमध्ये केही पात्रले प्रत्यक्ष रूपमा कार्य गरेका छन् भने केही पात्रहरूले भने अप्रत्यक्ष रूपमा कार्य गरेको देखिन्छ । यस क्रममा बसन्ती उपन्यासमा प्रस्तुत गरिएका प्रमुख पात्रहरूको चरित्रचित्रण गर्नु आवश्यक देखिन्छ ।

बसन्ती

बसन्ती उपन्यासकी प्रमुख स्त्री पात्र हो । ऊ प्रमुख नायिका र केन्द्रीय पात्रका रूपमा पनि उभिएकी छ। गतिशील पात्रका रूपमा पनि बसन्तीलाई नै लिन सकिन्छ। ऊ एउटी विवाहिता स्त्री भएर पनि दोस्रो व्यक्ति (गङ्गे) को प्रेमिका भएर बसेकी छ। प्रस्तुत उपन्यासको घटनाक्रम बसन्तीकै केन्द्रीयतामा अगाडि बढेको छ। कथावस्तुको सुरु

र अन्त्य पनि उपन्यासकारले बसन्तीबाट नै गराएका छन् । गङ्गेसित भेट हुनु अगाडि र पछाडिका बसन्तीका सम्पूर्ण क्रियाकलापहरू दुई विपरीत ध्रुवझैँ देखिन्छन् ।

प्रस्तुत उपन्यासमा ऐतिहासिक सत्यतथ्य घटनाको परिबन्दमा पारेर एउटा काल्पनिक पात्रको रूपमा लेखकले बसन्तीलाई उभ्याएका छन् । गाउँकी एउटी सोझी तरुणी केटी सामाजिक मूल्य र मान्यताप्रति ख्याल गर्ने मिठु गङ्गेसँग पुल्चोकको पाटीमा भेट भएदेखि दुश्चरित्रकी नारीका रूपमा देखापर्दछे । आफ्नो लोग्ने डम्बरे हुँदाहुँदै पनि परपुरुष गङ्गेसँग सल्कने व्यभिचारिणी नारीका रूपमा पनि ऊ देखिन्छे भने प्रेमलाई उच्च ठानेर गगनसिंहकी प्रेमिका भएर जीवन गुजार्ने अभिलाषा राख्छे । आफ्नो लोग्ने छोडेर यौनतृप्तिका निम्ति पर-पुरुषसँग अनुरक्त हुन्छे । त्यसैले उसलाई असत्पात्रका रूपमा पनि चित्रण गर्न सकिन्छ । ऊ आफ्नो वैदिक विधिद्वारा विवाह सम्पन्न गरेको लोग्नेलाई मूर्ख र नराम्रो ठान्ने एउटी खराब चरित्रकी नारी बन्न पुग्छे । यति हुँदाहुँदै पनि प्रेमलाई महत्त्व दिने र प्रेमलाई उच्चता प्रदान गर्ने ऊ एक साहसिक नारीका रूपमा पनि प्रस्तुत भएकी छे । सिलाङेको कुकृत्यबाट बच्न र त्यसको भण्डाफोर गर्न वसन्तवागदेखि एक्लै रातको समयमा जङ्गलको बाटो हुँदै काठमाडौँ आइपुग्छे । ऊ एक चतुर नारीका रूपमा पनि चित्रित छे । पशुपतिको सत्तलमा महारानीले कुरा गर्दा आफ्नो प्रेमी गगनसिंहलाई अवगाल पर्छ भनेर पागलको अभिनय पनि गरेकी छ । सभ्य एवं तार्किक तरिकाले उत्तर दिने र इतिहाससम्बन्धी कुरा पढ्न चासो दिने हुनाले बसन्ती एउटी गाउँले बालिकामात्र नभई बौद्धिक पात्रका रूपमा रहेकी छ । स्वयं उपन्यासकार राणा बसन्तीका बारेमा चर्चा गर्दै भन्छन्–

"बसन्ती इतिहास खोजी-खोजी पढ्थी, चाख मानेर सुन्थी, बाल्यावस्थादेखि नै पुराना कुरा सुन्नमा ऊ खूब अग्रसर हुन्थी । नेपालको राजकाजको विषयमा पनि उसको गहिरो अध्ययन थियो ।[२]

---

२. *डायमनशमशेर राणा, बसन्ती उपन्यास, (सा.सं.), रत्नपुस्तक भण्डार, काठमाडौँ, २०४४, पृ. ६१ ।*

त्यस्तै, फत्तेजङ्ग र अभिमानसिंहलाई समेत देशमा विद्यमान राजनीतिक र आर्थिक समस्याको मूल चुरो पहिचान गराउन[३] सक्ने कुशल र सफल अभिनेत्रीको रूपमा देखापरेकी छे । ककनीको वसन्तवागजस्तो एकान्तस्थलमा एक्लै बन्दीको जस्तो जीवन बिताउन बाध्य भएर पनि खुसीसाथ गगनसिंहको पर्खाइमा बस्ने सच्चा प्रेमिकाको रूपमा बसन्ती देखिन्छे । उसलाई यहाँ प्रेमलाई सुन्दर र सुमधुर भाषामा परिभाषित गर्ने कुशल प्रेमिकाको रूपमा पनि प्रस्तुत गरिएको छ ।

'मिठु पनि मुस्काई तर त्यो मुस्कानमा सङ्कोच थियो, लाज र डर थियो । अनि थियो आत्मसमर्पणको मायालाग्दो इशारा ।'[४]

बसन्तीमा भएको रूप र जवानीले गर्दा गङ्गे मोहित भएको छ । त्यसैले उपन्यासकारले प्रस्तुत उपन्यासको शीर्षक राख्दा धेरै नै चतुर्‍याइँ देखाएको देखिन्छ । बसन्ती अभिधामूलक अर्थमा फिका, पहेँलो र एउटी स्त्रीपात्रको नाम हुन्छ भने लाक्षणिक अर्थमा कामोत्पादक स्त्री वा रतिरागिनीका रूपमा लिन सकिन्छ । रूप र सौन्दर्यले भरिएकी कामिनीको प्रतीकका रूपमा बसन्ती उभिन्छे । रूप र यौवनले परिपूर्ण भएकी बसन्तीको प्रशंसा स्वयं उपन्यासकारले पनि गरेका छन्–

उही पातलो शरीर !
उही हिस्सी ! !
उही कलकलाउँदी युवती[५]

बसन्तीका बारेमा इन्द्रबहादुर राई भन्छन्–

"एउटा काल्पनिक पात्र बसन्ती लेखकले सिर्जनुभएको छ– गाउँकी एक पखिनी युवती दरबार पसेकी सौन्दर्य र लावण्यले गगनसिंहकी सुबा (प्रेयसी) भएकी छ ।'[६]

---

३. *बसन्ती, पूर्ववत्, पृ. १८० ।*
४. *बसन्ती, पूर्ववत्, पृ. १६ ।*
५. *पूर्ववत्, पृ. १० ।*
६. *इन्द्रबहादुर, राई, नेपाली उपन्यासका आधारहरू, साझा प्रकाशन, ललितपुर, २०५०, पृ. ८८ ।*

यसरी प्रस्तुत उपन्यासकी नायिका बसन्तीलाई उपन्यासकारले प्रेमकी प्रतिमूर्तिका रूपमा उभ्याएका छन् । बसन्तीमार्फत समाजमा बालविवाहप्रति विरोध गरेका छन् । साथै, समाजमा विद्यमान पुराना संस्कारलाई आधुनिकतामा ढाल्ने जमर्को पनि बसन्तीद्वारा गराएका छन् । नायिका बसन्ती अतृप्त कामवासनाको सिकार हुनपुगेकी छ । आफ्नो लोग्ने फर्केर आउँछ भन्ने थाहा हुँदाहुँदै पनि गङ्गेसँग अनैतिक सम्बन्ध गाँस्ने फेरि वसन्तवागमा डम्बरेसित भेट हुँदा उसलाई गाली गरी गगनसिंहकै पक्ष लिनु, बाबु जेल परेको सुन्दा पनि माइत नआउनु आदि कुराले दमित कामेच्छाको सिकार भएकी बसन्ती गगनसिंहलाई देवता मानेर डम्बरेलाई राक्षस मान्दछे । त्यसैले बसन्ती यौनकुण्ठाले ग्रसित देखिन्छे ।

गगनसिंह

गगनसिंह 'बसन्ती' उपन्यासको प्रमुख पुरुष पात्र हो । त्यसैले ऊ नायक पनि हो । निम्नवर्गमा जन्म भए तापनि उच्चकुलीन राजखानदानमा उसको कार्यव्यापार रहेको छ । पद अथवा ओहोदाले गर्दा ऊ नेपालको उच चपदमा आसीन छ । प्रधानमन्त्रीजस्तो उच्च पदमा रहेर पनि ऊ एउटी गाउँकी केटीको रूप र लावण्यमा मोहित भएको देखिन्छ । बसन्तीको प्रेममा ऊ पागल भएको छ । उसलाई पागलप्रेमी भन्दा पनि सायद फरक पर्दैन । गङ्गेबाट गगनसिंह हुँदै काजी बन्न पुगेको, ऊ मेहनती एवं गतिशील पात्र हो । उसलाई न्यायगरी भन्दा ऊ एउटा भावुक प्रेमी, इमानदार भारदार र आफ्नो कामका लागि मरिमेट्ने एउटा कर्तव्यशील व्यक्ति हो । यी सबै गुण भए तापनि गगनसिंहले आफ्नो नैतिक मूल्य र सामाजिक मान्यतालाई अवहेलना गरेको छ । आफ्नै साथीकी स्वास्नी भन्ने थाहा पाउँदापाउँदै बसन्तीमाथि आसक्त हुने कामुक (स्त्रीलम्पट) पुरुषका रूपमा पनि ऊ देखिएको छ । बसन्तीको मृत्युको खबर सुनेर विदेशतिर पलायन हुन खोज्ने र सत्ताप्राप्तिका लागि रानीसँग बदला लिन खोज्ने विद्रोही र पलायनवादीका रूपमा पनि गगनसिंहलाई नै चित्रण गर्न सकिन्छ । त्यसैले हरिशरण शर्माले पनि उसको चरित्रमाथि यसरी दाबी गर्दै भनेका छन्–

"असत्य र अन्यायका अगाडि पनि थर्‌थर काँप्ने, हत्यारा, षड्यन्त्रकारी, चाप्लुसी, काजी र भारदार, आफ्नै साथीकी स्वास्नीलाई हरण गर्ने र आफ्नी प्रेयसीलाई अरूकी स्वास्नी भन्ने दाबी गराएर बस्ने अनैतिक, कामुक र स्वार्थप्रेममा अन्धो भएर राजद्रोह गर्न खोज्ने, देशलाई खाडलमा खसाल्न खोज्ने र विदेश भाग्न खोज्ने पलायनवादी[७] नायकको रूपमा रहेको छ ।"

प्रस्तुत उपन्यासमा गगनसिंह गतिशील पात्रको रूपमा चित्रित छ । सुरुमा बसन्तीलाई धेरै माया गर्ने तर अन्त्यमा मार्नसमेत आज्ञा दिन तम्सने निष्ठुर प्रेमीका रूपमा पनि रहेको छ । सम्पूर्ण घटनाक्रम गगनसिंह वरिपरि घुमेको छ तैपनि ऊ आफ्नो नोकर सिलाडेको जालमा पर्ने कमजोर पात्रका रूपमा देखिन्छ । आफ्नी प्रेमिकाको निम्ति गाथगादीसमेत ताक्न पछि नपर्ने एउटा पागलप्रेमीको रूपमा पनि गगनसिंह रहेको छ ।

यस उपन्यासमा नायक गगनसिंहको चरित्र धेरै रिसाहा, शङ्कालु, ईर्ष्यालु र असहिष्णु देखाइएको छ । बसन्तीको मृत्युमा महारानीलाई समेत मार्ने आँट गर्ने गगनसिंह आफ्नै चारित्रिक कमजोरीले गर्दा आत्महत्या गर्नसम्म तत्पर हुन्छ ।[८]

प्रेमका लागि विदेशतिर पलायन हुन खोज्नु, सत्ता हत्याउन खोज्नु, रानीसँग विद्रोह गर्न खोज्नु साथै बसन्तीका लागि आत्महत्या गर्नसमेत तत्पर हुनुजस्ता घटना उसको चरित्रको भावुकता र महत्त्वाकाङ्क्षाका द्योतक हुन् । बसन्तीलाई आफूलाई भन्दा बढी माया गर्ने गगनसिंह रानीदेखि डराउने र रानीको आन्तरिक प्रेमलाई त्याग्न नसक्ने कायर प्रेमी पनि हो । गगनसिंह भन्छ–

"भैगो बसन्ती ! यो हाम्रो बहुमूल्य समयलाई खेर नफालौँ, मलाई जान देऊ । थोरै दिनमा धेरै काम गर्न आँटेको छु । म बचाउर हित भएर तिमीलाई पत्नीको हैसियतले महारानीकहाँ लान सक्तिनँ ।"[९]

---

७. *हरिशरण शर्मा, डायमनशमशेर राणाको बसन्ती या बेइमानी ?, जनप्रिय पुस्तकालय, भक्तपुर, २०३७, पृ. १ ।*

८. *कुसुम शर्मा, उपन्यासकार डायमनशमशेरको जीवनी, व्यक्तित्व र कृतिको विश्लेषण, शोधग्रन्थ (अप्रकाशित), त्रि.वि.वि., केन्द्रीय विभाग, २०४२, पृ. ५१ ।*

९. *बसन्ती, पूर्ववत्, पृ. १४९ ।*

काजीजस्तो शक्तिसम्मन्न पदमा आसीन व्यक्तिले पनि प्रेमिकाको विरहमा तड्पेर राष्ट्रिय महत्त्वको विषयको बेवास्ता[१०] गरेकाले ऊ सच्चा देशभक्त पनि हुन सकेको छैन। वास्तवमा उपन्यास वियोगान्त हुनुमा पनि गगनसिंहको शङ्कालु दृष्टि, पलायनवादी र स्वार्थी प्रवृत्तिका चारित्रिक कमजोरीले महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ। आफ्नी प्राणभन्दा प्यारी प्रेमिकालाई एउटा नोकरको बनावटी कुरामा लागेर त्याग्नु, वास्तविकता पत्ता लगाउनुतर्फ ध्यान नदिनु, असचेतताका कारण बसन्तीलाई मार्न भनी वसन्तवाग लैजानु, बुद्धिविवेक गुमाउनु नै 'बसन्ती' उपन्यासको दुःखान्तताका कारणहरू हुन्। यिनै चारित्रिक दुर्बलताका कारणले दुःखान्त स्थिति भोग्नुपरेको हो।

जङ्गबहादुर

जङ्गबहादुर पनि यस उपन्यासको महत्त्वपूर्ण पात्रमध्येकै एक पात्र हो। उपन्यासको मध्यभागबाट अन्त्यमा आफ्नो भूमिका निर्वाह गर्ने एउटा सहनायकको रूपमा पनि ऊ देखापरेको छ। हुन त गगनसिंह प्रमुखनायक भए पनि उसको चारित्रिक विशेषताभन्दा जङ्गबहादुरको चरित्र राम्रो छ जङ्गबहादुर एक निडर बुद्धिमान्, कुलीन, देशभक्त र बहादुर व्यक्ति हो। ऊ आफ्नो देशलाई माया गर्दछ र आफ्नो संस्कृति, परम्परा र धर्मलाई आत्मसात् गर्दछ। प्रस्तुत उपन्यासमा उपन्यासकारले उपन्यासमा जङ्गबहादुरलाई यसरी बेलाएका छन्–

"यो हाम्रो देश पशुपतिको राज्य हो, धर्ममा अडेको छ, कुनै पाश्चात्य मुलुकको नक्कल गर्ने ठाउँ हैन।"[११]

"जङ्गबहादुर उच्चकुलीन परिवारको व्यक्ति हो। ऊ आफ्ना भाइहरूप्रति अगाध स्नेह गर्दछ। म भाइलाई बेलायत पठाउने थिएँ[१२] भन्दै शिक्षामा जोड दिन्छ र मान्छेको बौद्धिक विकास र देशविकासका लागि शिक्षाको आवश्यकतामाथि प्रकाश पार्दछ। कामको आँटिलो र

---

१०. पूर्ववत् पृ. २०५।

११. पूर्ववत्, पृ. ३२।

१२. पूर्ववत्, पृ. ३५।

फरासिलो व्यक्तित्वका रूपमा जङ्गबहादुरलाई चित्रित गर्न सकिन्छ । मामा माथवरसिंहलाई मारेको कार्यबाहेक उपन्यासमा अरू नराम्रो कार्य गरेको देखिँदैन । अहिले जङ्गबहादुरजस्तो भरपर्दो मानिसलाई आफ्नो पक्षमा सम्मिलित हुन आएको देखेर गगनसिंहलाई ठूलो भरोसा मिल्यो ।'[१३]

प्रस्तुत उपन्यासभित्र जङ्गबहादुरलाई विशिष्ट चरित्रको व्यक्ति भने पनि सायद फरक पर्दैन । उपन्यासभित्र उसको कुनै पनि कमजोरीलाई उपन्यासकार डायमनशमशेर राणाले देखाएका छैनन् । मामाको हत्याबाहेक अन्य सबै कार्यव्यापार देशअनुकूल र राजभक्तिले ओतप्रोत नै देखिन्छन् । जङ्गबहादुरको चित्रणले आदर्शको चरमचुली नै छोएको छ । यथार्थमै जङ्गबहादुर असामान्य व्यक्ति भएकाले उनको आदर्शलाई महत्त्व दिइयो । उपन्यासको पूरै ठाउँमा उपन्यासकारले उनलाई आदरवाची शब्द प्रयोग गराएका छन् । केवल महारानीको मुखबाट मात्र अनादर शब्द प्रयोग गरेका छन् । ऊ आफ्नो स्वार्थ पूरा गर्न गगनसिंहमार्फत दरबारमा पहुँच पुऱ्याउने दाउमा थियो । त्यसैले ऊ एक दूरदर्शी कूटनीतिज्ञ मानिन्छ। उपन्यासकारले उपन्यासको घटनाक्रममा जङ्गबहादुरको बखान गरेका छन् । उसलाई निकै सह्राएका हुनाले उपन्यासकार डायमनशमशेरको पनि जङ्गबहदुरप्रति पूर्वाग्रह छैँदै थिएन भन्न सकिन्न ।

लक्ष्मीदेवी

महारानी लक्ष्मीदेवी यस उपन्यासकी सहनायिका हुन्। नायकसँग नजिक सम्पर्कमा रहेर उपन्यासमा कार्यव्यापार गरेकी हुनाले उनको यहाँ महत्त्वपूर्ण भूमिका देखिन्छ । महारानीजस्तो उच्चस्थानमा रहेर पनि आफ्नो नोकरसँग अनैतिक सम्बन्ध गाँस्न पुग्ने दुश्चरित्रकी नारीका रूपमा उनलाई चित्रण गर्न सकिन्छ। गगनसिंह र बसन्तीबीचको प्रेममा बाधा पुऱ्याएकी हुनाले उनलाई खलनायिकाको रूपमा पनि हेर्न सकिन्छ। गगनसिंहको कुनै अर्की केटीसँग सम्बन्ध भएमा त्यस्ती केटी र गगनसिंह दुवैलाई मृत्युदण्ड दिन पछि नपर्ने उद्दण्ड व्यक्तित्वका रूपमा उनी चित्रित छन् । महारानीले गगनसिंहलाई विवाह गर्नका

---

१३. पूर्ववत्, पृ. ६० ।

लागि अघोषित प्रतिबन्धजस्तै लगाएकी छन् ।[१४] राज्यको ऐनकानुन र परम्परालाई तोडेर युवराज सुरेन्द्रलाई पदच्युत गरी आफ्नै छोरा रणेन्द्रलाई राजा बनाउन खोज्ने सौतेनी आमाको विषालु प्रतिमूर्ति एवं षड्यन्त्रकारीका रूपमा पनि उनलाई चित्रित गर्न सकिन्छ ।

'ममा पनि मेरो छोरा रणेन्द्रलाई महाराज बनाउने शक्ति छ, त्यसो गर्दा जति पाप बोक्नुपर्छ, त्यो पापले पछि धर्मको रूप धारण गर्नेछ'[१५] भन्दै धर्म र गीताको आडमा उनी आफ्नो तर्क अघि सार्छिन् र छोरालाई युवराज बनाउने घोषणा गर्छिन् । गगनसिंह र बसन्तीको जीवनमा बादल बनेर अन्धकार ल्याउने लक्ष्मीदेवी स्वयं गगनसिंहलाई भित्रभित्र मन पराउँछिन् । त्यसैले ती दुईको सम्बन्धलाई उनी सहन सक्दिनन् र भन्छिन्–

"गगनसिंहलाई तँ (बसन्ती) किन भेट्न चाहन्छेस् । उसको र तेरो के सम्बन्ध छ ?" 'ईर्ष्याले भ्यागुताजस्तो भएर फुलिन् र रिसले आँखा लाल पारिन् । उनको हृदयको सम्पूर्ण कष्ट, पीर र वेदना उनको मुहारमा अङ्कित भएको गगनसिंहले पनि प्रस्ट देख्यो र थर्र काँपी डराएर बोल्न सकेन ।'[१६]

स्वयं गगनसिंह पनि रानीको प्रेमलाई ठाडै इन्कार गर्न सक्तैनथ्यो, मुक पशुझैँ चुपचाप बस्दथ्यो र बसन्तीलाई त्याग्न सक्तैनथ्यो । महारानी भएर पनि देश र जनताको कुनै मतलब नगर्ने खालि आफ्नो व्यक्तिगत स्वार्थी प्रवृत्ति यिनमा देखिन्छ ।

"ओहो महारानीले गगनसिंहको लासलाई देख्नेबित्तिकै निस्सासिएर भनिन्– 'यो कस्तो कम्प छुट्ने घृणित दृश्य देख्नुपर्‍यो ।"[१७]

यसरी लक्ष्मीदेवी स्त्रीजाति भएर पनि कोतपर्वजस्तो भयानक घटना घटाएर रक्तनदी बहाउनमा यिनको स्वार्थी र महत्त्वाकाङ्क्षी प्रवृत्ति देखिन्छ ।

---

१४. भोलानाथ रेग्मी, डायमनशमशेर राणाका ऐतिहासिक उपन्यासहरू, शोधग्रन्थ (अप्रकाशित), २०५४, पृ. ७३ ।

१५. बसन्ती, पूर्ववत्, पृ. १८३ ।

१६. पूर्ववत्, पृ. १३६ ।

१७. पूर्ववत्, पृ. २१८ ।

राजेन्द्र

राजेन्द्र 'बसन्ती' उपन्यासमा सहायक पात्रका रूपमा चित्रित छन् । यस उपन्यासमा उनको खासै भूमिका देखिँदैन । राजेन्द्रलाई शक्तिहीन, स्त्रीको आज्ञा उल्लङ्घन गर्न नसक्ने कायर पति र अयोग्य शासकको रूपमा चित्रण गरिएको छ । उनले शासनसत्ताको सम्पूर्ण बागडोर महारानी 'लक्ष्मीदेवी' लाई सुम्पेर ठूलो भूल गरेका छन्–

"सर्वसाधारणलाई विदित गरिन्छ कि आजदेखि तिमीहरू सबले महारानी लक्ष्मीदेवीको हुकूम मान्नु", 'म प्रतिज्ञा गर्छु कि स्वयं म पनि उनको राय नलिई कुनै काम गर्ने छैन ।'[१८]

यसरी राज्यको सम्पूर्ण शासनसत्ता रानीको हातमा दिएर राजेन्द्रले आफूलाई अक्षम शासकको रूपमा उभ्याएका छन्। सनकीपनाले गर्दा अत्यन्त डरलाग्दो भएर देखापरेका उनका छोरा सुरेन्द्रलाई नियन्त्रण गर्न नसक्ने अक्षम पिताका रूपमा पनि राजेन्द्र देखापरेका छन्। माथवरसिंह थापाले युवराज सुरेन्द्रलाई राजगद्दी सुम्पेर काशीवास जाने र दरबारमा सत्ताको लागि भइरहेको षड्यन्त्रको अन्त्य गर्ने सल्लाह दिँदा उनले सत्ता त्याग्न पनि सकेका छैनन् । शासनको सम्पूर्ण अधिकार आफ्नो हातमा लिएर षड्यन्त्रको अन्त्य गर्ने आँट पनि गरेका छैनन् । उल्टै माथवरसिंह थापाजस्ता देशभक्तलाई हत्या गराउन महारानीलाई साथ दिए। थापाको निर्मम हत्यामा साथ दिएका हुँदा उनलाई क्रूर अमानवीय राजाको रूपमा उभ्याउन सकिन्छ ।

"मामा गोलीको मारले घाइते भएर महाराजको चरणमा घोप्टिन पुग्नुभयो, अनि हात जोरेर छोरा र पत्नीका लागि दयाको भिक्षा माग्नुभएको थियो ऊन् ती दुई हातमा खुकुरीको चोट पुऱ्याइयो।"[१९]

यसरी उनले माथवरसिंह थापालाई मार्न महारानीलाई साथ दिएर सत्ताको अत्याधिक मोह भएका तर दुर्बल र षड्यन्त्रकारी व्यक्तिको भूमिका निर्वाह गरेका छन् । आफ्नी स्वास्नीको अर्को व्यक्तिसँग अनैतिक सम्बन्ध भए पनि थाहा नपाएजस्तो गरी केही गर्न नसक्ने हुतिहारा लोग्नेको रूपमा पनि उनी यहाँ प्रस्तुत गरिएका छन्।

---

१८. पूर्ववत्, पृ. २२-२३ ।

१९. पूर्ववत्, पृ. १०८-१०९ ।

सिलाङे

सिलाङे प्रस्तुत उपन्यासमा खलनायकको रूपमा चित्रित छ । ऊ षड्यन्त्रकारी एवं क्रूर हृदयको व्यक्ति हो । उसको भित्र र बाहिर छुट्टाछुट्टै चरित्र देखिन्छ । मुखले एउटा कुरो भन्छ, हृदयले अर्को कुरो गर्दछ । बाहिर स्वामीको भक्त भएको स्वाँग गर्ने तर भित्रभित्र भने स्वामीविरुद्ध षड्यन्त्रकारी कार्य गर्ने विश्वासघातीका रूपमा सिलाङेलाई उभ्याइएको छ ।

"सिलाङे जुरुक्क उठ्यो, आँसु पुछ्यो हात जोरेर मालिकमाथि ठूलो भक्तिभाव प्रकट गर्दै बोल्यो– 'म हजुरको पुरानो ताबेदार हुँ । जुन कुरा म हजुरको पाउमा बिन्ती गर्न लागेको छु, त्यसलाई बिलकुल सत्य सम्झिबक्सिनुस्... ।'"[२०]

उसको बनावटी कपटपूर्ण कुराले गगनसिंह र बसन्तीको दुःखद अन्त्य भएको छ । प्रस्तुत उपन्यासलाई दुःखान्त बनाउनमा उसको महत्त्वपूर्ण भूमिका रहेको देखिन्छ–

"एक दिन उहाँले मेरो खानेकुरामा विष हालिदिनुभएछ, म झन्डै मरेको थिएँ ।"[२१]

फेरि अर्को ठाउँमा पनि ऊ झूठो बोल्छ र भन्छ–

"डम्बरे अलिक दिन वसन्तवाग आउन छोडेछ, जसले गर्दा कजिनीको मनमा डम्बरेले माया पनि लाग्यो भन्ने भ्रम पैदा भएछ र उसलाई फकाउनका निम्ति एउटा हीराको औँठी हाम्रो सुब्बाको छोरो पद्मेको हातमा डम्बरेकहाँ प्रेमोपहारस्वरूप कजिनीले पठाउनुभएको रहेछ । त्यो कुरा सुइँको पाएर मैले पद्मेसित औँठी खोसें । त्यो भाग्यो । औँठी र चिठी यही हो ।'[२२]

यसरी ऊ षड्यन्त्रकारी र क्रूर मात्र नभएर एउटा स्त्री-हत्याराको रूपमा पनि उभिएको छ । आफ्नै पत्नीलाई बसन्ती ठानेर मार्ने नराधम अपराधी रूपमा पनि सिलाङे उभिएको छ–

---

२०. बसन्ती, पूर्ववत्, पृ. १५७ ।
२१. पूर्ववत्, पृ. १६२ ।
२२. पूर्ववत्, पृ. १६३ ।

"आँखा चिम्लेर उसले खुकुरी चलाइरह्यो। त्यो पापीले घाइते महिलाको शिरमा धेरै चोट लगायो, शरीरका दुई-तीन ठाउँमा काटिए। निधार पहिले त फुटिसकेको थियो, आखिर गर्दन छिनेर बिचरीको टाउको र शरीर दुई टुक्रा भयो।"[२३]

उसको जँडचाहा प्रवृत्तिले गर्दा पत्नीलाई बाध्य गरायो र बालक छोरीको मृत्युको कारण पनि स्वयं सिलाङे नै बन्यो। प्रस्तुत उपन्यासमा सकारात्मक भूमिका कतै पनि देखिँदैन।

"ऊ कोठाभित्र स्वाट्ट पस्यो, निर्दयी आँखा र पाषाणजस्तो हृदय लिएर।"[२४]

खराब प्रवृत्तिको परिणति नराम्रो हुने भएकाले अन्त्यमा उसको मृत्यु पनि ढोकाको चौकोसद्वारा भएको देखिन्छ–

"द्वार खुलेन, बरु भित्ताको केही भाग चौकोससहित लडेर त्यो पाखा भत्कियो। इँट, माटो र दलिनले सिलाङेका बाबु-छोरी दुवै पुरिए।"[२५]

माथवरसिंह थापा

प्रस्तुत उपन्यासमा एउटा सच्चा देशप्रेमीका रूपमा माथवर सिंह थापालाई चित्रित गर्न सकिन्छ। सच्चा देशभक्तिको स्थिति राम्रो नहुने परम्पराअनुसार उनको पनि दुःखद एवं मार्मिक मृत्यु भएको देखिन्छ। आफूप्रति अरूले षड्यन्त्र गरेको थाहा नपाउने (असतर्क) र देशको भलो सोच्ने देशप्रेमीका रूपमा उनी देखिन्छन्। आफूविरुद्ध भइरहेको अन्याय र षड्यन्त्रलाई बुझ्न नसक्ने कमजोर पात्रका रूपमा पनि उनी देखिएका छन्।

"'महारानीलाई शूल भएको आराम भएन तुरुन्त आउनु' भन्ने राती बोलावट भएछ, उहाँ कुनै अनिष्टको आशङ्का नगरी आइपुग्नुभयो।"[२६]

---

२३. पूर्ववत्, पृ. १८४।
२४. पूर्ववत्, पृ. ११३।
२५. पूर्ववत्, पृ. १८७।
२६. पूर्ववत्, पृ. १०८।

डम्बरे

उपन्यासको उत्तरार्द्धमा देखापरेको तर खासै उल्लेख्य भूमिका नभएको पुरुष पात्र डम्बरे हो। ऊ बसन्तीको लोग्नेका रूपमा चित्रित छ। आफ्नी स्वास्नी अर्काले लैजाँदासम्म केही गर्न नसक्ने कमजोर पात्रका रूपमा डम्बरेलाई लिइन्छ। ऊ पैसाको लालचमा स्वास्नीलाई बहिनी भनेर सही हाल्ने मूर्ख लोग्नेको रूपमा पनि उभिएको छ। स्वास्नी भगाएर लाने गगनसिंहको नाममा मुद्दा नचलाई जङ्गबहादुरको नाममा मुद्दा चलाउने फटाइँ उसले गरेको छ।

"मेरो खास विवाहिता स्वास्नीलाई जङ्गबहादुरले जबर्जस्तसीत पश्चिम १ नम्बर ककनी गाउँ वसन्तबाग क्याम्पभित्र लुकाइराखेको छ सरकार...निजलाई ऐनबमोजिम सजायँ गरेर मेरी स्वास्नी दिलाई पाऊँ ...जो निगाह...जो हुकूम।"[२७]

यसरी ऊ गगनसिंहसँग डराएको स्पष्ट हुन्छ।

बूढीआमै

बूढीआमै उपन्यासकी एउटी गौण पात्रका रूपमा देखिन्छिन्। खासै भूमिका नभए पनि उनको बसन्तीसँग घनिष्ट सम्बन्ध देखिन्छ। उपन्यासको उत्तरार्द्धतिर देखिएकी स्त्रीपात्रका रूपमा बूढीआमै देखिन्छिन्। नायिकालाई सहयोग गर्ने, दुःखमा साथ दिने उनी एउटी सत्पात्रका रूपमा पनि चित्रित छिन्। सत्तरी वर्षको उमेरमा पनि र ातारात बसन्तीको साथ लागेर ककनीबाट काठमाडौँ आइपुग्ने वीराङ्गना नारीका रूपमा पनि उनलाई लिन सकिन्छ–

"सिलाङेले गरेको बदमासीको खबर काजीकहाँ पुऱ्याउने विचारले गएकी थिएँ, माथि गाउँमा पुगेर फेरि फ़रेँ।' 'बूढीले पनि साथ लाग्न कम्मर कसी।"[२८]

उसले बूढीको हात समातेर हत्तपत्त हिँडाई र आफू पनि हिँड्न थाली। पसिनाको साथसाथ कहिलेकाहीँ खपिनसक्नु शारीरिक पीडाले गर्दा उस (बसन्ती) का आँखाबाट आँसु पनि चुहिन थाल्यो।[२९]

---

२७. पूर्ववत्, पृ. ८६।
२८. पूर्ववत्, पृ. १३१।
२९. पूर्ववत्, पृ. १२२।

सुरेन्द्र

प्रस्तुत उपन्यासमा खासै उल्लेख्य भूमिका नभएको एउटा पुरुष पात्रका रूपमा सुरेन्द्रलाई लिन सकिन्छ । उच्चवर्गीय परिवारमा जन्मेर पनि निम्नस्तरको कार्य गर्ने र अरूलाई दुःख दिने अमानवीय पात्रका रूपमा उनलाई चित्रित गर्न सकिन्छ । सनकी स्वभाव हुनाले भारदार र जनतालाई दुःख दिने निष्ठुर पात्रका रूपमा उनी चित्रित छन् । युवराजजस्तो महत्त्वपूर्ण पदमा बसेर पनि त्यस पदको सदुपयोग गर्न नजान्ने व्यक्तिका रूपमा उनी देखिन्छन् ।

"राजेन्द्रविक्रम शाहले शासनको अधिकार युवराज सुरेन्द्रलाई सुम्पेको नक्कली घोषणा गर्नुपर्‍यो । यस कुरामा असन्तोष व्यक्त गर्ने सोह्र व्यक्तिलाई सुरेन्द्र शाहले त्यस ठाउँमा आफ्नो अगाडि मृत्युदण्ड दिए ।"[३०]

बसन्ती उपन्यासमा विशेषगरी ऐतिहासिक पात्र र काल्पनिक पात्रहरूको समन्वयात्मक भूमिका रहेको देखिन्छ । ऐतिहासिक पात्रका रूपमा– लक्ष्मीदेवी, राजेन्द्र, युवराज सुरेन्द्र, रणेन्द्र, मैयाँमहारानी, चौतरिया, फत्तेजङ्ग शाह, माथवरसिंह थापा, करवीर पाँडे, कुलराज पाँडे, राजजङ्ग पाँडे, धीरशमशेर (प्रसङ्गमा आएको पृ. ३५), कनकसिंह महत, बुद्धिमान कार्की, वंशराज थापा, अभिमान राना, देवीबहादुर, दलभञ्जन पाँडे, चौतरिया गुरुप्रसाद शाह, पुष्कर शाह, रङ्गनाथ पौडेल र भीमसेन थापा आदि देखिन्छन् । त्यस्तै, प्रस्तुत उपन्यासकी नायिका बसन्ती, ज्ञानबहादुर, डम्बरबहादुर, सिलाङे, डम्बरेकी आमा, भाजुमान बाँडा, चिरीचा, काजीमान, ज्ञानबहादुरकी पत्नी, गुफाको जोगी, खडानन्द, बूढीआमै, चिनियाँ, सुब्बा, कृष्णलाल, ग्वाँङे, डोले, बाबुचा, कान्छा, ध्याम्प्रिङ, रेनु, सिलाडेकी स्वास्नी, अन्य नोकर-चाकर आदि काल्पनिक पात्रहरू हुन् ।

वातावरण संयोजन

वातावरण भनेको देश, काल र परिस्थितिको संयोजन हो । देशले स्थान, कालले समय र परिस्थितिले तत्कालीन स्थितिलाई

---

३०. पूर्ववत् पृ. १०८ ।

बुझाउँछ । तसर्थ उपन्यासको देश, काल र वातावरण भन्नाले उपन्यासले लिएका समय, घटनाक्रम, घटेका ठाउँ वा स्थान र घटेका घटनालाई बुझाउँछ ।

उपन्यासकार डायमनशमशेर राणाको बसन्ती उपन्यास ऐतिहासिक उपन्यास भएकाले यसले नेपालको इतिहासमा घटेका बीभत्स घटना कोतपर्व पूर्वको र सुगौली सन्धिपछि घटेको समयको विषयवस्तु समेटिएको छ । समालोचक इन्द्रबहादुर राई भन्छन्–

"डायमनशमशेरको बसन्ती उपन्यासले मुक्तियार प्रधानमन्त्री माथवरसिंहको मरण (१७ मई १८४५) र काजी (मन्त्री) गगनसिंहको मारण (१४ सेप्टेम्बर १८४६) पार गर्दै जङ्गबहादुरको उदय र उन्नतिको ऐतिहासिक कथा कहन्छ।"[३१] प्रस्तुत उपन्यास वि.सं. १८८५ देखि १८०३ सम्मको समयावधिभित्र समेटिए पनि भीमसेन थापाको प्रसङग अन्य पुस्ताहरूका पूर्वप्रसङ्ग पनि उपन्यासमा समेटिएका छन् । वि.सं. १८८५ को भदौरे ऋरीको दिनबाट गगनसिंहको हत्या र बसन्तीको आत्महत्याका दिनसम्मको समय नै बसन्ती उपन्यासले समेटेको समय हो । बसन्ती उपन्यासमा मूलरूपमा तत्कालीन दरबारिया परिवेशमा घटेका घटनाहरू देखाइएका छन् । काठमाडौँमा घटेका प्रमुख राजनीतिक घटनाक्रमको विकास देखाइएको भए पनि घटनाको शुभारम्भ भने ललितपुरको पुल्चोक पाटीबाट भएको छ । काठमाडौँको राजदरबारमा बसन्ती उपन्यासको कथानकको विकास गरिएको छ र केन्द्रबिन्दु पनि काठमाडौँलाई नै बनाइएको छ । त्यसैगरी उपन्यासको स्थानलाई दृष्टिगत गर्दा हनुमानढोका, जङ्गबहादुरको निवास ककनीस्थित वसन्तवाग, गगनसिंहको निवासस्थान (बसन्ती लुकाएको ठाउँ) काठमाडौँको ढोकाटोल, जावलाखेल बसन्तीको माइती, पशुपतिनाथको मन्दिर वरिपरिको क्षेत्र, ब्रिटिस राजदूतावास आदि काठमाडौँका प्रमुख स्थानहरूमा उपन्यासका घटनाहरू घटेको देखाइएको छ । त्यस्तै आफ्नो देशभन्दा बाहिर काशी, मुम्बई (जङ्गबहादुर र डम्बरे कुरा गर्दाको प्रसङ्ग तथा महारानी काशीबास गर्न जाने प्रसङ्ग) जस्ता प्रमुख भारतीय ठाउँहरूको समेत प्रस्तुत उपन्यासमा वर्णन गरिएको छ । प्रस्तुत उपन्यासका धेरै

---

३१. इन्द्रबहादुर राई, पूर्ववत् पृ. ८८ ।

घटनाहरूको केन्द्रबिन्दु भने काठमाडौँ र ककनी (वसन्तवाग) नै हुन्। त्यसैले २००६ सालमा प्रकाशित बसन्तीले राणातन्त्र थालिनुअघिको काठमाडौँमा हामीलाई घुमाउँछ ।[३२]

सुगौली सन्धिपछि घटेका देशभित्रका राजनीतिक षड्यन्त्र, दाउपेच, सत्तासङ्घर्ष, आपसी खिचातानी एवं गगनसिंह र बसन्तीबीचको प्रेमको आन्तरिक सङ्घर्ष आदि घटनाहरूको योग नै बसन्ती उपन्यास हो। त्यस्तै तत्कालीन दरबारभित्र विकृति, विसङ्गति, आपसी कलह, खिचातानी, सत्तामोह, हानथाप आदिको प्रस्फुटन नै बसन्ती उपन्यासको मूलकथ्य हो। तत्कालीन दरबारभित्रका षड्यन्त्र, विकृति (लक्ष्मीदेवी र गगनसिंहबीचको अनैतिक सम्बन्ध) लाई पनि प्रस्तुत गर्न उपन्यास सफल भएको छ । आफ्नो छोरालाई राजा बनाउने महारानी लक्ष्मीदेवीको महत्त्वाकाङ्क्षाले गर्दा नै कोतपर्वको सिर्जना भएको हो। यही कोतपर्वपूर्वको नेपालको इतिहासमा घटेका हिंसा, हत्या र तत्कालीन परिस्थितिलाई लेखकले यसरी सङ्केत गरेका छन्–

"यही सब गडबडीको फलस्वरूप देशभक्त र सत्यवादी काटिन्थे, लुच्चा र पापीको उत्तरोत्तर प्रगति हुन्थ्यो । आचारको भ्रष्टता, अराजकता, रक्तपात र गोलमाल मुलुकमा दिनप्रतिदिन बढ्दै गएको चाकरीमा दौडन्थे । राजभक्ति र देशभक्तिमा तिनलाई कुनै वास्ता थिएन । फेरि तिनै स्वार्थी व्यक्तिहरू राजभक्त र देशभक्त कहलाइन्थे । अरूहरूलाई बिगार्न सक्तथे तर सपार्न कसैको ह्याउ थिएन। साधारण प्रजाका मनमा शान्ति थिएन। पेटमा पौष्टिक अन्न पर्न पाउँदैनथ्यो, शरीर ढाक्ने वस्त्रको अभाव पनि देखिन्थ्यो । यसरी तत्कालीन परिस्थितिमा बिग्रिएको आर्थिक, सामाजिक, राजनीतिक ढाँचाको दबाबले गर्दा देशको हावा बदलिइसकेको थियो ।"[३३]

यसरी बीसौँ शताब्दीको उत्तरार्ध (१८७५) मा जन्मिएका डायमशमशेर राणाले बसन्ती उपन्यासको परिवेशचाहिँ उन्नाइसौँ शताब्दीको उत्तरार्धतिरको लिएका छन् । उपन्यासकार स्वयं राणा

---

३२. तारानाथ शर्मा, नेपालीमा दुईओटा ऐतिहासिक उपन्यास, तेस्रो संस्करण, नवीन प्रकाशन, काठमाडौँ, २०५१, पृ. ४४ ।

३३. बसन्ती, पूर्ववत्, पृ. ८१ ।

पनि दरबारिया परिवेशमा हुर्किएका हुनाले तात्कालिक परिवेशको चित्र उतार्न सफल भएको बुझिन्छ । बसन्ती उपन्यासमा तात्कालिक नेपालको राजनीतिक, आर्थिक, सामाजिक, सांस्कृतिक एवं शैक्षिक परिवेशको राम्रो चित्र उतारिएको छ ।

राजनीतिक परिवेश

बसन्ती उपन्यासमा वि.सं. १८८५ देखि १८०३ सम्मको राजनीतिक क्षेत्रमा सक्रिय तत्कालिक शासकवर्गको सङ्घर्ष, हत्या र हिंसापूर्ण उतार-चढावको प्रतिबिम्ब झल्किन्छ । तत्कालिक युगको आवश्यकता र समयको वास्तविकता बुझ्न सक्ने जङ्गबहादुरको उदय अर्थात् राणाशासनको उत्थानको प्रथम आरम्भबिन्दु बसन्ती उपन्यास हो । त्यस्तै तीक्ष्ण बुद्धिको प्रयोग, दूरदर्शिता एवं उच्चतम राष्ट्रिय चेतनाको प्रतिच्छाया र दरबारिया परिवेशमा घटेका घटनाहरूको यथार्थ वर्णन बसन्ती उपन्यासमा राखिएको छ । तात्कालिक शासक राजेन्द्रवीरविक्रम शाहको कमजोरी र स्त्रीमोहले राजनीतिक व्यवस्थामा परेको प्रभाव र त्यसको परिणामलाई पनि बसन्ती उपन्यासले सङ्केत गरेको छ–

"म प्रतिज्ञा गर्छु कि स्वयं म पनि उनको राय नलिई कुनै काम गर्ने छैन ।"[३४]

यसरी राजाको कमजोरी र स्त्रीमोहले गर्दा सत्ता कान्छी महारानीको हातमा आयो । कान्छी महारानी राज्यको मुख्तियारी पाउनसाथ युवराज सुरेन्द्रलाई पदच्युत गरेर रणेन्द्रलाई गद्दीको प्रथम उत्तराधिकारी बनाउने प्रयत्नमा लागिन् ।[३५]

रानीले आफ्नो छोरालाई युवराज बनाउन गगनसिंहलाई धारिलो हतियार बनाइन्, त्यसको फलस्वरूप अनाहकमा गगनसिंहको ज्यान गुम्यो । आफ्नो राजनीतिक दाउपेचको धारमा गगनसिंहलाई राखेर रानी अगाडि बढ्दै गइन् । गङ्गे पनि गगनसिंह काजी बन्यो तर गगनसिंहको राजनीतिक शक्तिको गुटबन्दीले उसलाई वास्तविकताबाट अलग्गाइसकेको थियो ।[३६]

---

३४. पूर्ववत्, पृ. २३ ।
३५. पूर्ववत्, पृ. २३ ।
३६. पूर्ववत्, पृ. १७१ ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले जङ्गबहादुरलाई राष्ट्रिय भावनाद्वारा ओतप्रोत गराई मुख्य पात्र बनाएको देखिन्छ । भविष्यको सम्भावनालाई कलात्मक पाराले उपन्यासकारले जङ्गबहादुरलाई यसरी भनाएका छन्–

"म धनी हुन्छु रे, शक्तिशाली हुन्छु रे, क्रमैसित यो विचारले मलाई एक उच्च स्थानमा पुऱ्याउँछ रे, अनि आजको यो विचारलाई परित्याग गरेर म अर्कै बाटो लाग्छु रे !"[३७]

यसरी लेखकले चतुऱ्याइँपूर्वक भविष्यको खतरालाई स्वाभाविक तवरले जोगीमार्फत व्यक्त गराएका छन् ।

प्रेमभित्र राजनीति र राजनीतिमा प्रेमको गाँठो परेको र सो गाँठो फुस्कला भनेर अनेक जालझेल, हिंसा एवं झुटो कहानी आदिको सिर्जना बसन्ती उपन्यासमा भएको देखिन्छ । विवाहको विषयमा अरूलाई जुन स्वतन्त्रता छ, त्यो मलाई छैन । हाम्रो सम्बन्ध महारानीमा जाहेर भयो भने तिमीमात्र दण्डित हुनेछैनौँ, हामी सबैको एकै चिहान हुनेछ[३८] भनेर आफ्नी प्रेमिकालाई गगनसिंह विवश र वाध्यतापूर्ण स्वरले गुनासो पोख्छ । त्यस्तै तात्कालिक राजनीतिमा योग्यतालाई भन्दा चाकरी र चाप्लुसीलाई बढी प्राथमिकता दिइन्थ्यो र आफ्नो चाकडीमा धाउने र चाप्लुसी गर्नेलाई नै विश्वास गरिन्थ्यो भन्ने कुरा लेखकले सिलाडेमार्फत् यसरी व्यक्त गरेका छन्–

सिलाडे जुरुक्क उठ्यो, आँसु पुछ्यो र हात जोरेर मालिकमाथि ठूलो भक्तिभाव प्रकट गर्दै बोल्यो– "हजुरको पुरानो तावेदार हुँ । जुनकुरा म हजुरको पाउमा बिन्ती गर्न लागेको छु त्यसलाई सत्य सम्झिबक्सिनुस् ।"[३९]

यसरी तात्कालिक राजनीतिक परिस्थिति, महत्त्वाकाङ्क्षा, हत्या-हिंसा र षड्यन्त्रपूर्ण स्थितिलाई प्रस्तुत उपन्यासमा व्यक्त गरिएको छ र यसले विक्रमको उन्नाइसौँ शताब्दीको अन्तिम दशकदेखि बीसौँ शताब्दीको थालनीसम्मको नेपालको राजनीतिक अवस्थालाई आत्मसात् गरेको छ ।

---

३७. पूर्ववत्, पृ. ३४ ।
३८. पूर्ववत्, पृ. ५७ ।
३९. पूर्ववत्, पृ. १५७ ।

सामाजिक परिवेश

यथार्थमूलक ऐतिहासिक बसन्ती उपन्यासले सामाजिक विषयवस्तुलाई र परिवेशलाई समेटेको छ। समाजमा घटेका विकृति र विसङ्गतिलाई कलात्मक पाराले छर्लङ्ग्याइएको छ। उपन्यासकार डायमनशमशेर राणाले तात्कालिक समाजमा सत्ताका लागि कतिसम्म पाशविक कार्य गर्दथे भन्ने कुरालाई जङ्गबहादुरमार्फत यसरी व्यक्त गरेका छन्–

"उहाँ र म कालो पर्दाको पछाडि आडमा लुकेर बसेका थियौँ। भरेको बन्दुक महारानीले मलाई बक्सनुभयो। मामा कोठाभित्र पस्नुहुनेबित्तिकै गोली खाएर लडिहाल्नुभयो।"[४०]

सोछालाई शूली बाङ्गालाई चौतारी भन्ने उक्ति त्यतिखेर सार्थक बन्न पुगेको देखिन्छ। देशप्रति बफादार रहेर देश र जनताप्रति सद्भाव राख्ने माथवरसिंह, फत्तेजङ्गलगायत अन्य भाइभारदारहरूको निर्मम हत्या भएको कुरा पुष्टि हुन्छ। भीमसेन थापा र धीरशमशेरको प्रसङ्ग पनि लेखकले बसन्ती उपन्यासमा ल्याएका छन्। (पृ.२८२ र ३५)।

यस प्रसङ्गबाट यसभन्दा पूर्वको समयको समाजको चित्र खिच्न पनि उपन्यासकार डायमनशमशेर राणा सफल भएका छन्। उनी अगाडि भन्छन्–

"अघि भीमसेन थापाको मुद्दा हेर्ने डिट्ठा कनकसिंह महतले पनि पाँडेहरूको साथ काटिनुपर्‍यो।"[४१]

त्यस्तै तात्कालिक समाजमा आफ्नो स्वार्थ पूरा गर्नका लागि जस्तोसुकै अपराध गर्न पनि पछि पर्दैनन् र स्त्रीहत्या, गोत्रहत्या र ब्रह्महत्या हाम्रो वैदिक धर्ममा निषेध छ। तर, अपराधीको कुनै धर्म हुँदैन भन्ने प्रस्तुत उपन्यास बसन्तीमा सिलाडेको चरित्रचित्रणबाट उपन्यासकारले छर्लङ्ग्याएका छन्। उनी भन्छन्–

"सिलाडेले बसन्तीलाई विष ख्वाएर अनि बेहोस भएकी बसन्तीलाई कोठामा थुनी त्यो पापी सुत्न गएछ।"[४२]

---

४०. पूर्ववत्, पृ. १०८।
४१. पूर्ववत्, पृ. २८।
४२. पूर्ववत्, पृ. १११।

बसन्ती उपन्यास तत्कालीन सामाजिक मूल्य र मान्यताको प्रतिकार गर्दै एकदम अगाडि बढेको देखिन्छ । यहाँ उपन्यासकारले पुनर्विवाहको पूर्ण समर्थन पनि गरेको देखिन्छ–

नातामा मिठु र गङ्गे दाइ-बहिनी भए पनि उनीहरूको समाजमा फुपू-चेली, मामा-चेलीमा वैवाहिक सम्बन्ध जुट्ने परम्परा भएकाले ती दुईको परस्परमा विवाह हुनु कुनै अड्चन पर्ने थिएन, थियो एउटै समस्या डम्बरेसित मिठुको विवाह-विच्छेदको ।[४३]

यस जीवनको महान् यात्रामा कुमारीत्वलाई छाडेर मिठु एक पाइला बढी दिनदिन बढ्दै गई, दिन दुगुना, रात चौगुना बढी ।[४४]

यसरी सामाजिक बन्धन र मिठुको विवाहको परवाह नगरी मिठु र गङ्गे प्रेमबन्धनमा बाँधिए ।

तात्कालिक समाजमा बालविवाह, बहुविवाह, दासप्रथा एवं सतीप्रथाजस्ता कुरीतिहरू पनि विद्यमान थिए भन्ने कुरा प्रस्तुत उपन्यासले देखाएको छ । उपन्यासकी नायिका बालविवाहिता थिइन् । त्यस्तै तात्कालिक नेपाली समाजमा पाहुनालाई देवतासरह मानिएको देखाइएको छ । गगनसिंह ज्ञानबहादुरको घरमा जाँदा (ज्ञानबहादुरकी) स्वास्नी भन्छे–

"किन नचिन्नु नेपाली मुन्छेलाई लुगाबाट पहिचान हुन्छ ।"[४५]

त्यतिखेर दरबारिया व्यक्ति नै उच्च मानिन्थ्यो । शोषितवर्गको नजरमा शासक देवताजस्तो हुने गर्दथ्यो, त्यसैले लेखकले पनि गगनसिंहलाई उच्च स्थानमा उभ्याएको देखिन्छ। छोरीबेटीका स्वतन्त्रता र स्व-अधिकार पनि नभएको कुरो लेखकले व्यक्त गरेका छन् । उपन्यासकार डायमनशमशेर राणा लेख्छन–

"के गर्नु, उसका आमा-बाबुले उसलाई डम्बरेको पोल्टामा हालिदिइसकेका थिए । चाहे त्यो डम्बरेले त्यो पोल्टा फोरेर आफ्नो र मिठुको हृदय त्यसभित्र हालेर प्रेमको गाँठो पारोस् या त्यो

---

४३. पूर्ववत्, पृ. १६ ।
४४. पूर्ववत्, पृ. १६ ।
४५. पूर्ववत्, पृ. ८ ।

पोल्टालाई कसेर मिठुको घाँटी निमोठ्ने महाजाल बनाओस्, त्यो डम्बरेकै इच्छा थियो ।"[४६]

यसरी बसन्तीको भविष्यलाई बसन्तीकै हातमा थमाएर आफूचाहिँ उपन्यासकार तटस्थ रहेका देखिन्छन् । त्यसबेलाको समाजमा नारीको स्थिति कस्तो थियो भन्ने कुरा बसन्तीको माध्यमबाट उपन्यासकार डायमनशमशेरले यसरी व्यक्त गरेका छन्–

"हामी स्वास्नीमानिस पनि मानिस हौँ र ? ऊँट, गधाजस्तै पशु हौँ"[४७] भन्दै त्यतिखेरको समाजमा नारीको वेदना, बाध्यता, विवशता आदिको रुल्को बसन्ती उपन्यासले दिएको छ । त्यतिखेर कतिपय चाडपर्वमा पनि दरबारमा हाजिर हुने उर्दी हुने गर्थ्यो भन्ने कुरा उपन्यासकारले फागुको चाडको प्रसङ्ग ल्याएर व्यक्त गरेका छन्–

"दरबारमा फागु मनाइने प्रथा थियो । सबै भारदार जङ्गी, निजामती कर्मचारीलाई रङ्ग थाप्न राजदरबारमा प्रतिवर्ष हाजिर हुनुपर्ने प्रचलित रीतिअनुसार आज पनि उर्दी थियो ।"[४८]

त्यस्तै नारी र पुरुषको भेदभाव फागुमा नहुने कुरा पनि लेखकले औँल्याएका छन् । यसरी आधुनिक सभ्यताको नक्कल पनि गरेको देखिन्छ–

"दल्दियोस् मैयाँ महारानी अबीर राजाको फागुमा कसको डर ?"[४९]

रुन् दासप्रथाले त बेस्सरी जरो गाडेको देखिन्छ । लेखक डायमनशमशेर राणा स्वयं वर्णन गर्छन्–

"कोही सुसारे उनको गोडा दाब्न थाले, कोही चमर, कोही पङ्खा डोलाउन लागे, कोही शिरमा अत्तर छर्किंदै थिए, एउटी हुक्के हुक्का र नली समातेर उनको नजिकै उभिएकी थिई ।"[५०]

---

४६. पूर्ववत्, पृ. ११ ।
४७. पूर्ववत्, पृ. ७० ।
४८. पूर्ववत्, पृ. ८४ ।
४९. पूर्ववत्, पृ. ८४ ।
५०. पूर्ववत्, पृ. ८४ ।

त्यसबेलाको समाजमा मनोरञ्जनको साधन अन्य कुनै नभएको र खालि तासजुवा आदिमात्र भएको कुरा पृष्ठ २६ को चिरिचा भाजुमान र डम्बरेको कुरा थर्कीको प्रसङ्गले देखाएको छ । यसका साथै टुनामोहनी जादु आदिको विश्वास पनि त्यतिखेरको समाजमा यथेष्ट भएको बुझिन्छ ।

सांस्कृतिक परिवेश

बसन्ती उपन्यासभित्र सांस्कृतिक परिवेशले पनि बलियो जग बसालेको देखिन्छ । नेपालमा धार्मिक एवं सांस्कृतिक परम्परा प्राचीनकालदेखि नै अविच्छिन्न रूपमा चल्दै आएको छ । सम्भवत: उपन्यासकार डायमनशमशेर राणामा परेको धार्मिक प्रभाव उनले आफ्नो औपन्यासिक कृतिमा देखाएका छन् । उपन्यासकारले सुरुमै मिठु र गगनसिंहको प्रथम भेटमै पुल्चोकको पाटीमा भविष्यवाणी गरेका छन् । गगनसिंहद्वारा गरुड र नागको प्रसङ्ग ल्याएर अनिष्टको शङ्का गरेका छन्–

"त्यो गरुडले नाग लगेको भन्छन् । केही गरी त्यो गरुडको मुखबाट नाग फुस्क्यो भने साह्रै अनिष्ट हुन्छ रे ।"[५१]

यस कथनले नेपालको सांस्कृतिक परम्पराको बोध गराउँछ । नाग रिसाए पानी पर्दैन भन्ने किंवदन्तीलाई पनि यहाँ प्रस्तुत गरिएको छ ।

त्यस्तै, नेपाली समाजमा धार्मिक परम्पराअनुसार चार धाम गए पुण्य मिल्छ र तरिन्छ भन्ने जनविश्वासले बलियो जरो गाडेको कुरा उपन्यासकारले प्रस्तुत गरेका छन्–

"चार धामको बदरी पुगेपछि डम्बरेकी आमा परलोक भइछ, सासु-ससुरा मात्र फर्किए ।"[५२]

यसरी निम्नवर्गमा मात्र होइन, उच्चवर्गमा पनि सांस्कृतिक छाप परेको देखिन्छ । यस कुराको उदाहरणको बसन्ती उपन्यासमा यस रूपमा प्रस्तुत गरिएको छ–

---

५१. पूर्ववत्, पृ. ३ ।
५२. पूर्ववत्, पृ. २१ ।

"पूरा राजकीय लावालश्करसहित महारानीको शाही सवारी पशुपति आइपुग्यो ।"[५३]

यसप्रकार बसन्ती उपन्यासमा लेखकले आफ्नो हिन्दू परम्पराको मोह दर्साएका छन् । साथै आफूलाई धार्मिक व्यक्तिको रूपमा चिनाउँदै जङ्गबहादुर यसरी व्यक्त गर्दछन्–

"योग जान्नु बहुतै गाह्रो छ, जो जान्दछन् ती जङ्गल र गुफाभित्र यसरी लुकिदिन्छन्, कोही तरङ्गी बाँउठे र बौलाहा भइदिन्छन् अनि जसै ती मर्दछन्, तिनका विद्याहरू पनि तिनैसित सती जान्छन् । हिन्दू धर्मको के महत्त्व रहोस् ? हामीमा खुशी हुने कसरी ?"[५४]

तात्कालीन समाजमा धर्ममा लिङ्गभेद र वर्गीय भेदको वास्ता नगरेको कुरा उपन्यासकार डायमनशमशेर यसरी व्यक्त गर्दछन्–

"फागु र दशी महाखुशीको पवित्र दिन भएकोले आज लिङ्गभेदको, छुवाछुतको कुनै नैतिक प्रतिबन्ध थिएन । समाज र कानुनले दिएको स्वतन्त्रतालाई नअँगाल्नु भीरतापूर्ण कार्य हुने थियो अनि हुन्थ्यो धर्मशास्त्रलाई मान्यता नदिए जस्तो ।"[५५]

यसरी उपन्यासकारले उच्चवर्गको परम्पराप्रतिको मान्यता, झुकाव र कार्यहरूका बारेमा आफू तटस्थ रहेर वर्णन गरेका छन् ।

प्रस्तुत उपन्यासमा उपन्यासकार डायमनशमशेर राणाले नायिकाको मार्मिक वेदना र उसले गरेको ध्यान-स्तुतिलाई बडो भावविह्वल तरिकाले व्यक्त गरेका छन्–

"पशुपतिनाथको सत्तलमा शरण लिई ।"[५६]

"यस्तो बेहालको परिस्थितिमा पनि बसन्तीको निम्ति पशुपतिको चरणस्मरण सिवाय अरू के विकल्प हुन सक्तछ ।"[५७]

---

५३. पूर्ववत्, पृ. १३० ।
५४. पूर्ववत्, पृ. ३३ ।
५५. पूर्ववत्, पृ. ७८ ।
५६. पूर्ववत्, पृ. १२४ ।
५७. पूर्ववत्, पृ. १२७ ।

"जुरुक्क उठेर दुवै नयन चिम्लिई असहायको रुन्चेस्वरले शिवजीको स्तोत्रको पाठ गर्न थाली ।"[५८]

"आँखा चिम्ले पनि उसले कान थुनेकी थिइन, त्यसैले दिनको स्वागत गर्नको लागि चराचुरुङ्गी हाँस्दै उडेका, बाँदरले देवमन्दिरमा उत्ताउलो उफ्राइ गरेका, परेवा घुरेका आदि प्रभातका लक्षण सुनेर उज्यालो भएछ भन्ने थाहा पाई । तैपनि अरु ऊ स्तोत्र पाठ गर्दै शिवभक्तिमा लीन थिई । मानौँ उसको अन्तरआत्मालाई शान्ति मिलिरहेको थियो, प्रेरणा मिलिरहेको थियो, तथास्तु वरदान पाइरहेकी थिई ।"[५९]

आर्थिक परिवेश

प्रस्तुत उपन्यासमा आर्थिक पक्ष पनि समेटिएको देखिन्छ । तत्कालीन समाज उच्चवर्ग, मध्यमवर्ग र निम्नवर्ग गरी तीन वर्गमा विभाजित भएको देखिन्छ । यसमध्ये उपन्यासकार डायमनशमशेरले बसन्ती उपन्यासमा विशेषगरी उच्चवर्ग र निम्नवर्गको बाहुल्य देखाएका छन् । राजपरिवारका सदस्य उच्चवर्गमा पर्दछन्, जसको आर्थिक स्थिति राम्रो र मजबुत देखिन्छ, तिनीहरू ऐस, आराम, विलासी जीवन व्यतीत गरेको कुरा लेखकले यसरी वर्णन गरेका छन्–

"भुइँमा बिछ्याइएको गलैँचा पनि कम मूल्यका थिएनन् । त्यो बेलायती गलैँचामा बहुतै उज्यालो र प्रकृतिले बनेको जस्ता हस्ती हाडका पङ्खा हाइबट्टा अनि कलाका विलक्षण वस्तुहरू सजाइएका थिए, अरू पनि यस्तै किसिम-किसिमका सुख-सामग्रीले त्यो बैठक सुशोभित भएको थियो ।"[६०]

देशको सम्पूर्ण बागडोर हातमा लिएका राणाखलकको आर्थिक पक्ष मजबुत देखिन्छ । किनभने सैनिक र निजामतीका मुख्य पदमा राणाहरूमात्र भर्ना हुने गर्दथे । यसका अतिरिक्त तात्कालिक नेपाली समाजमा आर्थिक दुरावस्था व्याप्त थियो । रोजगारीको अभावका साथै उचित कृषि व्यवसाय नअपनाउनु, परम्परित तरिकाद्वारा खेती गर्नु

५८. पूर्ववत्, पृ. १२८ ।
५९. पूर्ववत्, पृ. १२८ ।
६०. पूर्ववत्, पृ. ४० ।

तथा पशुपालन गर्नाले खासै उब्जनी र नाफा हुँदैनथ्यो । फलत: जनताको आर्थिक अवस्था नाजुक थियो ।

प्रस्तुत उपन्यासमा उपन्यासकारले डम्बरेकी आमाद्वारा तत्कालीन समाजको आर्थिक स्थितिको परिचय दिएका छन्–

"डम्बरेकी आमाले रुपियाँको कुरा सुन्नेबित्तिकै बुहारीलाई दरबार हुल्न मन्जुरीको इच्छा प्रकट गरी ।"[६१]

"गङ्गेको दृष्टि किसानको दु:खी घरको गरिबी रहन-सहनमाथि पऱ्यो । उसले अचम्म मानेर चारैतर्फ हेऱ्यो असहिष्णु दरिद्रताले हात पसारेको डरलाग्दो दृश्य जताततै देख्यो ।"[६२]

तत्कालीन समयमा नेपाली समाजको आर्थिक स्थिति कमजोर हुनुलाई आफ्नो नियतिको रूपमा हेरिन्थ्यो । मानिसहरू आफ्नो भाग्यअनुसार धनी, गरिब भइरहन्छ भन्ने मान्यता राखेको कुरा पनि प्रस्तुत उपन्यासमा व्यक्त भएको पाइन्छ । त्यतिखेरको मुख्य पेसा जागिरभन्दा पनि कृषि व्यवसाय नै भएको देखिन्छ–

"आमा-बा खेतमा पुग्नुभइसक्यो, सुतिरहने ।[६३] भन्दै गगनसिंह मिठुलाई बोलाउँछ । तत्कालीन समाजका जनताहरू बाह्रै घण्टा कृषि व्यवसायमा तल्लीन देखिन्थे भन्ने कुरा प्रस्तुत कथनबाट स्पष्ट हुन्छ । कृषि व्यवसायका साथै पशुपालन व्यवसाय पनि उपन्यासकारले देखाएका छन्–

"गोडा चारेक वस्तुहरू छन् । वन जाऊँ भनेर निस्केकी, पानीले खेदिहाल्यो ।"[६४]

शैक्षिक अवस्था

बसन्ती उपन्यासमा वर्णित तात्कालिक समाज त्यति शिक्षित देखिँदैन । एक त त्यसबेलाको शैक्षिक अवस्था नाजुक थियो । शिक्षाको कुनै पनि व्यवस्था थिएन भने अर्कातिर शिक्षाको अवसर सम्भ्रान्त

---

६१. *पूर्ववत्, पृ. ५१ ।*
६२. *पूर्ववत्, पृ. ८ ।*
६३. *पूर्ववत्, पृ. १२ ।*
६४. *पूर्ववत्, पृ. ६ ।*

परिवारका छोराछोरीका लागि मात्र सीमित रहेको देखिन्छ। उपन्यासकार डायमनशमशेर राणापरिवारमा जन्मिएका हुँदा जनताको शैक्षिक पछौटेपनका बारेमा उनले त्यति चासो नलिएको देखिन्छ। उपन्यासकी नायिकालाई भने लेखकले अलि महत्त्व दिएको देखिन्छ। स्वयं राणा बसन्तीलाई लक्षित गर्दै भन्छन्–

"बसन्ती इतिहास खोजीखोजी पढ्थी, चाख मानेर सुन्थी, बाल्यवस्थादेखि नै पुराना कुरा सुन्नमा ऊ खूब अग्रसर हुन्थी।"[६५]

यसरी बसन्तीलाई उपन्यासकारले केही रूपमा शिक्षित भएको देखाएका छन् भने उसैको परिवार आमा-बाबु र डम्बरेका आमा-बाबु भने अशिक्षित भएको दर्साएका छन्।

'डम्बरेले दाजुमा, ससुराले बाबुमा सही हाले' भन्दै उपन्यासकारले तिनीहरूको अशिक्षाका बारेमा आफू तटस्थ भएर व्यक्त गरेका छन्। यदि शिक्षित हुँदा हुन् त आफ्नी बुहारीलाई किन दरबार पठाउँथे त्यस्तै, प्रस्तुत उपन्यासमा वर्णन गरिएअनुसार त्यसबेलाको समाजमा अशिक्षाको प्रत्यक्ष प्रमाण पनि स्पष्ट हुन्छ–

'बसन्तीलाई टुनामोहिनी लगाएर अरूसित राजी पारेको छ'[६६] भन्दै महारानीसमक्ष डम्बरे उजुरी गर्दछ। यो अन्धपरम्परा अशिक्षाको प्रत्यक्ष प्रमाण हो। त्यस्तै जङ्गबहादुरले वसन्तवाग जाने क्रममा अङ्ग्रेजी भाषाको महत्त्व र भाइलाई विदेश पढ्न पठाउने मनसायबाट नेपालमा शिक्षा विकास नभएको देखिन्छ।

"म भाइलाई बेलायत पठाउने थिएँ।"[६७]

त्यस्तै, उपन्यासकार राणाले पाश्चात्य शिक्षाप्रणालीको विकासमा जङ्गबहादुरको विचार यसरी व्यक्त गराएका छन्–

"आफ्नो भाषाको गौरव बढाउनका निम्ति कैयौँ रुपियाँ खर्च गरेर भाषा सुधार समिति पुस्तकालय खडा गरेका छन्।"[६८]

---

६५. *पूर्ववत्, पृ. ६१।*
६६. *पूर्ववत्, पृ. ८५।*
६७. *पूर्ववत्, पृ. ३५।*
६८. *पूर्ववत्, पृ. ३६।*

हाम्रो देशमा पनि शिक्षाको विकास गराउनुपर्छ भन्ने सन्देश उपन्यासकार डायमनशमशेर राणाले अप्रत्यक्ष रूपमा दिएका छन् ।

यसरी त्यतिखेरको अशिक्षित समाजमा कुसंस्कार, अन्धविश्वासजस्ता कुप्रवृत्तिहरू विद्यमान थिए भन्ने कुराको पुष्टि बसन्ती उपन्यासले गरेको छ । शिक्षाको अभावमा विभिन्न विकृतिहरू देखापरेका र मानिसको जीवन जटिल बन्दै गएको तथ्यलाई औपन्यासिक पारामा औँल्याइएको छ ।

भाषाशैली

भाषा मानवीय विचार आदानप्रदान गर्ने साधन हो । भाषा मानवसभ्यताको प्रथम आविष्कार हो ।[६९] शैली भाषाको प्रयोग गर्ने तरिका अथवा ढाँचा हो । साहित्यमा भाषाको प्रयोग लेखकले आ-आफ्नो तरिकाले गरेका हुन्छन् । कसैले प्रथम पुरुष दृष्टिबिन्दु मानेर रचना गर्छन् भने कसैले तृतीय पुरुष दृष्टिबिन्दुको शैली प्रयोग गर्दछन् ।

साहित्यमा जे-जति सिर्जना हुन्छ, ती सबैको माध्यम भाषा नै हो । बिना भाषा कुनै पनि साहित्य पूर्ण हुन सक्तैन । प्रस्तुत 'बसन्ती' उपन्यास पनि भाषा-शैलीका दृष्टिले उत्कृष्ट मानिन्छ । 'बसन्ती' उपन्यास वर्णनात्मक शैलीमा लेखिएको छ, जसमा लेखकको निजत्व झल्किएको पाइन्छ । यस उपन्यासमा प्रयुक्त भाषा सरल एवं स्वाभाविक देखिन्छ । ठाउँ-ठाउँमा उपन्यासकारले यथेष्टमात्रामा संस्कृत र हिन्दी शब्दको प्रयोग गरेका छन् । त्यस्तै, संस्कृत सूक्तिलाई ठाउँ-ठाउँमा प्रयोग गरी उपन्यासकारले भाषालाई अझ उजिल्याएका छन्– 'भ्राता च भ्रातरं हन्यात् आत्मद्रोही भवेद् यदि ।'[७०] जस्ता संस्कृत सूक्तिले संवादलाई श्रुतिमधुर बनाएको छ । तुफान (७६), कसुर (८३), नसवी (२१७) आदि आगन्तुक नेपाली शब्दहरूको प्रयोग पनि बसन्ती उपन्यासमा प्रशस्त भएको देखिन्छ ।

---

६८. केशवप्रसाद उपाध्याय, साहित्य प्रकाशन, पा.स. ललितपुर, साझा प्रकाशन, २०४८, पृ. १ ।

७०. बसन्ती उपन्यास, पूर्ववत्, पृ. ६१ ।

नेपाली समाज मूलतः उच्च, मध्यम र निम्न गरी तीन वर्गमा विभाजित छ । 'बसन्ती' उपन्यासमा पनि यी तीन वर्गको चर्चा उपन्यासकारले गरे तापनि उच्च र मध्यम वर्गको भाषाको प्रधानता छ । दरबारको चलनचल्तीका शब्दहरू जस्तै- सवारी (पृ.नं. ६५), काजीसाहेब (पृ.नं. ६६), दल्दियोस् (पृ.नं. ७७), स्वीकृत (पृ.नं. ६७), (घोषणा पृ.नं. ६०), हुकुम (पृ.नं. ६७), कजिनी (पृ.नं ६७), कृतार्थ (पृ.नं. ८५) का साथै सरकार, धर्मऔतार, दयासागर (पृ.नं. ८६) आदि शब्दहरू प्रस्तुत उपन्यासमा प्रयोग भएका छन् । उच्चवर्गले प्रयोग गर्नेभन्दा सर्वसाधारणले प्रयोग गर्ने भाषामा केही भिन्नता पाइन्छ । जस्तै- आज्यू (पृ.नं. १५), आम्मै (पृ.नं. १८) आदि शब्दहरूले पनि रोचकता थपेका छन् । त्यस्तै, संस्कृतका विभिन्न तत्सम शब्दहरूको प्रयोग पनि प्रस्तुत भएको छ। जस्तै- अधर (पृ.नं. ६), उच्छ्वास (पृ.नं. १२) अनुचर (पृ.नं. ६७), भीरुतापूर्ण (पृ.नं. ७७), प्रविष्ट (पृ.नं. ८४), पदार्पण (पृ.नं. २१८) आदि शब्दहरूको प्रयोग प्रस्तुत उपन्यासमा भएको पाइन्छ ।

त्यस्तै, अदव (पृ.नं. ६), पहिचान (पृ.नं. ८), तहबिल (पृ.नं. ४५), तुफान (पृ.नं. ७६), कसुर (पृ.नं. ८३), सिकायत (पृ.नं. १६२), गुल्जर (पृ.नं. ७३), डाप्सी (पृ.नं. २६) बाइजी (पृ.नं. ३१), एक्सावान क्या मौज (पृ.नं. ३१), मेहरवानी (पृ.नं. ६८) आदि आगन्तुक शब्दहरूको पनि प्रस्तुत उपन्यासमा प्रशस्त प्रयोग भएको छ ।

मत्तमयूरजस्तो (पृ.नं. १५), मधुमासमा प्याजी फूलको रातो थुङ्गामाथि रङ्गीन पुतलीको चञ्चल नर्तन जस्तै (पृ.नं. १६), अर्धभरि गाग्रो छचल्केजस्तो (पृ.नं. ६), मरीच चाउरेजस्तो (पृ.नं. १८), चन्द्रमाको निम्ति बालक रोएजस्तो (पृ.नं. ४५), कानेकाने पिच्चाको डुमजस्तो पृ.नं. २१७), बालक हराएको आमाको घोर चेहराजस्तो (पृ.नं. १३६), डरले पुच्छर लुकाएजस्तो आदि अभिव्यक्तिमा उपमा अलङ्कारको प्रयोग भएको छ, जसले गर्दा उपन्यासको शैली कलात्मक भएर सुनमाथि सुगन्ध थपिएको छ। यसअतिरिक्त विभिन्न उपन्यासमा प्रयुक्त अलङ्कारमा कलात्मक अभिव्यक्तिको नमुनाका रूपमा यी अभिव्यक्तिलाई लिन सकिन्छ–

"वरफको टुक्रामा धूलो लाग्यो र त्यसलाई पुछियो भने त्यो टुक्रा जसरी चम्किन्छ, त्यसैगरी उसको मुखको रङ पनि हरेक पटकको पुछाइमा उज्ज्वलतम देखिन थाल्यो ।"[७१]

"दिउँसो ती एकले अर्कालाई रहरलाग्दो फूल भएर बगैंचामा फुलिरहेको जस्तो देख्थे, मुखमण्डललाई देदीप्यमान बनाएर हाँसिरहेको जस्तो, रातमा उज्ज्वल ताराको बेवास्ता गरेर प्रेममा विभोर हुन्थे। यसरी तिनले सारा दुनियाँलाई बिर्सेर ती रस्परको प्रेममा चुर्लुम्म डुबे ।"[७२]

यसैगरी प्रस्तुत उपन्यासमा उपन्यासकारले उपन्यासका घटनाक्रमको वर्णनलाई कतैकतै कवितात्मक अभिव्यक्तिले पनि सिँगारेका छन् । जस्तै–

"यस्ता कति नयाँ दिनले चियाए,
आए गए, कति रात परे साँझ ढल्यो,
कति कोइली कराए न्याउली रोए,
कति तोरी फुले जुनिलो झुले तर
अझ बसन्ती गगनसिंहसँग काठमाडौँ
जान सकेकी छैन ।"[७३]

"घर, रूख, पाटी, पौवा र मन्दिरका
छानाबाट बलेंसीका धारा खस्न लागे
सडकमा कुलो चल्यो खेत पोखरी
देखिए तैपनि पानी पर्दै थियो ।"[७४]

"चिन्ता, राग, विराग, आशा, उमङ्ग, उत्साह
शोक, दुःख, हिंसा, जलन, हँसी, विवाद सबलाई
छाडेर बसन्ती गई, गई जहाँ असीम शान्ति छ
जहाँ सच्चा प्रेमी र प्रेमिकाको पुनर्मिलनको आशा छ ।"[७५]

---

७१. पूर्ववत्, पृ. २ ।
७२. पूर्ववत्, पृ. १६ ।
७३. पूर्ववत्, पृ. ६३ ।
७४. पूर्ववत्, पृ. १ ।
७५. पूर्ववत्, पृ. २२० ।

त्यसैगरी प्रस्तुत उपन्यासमा प्रयोग भएका केही उखान टुक्का यसप्रकार छन्–

ढुङ्गा खोज्दा देउता मिल्नु (पृ.नं. ७), बनको बाघले खाओस् नखाओस् मनको बाघले खानु (पृ.नं. १४८), मुटुमा कीला धस्नु (पृ.नं. १२), मनको लड्डु घिउसित खानु (पृ.नं. ३५), उहिलेको कुरा खुइले (पृ.नं. ३८), अकवरी सुनलाई जलप लगाउनुपर्दैन (पृ.नं. ५३), बढारेर फाल्नुपर्ने धूलो हावाले उडाएर लग्यो (पृ.नं. ६७), दूधको साक्षी बिरालो (पृ.नं. ८८), नरहे बाँस नबजे बाँसुरी (पृ.नं. १०३), नुनको सोझो (पृ.नं. १०४), कम्मर कस्नु (पृ.नं. १२१), रिस खा आफू बुद्धि खा अर्को (पृ.नं. १५८), हुने हुनामी टर्दैन (पृ.नं. २०८), कि हस्तिनापुरको रजाइँ कि चपरीमुनिको बास (पृ.नं. २०८), चिप्लिनुभन्दा ओर्लनु बेस (पृ.नं. ६७) आदि ।

जङ्गबहादुर र डम्बरेको संवादबाट उपन्यासकारले अन्तर्राष्ट्रिय भाषाको महत्त्व देखाउँदै अङ्ग्रेजी भाषाको महत्त्व अन्तर्राष्ट्रिय क्षेत्रमा व्यापक रहेको कुरो व्यक्त गरेका छन् र नेपाली भाषालाई समृद्ध बनाउने इच्छा पनि व्यक्त गरेका छन्–

"आफ्नो भाषाको गौरव बढाउनका लागि कैयौँ रुपियाँ खर्च गरेर भाषा सुधारसमिति र पुस्तकालय खडा गरेका छन् । फेरि राम्रा-राम्रा नाटक, उपन्यास, कविता र निबन्ध लेख्न लेखकलाई उत्साहित गराएर असल बाटो देखाइदिन्छन् । जुन बाटो हिँड्नाले लेखक र भाषा दुवैको उन्नति हुन्छ । त्यहाँ आफ्नो देशको नाम हुन्छ, जस्तो शेक्सपियरका नाटकहरू । यी नाटकहरूले शेक्सपियर एक व्यक्तिको नाममात्र सुगन्धित पारेका छैनन्, सम्पूर्ण अङ्ग्रेज जाति र भाषालाई गम्काएका छन् ।"[७६] अङ्ग्रेजी भाषाजस्तै नेपाली भाषालाई पनि समृद्धशाली बनाउने आफ्नो असीम इच्छा व्यक्त गरेको देखिन्छ ।

उपन्यासकार राणाले आफू द्रष्टा भएर गगनसिंह र बसन्तीको प्रेमगाथालाई वर्णन गरेका छन् । त्यसैले लेखक तटस्थ भएर तृतीय पुरुष दृष्टिबिन्दु शैलीमा लेखिएको यो उपन्यास उत्कृष्ट छ ।

---

७६. पूर्ववत्, पृ. ३६ ।

उपन्यासकारले राजदरबारदेखि ककनीको वसन्तवागसम्म जाने बाटो, काठमाडौँवरिपरि, पुल्चोक पाटी आदि सम्पूर्ण स्थान र त्यहाँको वातावरणलाई स्वयं नै घुमेको-हिँडेको जस्तो गरी वर्णन गरेका छन् । कथाको घटना र वातावरणलाई समन्वय गरेर प्रस्तुत उपन्यास तयार गरिएको छ। बसन्ती उपन्यासमा गुम्फित शैलीभन्दा सरल शैलीको अत्यधिक प्रयोग गरिएको छ । छोटा-छोटा वाक्यमा संरचित यस उपन्यासको कथनपद्धति सरस र सरल देखिन्छ ।

यसप्रकार समग्रमा भन्नुपर्दा 'बसन्ती' उपन्यासमा प्रयोग गरिएको भाषाशैली रोचक र सुन्दर छ। भाषिक प्रयोगको सफलताले यो उपन्यास रोचक र उत्कृष्ट देखिएको छ। इतिहास र कल्पनाको समायोजन गर्ने लेखकको शैलीलाई भने यहाँ तारिफ गर्नै पर्दछ । कुनै-कुनै ठाउँमा देखिने कमी-कमजोरीलाई भाषिक कौशलले छोपेको छ । तसर्थ 'बसन्ती' उपन्यास सरल, सहज र सरस भाषाशैलीमा नेपालको इतिहासमा घटित घटनालाई मुख्य विषयवस्तु बनाएर लेखिएको ऐतिहासिक उपन्यास हो ।

द्वन्द्वविधान

'बसन्ती' उपन्यासमा आन्तरिक र बाह्य गरी दुई किसिमकै द्वन्द्वको सफल प्रयोग भएको छ । बाह्य द्वन्द्वअन्तर्गत दरबारमा भएको षड्यन्त्र, कलह, खिचातानी, हत्या, हिंसा आदि पर्दछन् भने गगनसिंह र बसन्तीबीचको प्रेममा चिन्ता, छट्पटी, आकुल-व्याकुल, विरह-व्यथा, आवेग-संवेग आदि आन्तरिक द्वन्द्वअन्तर्गत पर्दछन्। मिठु बसन्ती उपन्यासकी प्रमुख नारी चरित्र हो। ऊ केन्द्रीय पात्रका रूपमा रहेकी छ । उसभित्रका उतार-चढाव, आवेग-संवेग आदि आन्तरिक द्वन्द्वबाट उपन्यासको घटनाक्रम अघि बढेको छ । गगनसिंह र मिठुको प्रथम भेटबाट उसभित्र आन्तरिक द्वन्द्व चलेको छ। गगनसिंहको प्रेमलाई स्विकार्ने या अस्वीकार गर्ने भन्ने कुरा उसभित्र द्वन्द्व चल्छ। प्रस्तुत सन्दर्भमा उपन्यासकारले प्रेमको मूर्तरूप छातालाई मानेका छन् । प्रेमको अङ्कुरण छाता खोल्ने र बन्द गर्ने प्रक्रियाबाट देखाइएको छ । त्यसैले छातालाई प्रेमको प्रतीकका रूपमा लिइएको छ। गङ्गेसँगको प्रथम भेटदेखि नै बसन्तीका मनमा उथल-पुथल भएर

परपुरुषको प्रेमलाई लत्याउन पनि सक्दिन, स्विकार्नै पनि सक्दिन, परन्तु अचेतन अवस्थामा दबिएर रहेको कामवासनाले फक्रने मौका पाउँछ ।

'मिठु पहिले केही डराएकी थिई । अहिले खुसी भई कृतज्ञता प्रकट गर्नका निमित्त युवकको मुखमा पुलुक्क हेरी ।'[७७]

बिस्तारै उनीहरूको प्रेमले व्यापक रूप लिन्छ । सधैँका लागि डम्बरेकी स्त्रीबाट गगनसिंहकी प्रिया हुन्छे । यहाँ उपन्यासकारले सामाजिक मान-मर्यादाबाट बसन्तीलाई अलग्याई उच्च प्रेमीका रूपमा स्थापित गरेका छन् । बसन्ती सधैँको गगनसिंहकी भएर दरबार पस्छे । त्यहाँबाट पनि उसभित्र आन्तरिक सङ्घर्ष यथावत् रहन्छ । पछि वसन्तवागमा गएर बस्दा पनि उसलाई शान्ति, चैन हुँदैन । आफूलाई समाजमा कसरी व्यक्त्याउने भन्ने कुराको सङ्घर्ष उसभित्र चलिरहन्थ्यो। गगनसिंहको आगमनमा कहिले ढिला भए पनि उसभित्रको ज्वालामुखी बाहिर निस्कन्थ्यो ।

"बेचैन भएर कहिले यो ग्यालबाट कहिले अर्को ग्यालबाट गगनसिंहलाई हेर्न लागी ।"[७८]

उता दरबारमा महारानी पनि गगनसिंहलाई गुप्त रूपले प्रेम गर्थिन् । सम्भवतः उनको प्रेम एउटा दमित कामवासनाको अमूर्तरूप र अर्को राजनीतिक दाउपेच, गगनसिंहलाई कसैको हुन नदिनुमा र बसन्तीलाई लुकाएर वसन्तवागमा राख्नुको प्रमुख कारण रानीको गुप्त प्रेमले गर्दा हो । स्वयं गगनसिंह पनि रानीलाई ठाडै इन्कार गर्न सक्तैनथ्यो । यो उसभित्रको अचेतनमा बसेको कामवासना र सत्ताको मोहले गर्दा भएको हो ।

"ईर्ष्याले भ्यागुता जस्तो भएर फुलिन्, रिसले आँखा लाल पारिन्"[७९]

"उनको हृदयको सम्पूर्ण कष्ट, पीर र संवेदना उनको अनुहारमा अङ्कित भएको गगनसिंहले प्रस्ट देख्यो ।"[८०]

---

७७. पूर्ववत्, पृ. ४ ।
७८. पूर्ववत्, पृ. ५० ।
७९. पूर्ववत्, पृ. १३६ ।
८०. पूर्ववत्, पृ. १३६ ।

प्रस्तुत उपन्यास आन्तरिक द्वन्द्वको साथसाथै बाह्यद्वन्द्वले पनि आक्रान्त देखिन्छ । दरबारमा सत्ताको लागि षड्यन्त्र हुनु, कलह, दाउपेच आदि कारणले जति पनि सङ्घर्ष भएको छ, त्यो सबै बाह्यद्वन्द्व हो । डम्बरेले वसन्तवागमा बसन्तीलाई भेट्नु, सिलाडेले जाली कुरा लगाउँदा बसन्ती त्यहाँ नहुनु, बसन्तीको सट्टा सिलाडेकी स्वास्नी मर्नु, उपन्यासका पात्र समयानुसार चल्न नसक्नु, रानीको तामसिक इच्छा पूरा नहुनु, विषबाट बसन्ती बच्नु र गगनसिंहलाई भेट्न आँगनमा पुग्दा गगनसिंहको मृत्यु हुनु आदि घटनाहरू बाह्य द्वन्द्वबाट घटित भएका देखिन्छन् । यसैले यहाँ द्वन्द्व पात्रको नियति बन्न पुगेको छ । आफ्ना छोरालाई युवराज बनाउनका लागि रानीले सत्ता हातमा लिनु, माथवरसिंह मारिनु, गगनसिंहको माध्यमबाट जङ्गबहादुरको पहुँच दरबारसम्म पुग्नुजस्ता घटना पनि बाह्यद्वन्द्वबाट घटित भएका हुन् । यिनै बाह्यद्वन्द्व र आन्तरिकद्वन्द्वको सफल प्रयोगले कथावस्तु रोचक बनेको छ ।

उद्देश्य

'बसन्ती' ऐतिहासिक उपन्यास भएकोले तत्कालीन राजनीतिक, सामाजिक तथा ऐतिहासिक अवस्थाको चित्रण गरेर समाजलाई सही बाटो देखाउनु नै यसको प्रमुख उद्देश्य हो । यो उपन्यास गगनसिंह र बसन्तीको प्रेमविषयक कथावस्तुमा आधारित छ। बसन्ती बालविवाहिता नारी हो। ऊ सानै छँदा डम्बरेलाई छोडेर गगनसिंहसँग गई। त्यसैले एउटी विवाहिता स्त्रीले परपुरुषसँग अनैतिक सम्बन्ध गाँस्दा जीवनको अन्त्य भयङ्कर दुःखमय रूपमा हुन्छ भन्ने कुराको सङ्केत गर्नु पनि यस उपन्यासको उद्देश्य हो ।

यस उपन्यासको मूल घटना दरबारिया उच्च वर्गसँग सम्बन्धित छ । दरबारिया उच्चवर्गका महत्त्वाकाङ्क्षाले कस्तो परिणाम निस्कन्छ भन्ने कुरो देखाउनु पनि प्रस्तुत उपन्यासको उद्देश्य देखिन्छ । बसन्ती उपन्यासको प्रमुख पात्र बसन्ती र गगनसिंह हुन् । ती दुईको सम्बन्ध अनैतिक हुन्छ त्यसैले राम्रो कामको परिणाम राम्रो र नराम्रो कामको परिणाम नराम्रो हुन्छ, भन्ने कुराको निष्कर्ष उपन्यासकारले निकालेका छन् ।

'बसन्ती राम्रो शैलीमा लेखिएको उद्देश्य- गर्भित उपन्यास हो। ऐतिहासिक उपन्यास दीर्घकालीन सामन्ती शासनको यो परिणाम हो। ...गगनसिंहको हत्या जङ्गबहादुरको हातबाट भएको थिएन भन्नु यसको उद्देश्य हो। यो उपन्यासमा बसन्तीलाई निमित्त बनाउँदै जङ्गबहादुरको उदय र त्यसको कारण देखाइएको छ।[८१]

यसैगरी प्रस्तुत उपन्यासको उद्देश्यका सम्बन्धमा हरिशरण शर्माको विचार छ–

डायमनशमशेर राणाको बसन्ती उपन्यास बेलायती साम्राज्यवादी षड्यन्त्रलाई चोख्याउने नेपालको इतिहासमा सधैँ कलङ्कितरूपमा सम्झी रहने बेलायती साम्राज्यवादको एक इमानदार नोकर जङ्गबहादुर राणालाई नैतिकवान्, देशभक्त र राजभक्त साबित गर्ने उद्देश्यले लेखिएको हो।[८२]

माथिका कथनहरूबाट के कुरो प्रस्ट हुन जान्छ भने बसन्ती उपन्यासको मूल उद्देश्य गगनसिंहको हत्याबाट जङ्गबहादुरलाई अलग्गै राख्नु र जङ्गबहादुरको उदयलाई योग्य शासकको रूपमा चित्रण गर्नु हो। उनी योग्य शासकका साथै तीक्ष्ण बुद्धि भएका व्यक्तिका रूपमा पनि रहेका छन्।

जङ्गबहादुर धीरोदात्त व्यक्तिका रूपमा चित्रित छन्। पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म छरिएर बसेका हामी कसरी सङ्गठित हुने जङ्गबहादुर सोच्थे देखाइएको छ, अङ्ग्रेजी भाषा सिक्नुपर्छ भन्ने तर अङ्ग्रेजी सभ्यतालाई टाढै राख्ने, कलङ्कसँग प्राणैदेखि डर्ने, पुण्य र धर्मका अटल विश्वासी, नारीहरूलाई मातृ रूपबाट हेर्ने, कुल र आफ्नो प्रतिष्ठामा ह्रास आएको सहन नसक्ने जङ्गबहादुरलाई आदर्श चरित्र भएको पात्रका रूपमा उभ्याउनु लेखकको उद्योग छ।[८३]

त्यस्तै बसन्ती उपन्यास उद्देश्यका दृष्टिले सफल उपन्यास हो। स्वयं राणाले पनि बसन्ती उपन्यास लेख्नुको उद्देश्य यसरी व्यक्त गरेका छन्–

---

८१. रत्नध्वज जोशी, आधुनिक नेपाली साहित्यको झलक, साझा प्रकाशन, (२०३१), पृ. २१२।

८२. हरिशरण शर्मा, पूर्ववत्, पृ. १।

८३. इन्द्रबहादुर राई, पूर्ववत्, पृ. १३।

त्यसबेलाको त्यो साँचो कुरालाई आफ्नो हृदयमा मुस्काएर राख्नाका लागि पनि मैले त्यान्द्राहरूलाई जेल्नुपरेको हो ।[८४]

ऐतिहासिकता

बसन्ती उपन्यास मूलतः गगनसिंह र बसन्तीको प्रेमकथालाई आधार बनाएर लेखिएको भए पनि यस उपन्यासमा ऐतिहासिक सत्य-तथ्य घटनाहरूका कथा र उपकथाहरू जोडिएका छन् । प्रत्येक कथा मूल कथावस्तुको वरिपरि घुमेको छ। नेपालको इतिहासमा कोतपर्वलाई भयानक षड्यन्त्रको रूप मानिन्छ । प्रस्तुत उपन्यासमा कोतपर्वको पूर्वसन्ध्याको विषयवस्तु समेटेर करिब ८ वर्षको (१८८५-१८०३) समयावधिका घटनाक्रमहरू समेटिएका छन् । उपन्यासकारले त्यसभन्दा पूर्वदृश्यहरूको सङ्केत उपन्यासमा दिएका छन् । भीमसेन थापाको अन्त्यपछि नेपालको राजनीतिमा देखापरेको अस्थिरता र त्यस अस्थिरताबाट उत्पन्न समस्यालाई उपन्यासकारले प्रस्तुत बसन्ती उपन्यासमा सम्यक्रूपमा प्रस्तुत गरेका छन् ।

नेपालको इतिहासमा श्री ५ बडामहाराजाधिराज पृथ्वीनारायण शाहले प्रारम्भ गरेको एकीकरण अभियान सुगौलीमा भएको अपमानजनक सन्धिपश्चात् समाप्त नै भएको देखिन्छ । बाह्ययुद्ध मामिलामा होमिएको नेपाल जङ्गबहादुरको उदयपश्चात् आन्तरिक मामिलामा जकडिन पुग्छ । राजदरबारमा गुटबन्दीले प्रश्रय पाउँछ । शक्तिमा आउनका लागि हत्या, हिंसा र षड्यन्त्र आदिले विकराल रूप लिन पुग्छ । यसै परिप्रेक्ष्यमा प्रस्तुत बसन्ती उपन्यासले गगनसिंहको मृत्यु र जङ्गबहादुरको उदयको कथावस्तु बनाएको छ । यस सम्बन्धमा इन्द्रबहादुर राई पनि उनको महत्त्वपूर्ण समालोचना सङ्ग्रह 'नेपाली उपन्यासका आधारहरू'मा बसन्ती ऐतिहासिक शीर्षकमा लेख्छन्–

बसन्तीले मुख्तियार प्रधानमन्त्री माथवर सिंहको मारण (१७ मई १८४५) र काजी (मन्त्री) गगनसिंहको मारण (१४ सेप्टेम्बर १८४६) पार गर्दै जङ्गबहादुरको र उन्नतिको औपन्यासिक कथा कहन्छ ।[८५]

---

८४. घटराज भट्टराई, प्रतिभै प्रतिभा र नेपाली साहित्यको झलक, नेसनल एसोसियट्स, डिल्लीबजार, २०४०, पृ. ३८२ ।

८५. ईन्द्रबहादुर राई, पूर्ववत्, पृ. ८८ ।

श्री ५ राजेन्द्रको अदूरदर्शिता र कमजोरीको फइदा उठाएर आफ्नो पक्ष दरिलो पार्ने क्रममा थुप्रै षड्यन्त्रकारीले रचेका षड्यन्त्र र त्यस षड्यन्त्रको सिकार बन्न पुगेका थुप्रै देशभक्तहरू काटिनुपरेको कुरालाई उपन्यासकारले बसन्ती उपन्यासमा राम्रोसँग प्रस्तुत गरेका छन् । त्यस्तै बाबुको अदूरदर्शिता र युवराज सुरेन्द्रको सन्कीपनको कारण जनताले भोगेका कठिनाइलाई कलात्मक ढङ्गबाट प्रस्तुत गरेका छन् ।

'सुरेन्द्र शाह अनौठाका मानिस भएर निस्के। उनको बौलाहापन र क्रूरताले काठमाडौँको जनतामा हाहाकार परेको थियो। उच्चपदस्थ राजकर्मचारीहरूलाई उनी अकारण पिट्न लगाउँथे । बाटो हिँडिरहेका मानिसलाई समाती हात्तीको खुट्टामा बाँधी घिसार्न लगाउनु, कर्मचारीलाई मुखमा ध्वाँसो दलेर गधाको पिठ्यूँमा बसाली सहर घुमाउन लगाउनु, आफ्नो सुसारेलाई बागमतीमा फ्याँक्न लगाउनुजस्ता कुकार्य सुरेन्द्र शाहबाट भएको पाइन्छ । तर, यसमा राजाको कुनै नियत भएको देखिँदैन ।

उनी आफ्नो जीवनकालमा छोरा सुरेन्द्रविक्रम शाहलाई राजा भएको देख्न इच्छुक भइन् र महाराज राजेन्द्रविक्रमलाई नाबालिग छोरा सुरेन्द्र शाहका निम्ति राजगद्दी त्याग गर्ने कुरामा ढिपी गर्न थालिन् । षड्यन्त्र र कुचक्र रचिन लाग्यो ।'[८६]

त्यस्तै सत्ताको कारण दरबारमा भएका अनेकौँ अमानवीय कार्यहरूको वर्णन यहाँ गरिएको छ । मानिस भैकन पनि पशुतुल्य व्यवहार गरिएको छ ।

मामा गोलीका मारले घाइते भएर महाराजको चरणमा घोप्टिन पुग्नुभयो। अनि हात जोरेर छोरा र पत्नीका निम्ति दयाको भिक्षा माग्नुभएको थियो, रुन् ती दुई हातमा खुकुरीको चोट पुऱ्याइयो ।[८७]

प्रस्तुत उपन्यासमा उपन्यासकारले ऐतिहासिक घटनाको वर्णन गर्दा आफू तटस्थ भएर वर्णन गरेका छन् । उपन्यासमा वर्णित

---

८६. पूर्ववत्, पृ. २१ ।

८७. पूर्ववत्, पृ. १०८-१०९ ।

ऐतिहासिक पात्रलाई न्याय दिन खोजे तापनि पूर्णरूपमा न्याय भने गरेको देखिँदैन। जङ्गबहादुरलाई लेखकले आदर्शको मुखुण्डो लगाइदिएका छन्। आफ्नै मामालाई हत्या गर्ने गोत्रहत्यारालाई पनि आज्ञा शिरोपर गर्ने कर्तव्यनिष्ठ व्यक्तिको सङ्ज्ञा दिएर अन्य पात्रहरूलाई भन्दा उनलाई अलग्गै राखेका छन् । सम्भवतः स्वयं लेखक पनि राणापरिवारका हुँदा जङ्गबहादुरलाई अलग्गै स्थानमा राखेको हुनुपर्दछ । समालोचक इन्द्रबहादुर राईको विचार छ–

"जङ्गबहादुले माथवरसिंहलाई मारेको यो आदर्शिकतामा मिलाउनु अप्ठ्यारो थियो । लेखकले मिलाई हेर्ने प्रयत्न गर्नुभएको छैन । महाराजको, कान्छी महारानीको, युवराजको नमिल्दा स्वार्थहरूको अखडामा माथवरसिंहले प्राण फ्याँक्नुपरेको थियो । त्यसमा कसरी जङ्गबहादुर माथवर मार्ने साधन हुन पुगेको व्याख्या र विवृत्तिमात्र दिएर उपन्यासकारले यहाँ तटस्थताजस्तो लिएका छन्। जङ्गबहादुरमा त्यो अदम्य साहसिकता थियो, असीम राजभक्ति थियो । यस्ता कुनै दृष्टिले त्यसलाई औचित्यको टेवा लाएको छैन । एउटा घटाइएको सिपाही, एउटा साधनको कार्यकारित्वमात्र त्यो थियो, देखाई जङ्गबहादुरलाई घटाई एउटा वस्तुमात्र बनाई उत्तरदाइत्व भार उठाइदिने प्रचेष्टा छ ।"[८८]

हुन त बसन्तीमा सबै घटनाहरू ऐतिहासिक छन् भन्न मिल्दैन । यसमा इतिहास र कल्पनाको समन्वय देखिन्छ । कल्पना पक्षले उपन्यासलाई मनोरञ्जनात्मक बनाएको छ। कोरा इतिहासलाई उपन्यास बनाउन गाह्रो हुन्छ । त्यसैले उपन्यासकार राणाले मूलकथानकलाई काल्पनिकताले रङ्ग्याएर भए पनि ऐतिहासिक घटनातथ्यको वरिपरि जालो बुनेर ऐतिहासिकतालाई परिपोषण गरेका छन्। उपन्यासमा वर्णित मिठु र डम्बरेको विवाह हुनु, दरबारबाट बसन्ती हराउनु, वसन्तवागमा गएर लुक्नु, सिलाडेको दुष्कर्मको सिकार हुँदै बसन्तीले दुःख पाउनुजस्ता घटनाहरू काल्पनिक हुन् । त्यस्तै उपन्यासमा प्रस्तुत गरिएका ऐतिहासिक घटनाहरूमा माथवरसिंहलाई दरबारमा बोलाउनु, तत्कालीन राजा राजेन्द्रवीरविक्रम शाहका दुई रानी साम्राज्यलक्ष्मी र लक्ष्मीदेवीबीच आपसी झगडा हुनु, कान्छी

---

८८. पूर्ववत्, पृ. १०३ ।

रानीको विश्वासपात्र गगनसिंह हुनु, जङ्गबहादुरको उदयको पूर्वसङ्केत देखिनु, शक्तिसङ्घर्षका कारण थुप्रै भाइभारदारहरूको ज्यान जानु, श्री ५ राजेन्द्र कमजोर मनस्थितिका हुनु, युवराज सुरेन्द्र सन्की स्वभावका हुनु, गगनसिंहको हत्या हुनु, कहिले थापा र कहिले पाँडे खलकको शक्ति बढ्नु, महारानी लक्ष्मीदेवीले युवराज सुरेन्द्रलाई पदच्युत गरी आफ्नो छोरा रणेन्द्रलाई युवराज बनाउन खोज्नुजस्ता घटनाहरू ऐतिहासिक हुन् । जुन घटनाहरू प्रस्तुत उपन्यासमा प्रस्तुत गरिएका छन् ।

उपन्यासकारले संयोग र तिलस्मी पाराले घटनालाई जोडजाड गरी प्रस्तुत उपन्यासलाई रोमान्चक बनाउन खोज्दा कतैकतै अविश्वसनीय पनि बन्न पुगेको छ । जस्तै– सिलाडेले बसन्तीलाई विष खुवाउँदा पनि बसन्ती बच्नु, एकै रातमा उज्यालो नहुँदै बसन्ती वसन्तवागबाट काठमाडौँ आइपुग्नु, सत्तलमा बसेको बेला महारानीले बसन्तीलाई मूर्तिकैँ ठान्नु, पशुपतिको पाटीमा सिलाडे जाँदा कसैले नदेख्नु, सिलाडेले आफ्नी स्वास्नीलाई नचिनेर मार्नु आदि– इत्यादि घटनाहरूलाई यहाँ लिन सकिन्छ ।

यस्तो सामान्य त्रुटिबाहेक उपन्यासको कथासंयोजन कुशलतापूर्वक भएको पाइन्छ । डायमनशमशेर बसन्ती उपन्यास ऐतिहासिक भएर पनि पूरै ऐतिहासिक तथ्यमा मात्र आधारित छैन । ठाउँ-ठाउँमा कल्पनाको जडी र औपन्यासिक कडी मिलाउन उनले सीप लगाएका छन् ।[८९]

यसरी बसन्ती उपन्यासलाई काल्पनिकताले रङ्ग्याउँदा इतिहासको विचलन भएको देखिन्छ । उपन्यासकारले गगनसिंहमार्फत भनाएका छन्–

"विवाहको विषयमा अरूलाई जुन स्वतन्त्रता छ, त्यो मलाई छैन । ...महारानीको मनमा मैले कतै घरबार नजोडोस्, दरबारलाई नै घर सम्झियोस्, उहाँलाई नै ..." (पृ. ५७) यसै अधूरो कथनले स्वयं महारानी पनि गगनसिंहको प्रेममा परेको कुरा स्पष्ट हुन्छ । तर इतिहासमा गगनसिंहको छोराको उल्लेख छ । उनको छोरा वजिरसिंह सरकारी सेनामा कप्तानको पदमा कार्यरत रहेको कुरो इतिहासमा उल्लेख छ ।[९०]

---

८९. घटराज भट्टराई, पूर्ववत्, पृ. ३८३ ।
९०. बालचन्द्र शर्मा, पूर्ववत्, पृ. ३०७ ।

उपन्यासमा बसन्तीबाट कुनै सन्तान जन्मिएका छैनन्, साथै गगनसिंहको बसन्तीबाहेक अरूसँग विवाह गरेको कुरो लेखकले देखाएका छैनन् । तर इतिहासबाट के थाहा हुन्छ भने गगनसिंहका तीनवटी पत्नीहरू थिए। उपन्यासमा गगनसिंह बसन्तीको मृत्यु भएको ठानेर महारानीविरुद्ध कदम चाल्न खोज्दछ– त्यसोभए म एक्लैले यो आँट्न पर्‍यो । (पृ. २०७)

इतिहासमा जतातत्तै गगनसिंह महारानीको विश्वासपात्र भएको कुरो उल्लेख छ । गगनसिंहको हत्या इतिहासमा लाल झाद्वारा[८१] अथवा जङ्गबहादुरद्वारा[८२] गरिएको छ । तर बसन्ती उपन्यासमा यस हत्याकाण्डबाट लेखकले जङ्गबहादुरलाई अलग्गै राखेका छन् ।

'ढ्वाङ्ग बन्दुक पड्केको आवाज आयो जङ्गबहादुर भर्‍याङ उक्लँदै थिए ।'[८३]

कलात्मकता

हुन त इतिहासजस्तो सत्य-तथ्य कुरालाई मनोरञ्जनात्मक पाराले उपन्यासको रूप दिनु भनेको चानचुने कुरो होइन । कोरा इतिहास पनि उपन्यास बन्न सक्तैन । त्यसैले प्रस्तुत उपन्यासमा लेखकले विषयवस्तु ऐतिहासिक भए पनि उपन्यास बन्नेपाराले, काल्पनिक सौन्दर्यले ऐतिहासिकतालाई फनफनी बेरेका छन् । यही कलात्मकताले उपन्यास सजीव एवं रोचक बनेको छ ।

बसन्ती उपन्यासमा लेखकले इतिहासलाई केन्द्रबिन्दु मानेर काल्पनिक रङ्ग भर्दै आफ्नो दक्षताको पहिचान दिएका छन्। इतिहासका पात्रसँग कल्पनाका फूलबुट्टा भरिएका छन्। यसै सन्दर्भमा समालोचक इन्द्रबहादुर राई भन्दछन्–

"बसन्ती सर्वत: वैशेषिक सापेक्षित र ऐतिहासिक छैन, ऐतिहासिक उपन्यासको रूपमा यसमा तत्कालीन पर्यावरणको अभाव छ ।"[८४]

---

८१. पूर्ववत्, पृ. ३०७ ।

८२. पूर्ववत्, पृ. ३०६ ।

८३. डायमनशमशेर राणा, बसन्ती, पूर्ववत्, पृ. १७ ।

८४. ईन्द्रबहादुर राई, प्रतिभै प्रतिभा र नेपाली साहित्य, नेसनल रिसर्च एसोसियट्स, २०४०, पृ. ३८२ ।

उपन्यासमा हरेक घटनामा लेखकीय कलात्मकता जतातत्तै झल्किएको देखिन्छ । बसन्तीलाई दरबारमा बेचिसकेको डम्बरेले फेरि उसकी विवाहिता स्त्रीलाई जङ्गबहादुरले ककनीमा लुकाइराखेको छ भनेर महारानी सरकारमा बिन्ती पारेको कुरा अस्वाभाविक छ ।

"गगनसिंह बसन्तीको गायबको कारण काटिने थिए तर जङ्गबहादुरको परिस्थिति अविचलितता र युक्ति कुशलताले विपद् टारेको थियो । महारानीको गगनसिंहतिरको प्रेमलाई झङ्कारित गरि दिएर दुई फड्कन पाएका थिए । महारानीलाई बसन्ती जङ्गबहादुरकी पत्नी हुन् भन्ने विश्वासमा रहन लगाएर ।"[८५]

यहाँनेर कथन नाटकीय बन्न गएको र स्वयं लेखकले पनि भ्रम पैदा गराएर आफू भने तटस्थ बसेको देखिन्छ । लेखकले बसन्तीमा रोमाञ्चकारिताले भरिभराउ गराएर घटनाप्रधान उपन्यास बनाएका छन् । यसरी रोमाञ्चकारी घटनाप्रधान बनाउँदा उपन्यास कहीँ अस्वाभाविक पनि बन्न गएको छ । यसैलाई सङ्केत गर्दै बसन्ती उपन्यासको बारेमा तारानाथ शर्मा लेख्छन्–

"उपन्यासमा इतिहासलाई झल्याकझुलुक पारेर ज्यादाजसो परिबन्धमा र संयोगका बुट्टाहरू जोडिएका छन्। तिलस्मीप्रकार घटनाहरूको जोडघटाउले गर्दा बसन्ती उतिमाथि उठ्न सकेको छैन ।"[८६]

वस्तुत: उपन्यासको सुरुदेखि अन्त्यसम्म कतै पनि पटचारलाग्दो वर्णन पाइँदैन । उपन्यास पढ्दै जाँदा अब के होला भन्ने कुतूहलता पाठकमा पैदा हुन्छ । गगनसिंह र बसन्तीको प्रेम प्रथम भेटदेखि अन्त्यसम्म के होला ? भन्ने जिज्ञासा पैदा लेखकले गराएका छन् । डम्बरेले गगनसिंह र मिठुको कुराकानी सुनेको घटना, बसन्ती दरबार पसेको कुरा, वसन्तबागमा लुकाएको कुरा, बसन्ती र डम्बरेको फेरि भेट भएको घटना, बसन्तीलाई सिलाडेले गर्न खोजेको अमानवीय एवं डरलाग्दो हत्याको कुरा, बसन्ती सिलाडेको कुकृत्यबाट बच्न सत्तलमा बसेको स्थिति अथवा रहस्यमय तरिकाले गगनसिंहको कारुणिक हत्याको कुराले होस्

---

८५. पूर्ववत्, पृ. १०४ ।

८६. तारानाथ शर्मा, नेपालीमा दुईवटा ऐतिहासिक उपन्यास, पूर्ववत्, पृ. ४६ ।

जुनसुकै घटनामा पनि लेखकको कलात्मक शैलीले चरमोत्कर्ष पाएको छ ।

उपन्यासकार राणाको लेखनशैली बेजोड देखिन्छ, प्रकृतिचित्रण पनि त्यस्तै बेजोड छ । त्यस्तै, कालिदास, शेक्सपियर, रवीन्द्रनाथ टैगोर आदिबाट उनको शैली प्रभावित देखिन्छ । उनको लेखनशैली र वर्णनात्मकताको जादुगरी देखिन्छ । उनले प्रकृतिलाई र कथानकको घटनालाई एकैसाथ प्रस्तुत गरेका छन् । प्रकृति चित्रणका केही पक्षहरूलाई प्रस्तुत गर्नु समुचित देखिन्छ ।

सामान्य प्रकृति चित्रण

पानी छिटचाउन थाल्यो, आँधिबेहरी चल्न थाल्यो, डरलाग्दो गरेर आकाश गर्जन लाग्यो, बिजुली चम्कियो, झरीले मुसलधारे वर्षाको रूप लियो । (पृ. १)

घर, रूख, पाटी पौवा र मन्दिरका छानाबाट बलेंसीका धारा खस्न लागे, सडकमा कुलो चल्यो, खेत पोखरी देखिए, तैपनि पानी पर्दै थियो । (पृ. १)

कलात्मक सौन्दर्यमय प्रकृति चित्रण

बेली र कनकचम्पाको चर्को वास्नालाई लिएर पूर्वको मन्द हावाले त्यस फूलबारीको सौन्दर्य र शान्तिमाथि सुगन्ध उडिरहेको थियो शीतल बतास बनेर चारैतिर घुमिरहेको (पृ. ७३) ।

"त्यस तलाउमाथि राजहंसको छाती र हावाको मन्दगतिले पारेका पानीका साना-साना लहरहरू नागबेली पर्दै सूर्यको किरणमा पालैपालोसित टक्लिरहेका थिए । श्यामा र पट्टको सुरिलो मीठो बोली बीचबीचमा कोइलीको कण्ठध्वनिले त्यो बाटिका गुन्जिएको थियो । एउटा सानो देवलको सामुन्ने मयूर नाचेको बयरको रूखमाथि सुगा झुन्डिएका अनि त्यहींनेर एउटा कौडे मृगको समुपस्थितिले गर्दा त्यो बगैंचाको सौन्दर्यमाथि शान्ति थपिरहेको स्पष्टै देखियो" (पृ. ७३) ।

"चन्द्रविहीन सघन अँध्यारो रातको आँचलभित्र लपेटिएको धरती जताततै डरलाग्दो देखिएको थियो ।" (पृ. १२२)

ऋतुराज वसन्तको हरियाली ल्याउछे कि
शिशिरको तुसारो
सागरको शान्त समीर कि, तुफान (पृ. १२४)

प्रकृति चित्रणका साथसाथै बसन्ती उपन्यास प्रतीक र विम्ब योजनाले पनि कलात्मक बनेको छ । यस उपन्यासको शीर्षक अभिधामूलक नभएर लक्षणामूलक देखिन्छ । यो शीर्षक चयन गर्नुमा लेखकको चातुर्य झल्किएको पाइन्छ । बसन्ती ऋतुरागिनीको रूपमा प्रतिबिम्बित देखिन्छे र गगनसिंहलाई आकर्षित पार्दछे । कामोत्पादक स्त्रीको रूपमा बसन्ती देखिन्छे ।

यसरी लेखकले प्रस्तुत उपन्यासमा प्रतीक र बिम्बको पनि प्रयोग गरेका छन् । स्वयं बसन्ती वासनाकी प्रतीक हो भने गगनसिंह कामुक व्यक्तिको प्रतीक मानिन्छ । त्यस्तै बादलको गरुडले नाग लगेको देखिनु (पृ. ३), नेपालको राजनीतिमा घटेको कोतपर्वजस्तो रक्तपातपूर्ण षड्यन्त्रको पूर्वसंकेत हो । गुफाका जोगीको भविष्यवाणी, जङ्गबहादुर शक्तिको पूर्वसङ्केतका रूपमा रहेका छन् । शिवपुरीको डाँडाको चुचुरोलाई बसन्तीको स्तनका रूपमा लिएका छन् भने छातालाई प्रेमको प्रतीकका रूपमा लिएका छन् ।

मिठुले छाता छोइन, परैबाट हेरी । (पृ. ४)

'अब छाताभन्दा उसलाई त्यो युवकको अग्लो शरीर झिनो कम्मर, चौडा छातीमा हेरिरहन कौतूहल बढ्यो ।' (पृ. ५)

मनोवैज्ञानिकता

प्रस्तुत उपन्यासको विषयवस्तु ऐतिहासिक भए पनि यस उपन्यासले मनोवैज्ञानिक पक्षलाई पनि समेटेको पाइन्छ । त्यसैले सामाजिक, राजनीतिक र ऐतिहासिक विषयवस्तुमा आधारित भईकन पनि सफल मनोवैज्ञानिक उपन्यास बन्न पुगेको छ । बसन्ती उपन्यासकी केन्द्रीय पात्र बसन्तीको आन्तरिक द्वन्द्वबाट प्रस्तुत उपन्यासको कथावस्तु सुरु हुन्छ । बसन्तीभित्रका आवेग-संवेग, जलन-छटपटी, तृप्ति-अतृप्ति आदि मनोद्वन्द्वले कथावस्तु संरचना भएको प्रस्तुत उपन्यास मनोवैज्ञानिक उपन्यास हो । बसन्तीभित्रका आन्तरिक द्वन्द्व, गगनसिंहमा प्रेमले आएको परिवर्तन, महारानीको गगनसिंहसँगको

विकृत प्रेमले प्रस्तुत उपन्यासको मनोवैज्ञानिक पक्षलाई भरणपोषण गरेको छ ।

यस उपन्यासकी नायिका बसन्ती बालविवाहिता नारी हो । लोग्ने विदेश गएको कारण ऊ माइत बसेकी छे । जवानीले प्रथम पाइला टेकेकी युवतीका रूपमा बसन्तीलाई लिइन्छ । उसभित्रका प्रत्येक इच्छा, चाहना, वाचना आदिको प्रस्फुटन नै प्रस्तुत उपन्यासको मनोवैज्ञानिक पक्ष मान्न सकिन्छ । बसन्ती दिन जवानीले भर्खर फक्रन लागेकी युवती हो । गङ्गेसँगको पाटीमा भएको प्रथम भेटमा नै उसभित्र दबिएर रहेको कामवासना बाहिर प्रकट हुन्छ । पहिलो पटक केही कुरामा नै उसको दिल गगनसिंहमाथि बसेको हुन्छ । उसभित्रको कामवासना गगनसिंहमार्फत उजागर हुन्छ । एउटी विवाहिता स्त्री परपुरुषसँग सम्बन्ध गाँस्दा कस्तो परिणति हुन्छ भन्ने उद्देश्यले लेखिएको उपन्यासको केन्द्रबिन्दु बसन्ती नायिका हो । डम्बरे विदेश पसेको कारण उसभित्र दमित यौनेच्छा गगनसिंह देखेपछि बाहिर आउँछ । समाजलाई वास्ता नगरी प्रेमलाई नै सर्वश्रेष्ठ मानेर बसन्ती दरबार पस्दछे । डम्बरेलाई नपर्खेर आफ्नो यौनकुण्ठालाई पूरा गर्ने माध्यम गगनसिंहलाई ठान्दछे । त्यसैले समाजलाई आफ्ना आमा-बाबु कसैको वास्ता गर्दिन । सुवा (प्रेयसी) भएर वसन्तवागमा एक्लो जीवन व्यतीत गर्दछे । सुरुमा गगनसिंहसँग भएको छाता परबाट हेर्नु, घट्टमा जाँदा डम्बरेलाई गाली गर्नु आदि वासनाको सङ्केतका रूपमा देखिन्छ । त्यस्तै नाग, गरुडको प्रसङ्ग (पृ. ३) पनि यौनको प्रतीकका रूपमा आएका छन् ।

बसन्तीले गगनसिंहलाई कहिले सहर जाने ? भनी सोध्नु, सपनामा गङ्गेसित बिछोड भएको हुँदा रुनु, गगनसिंहले बिदाभन्दा बढी समय मिठुको माइतीमा बिताउन लगाउनु जस्ता कुराले बसन्ती कामेच्छाले ग्रसित भएकी नारी मान्न सकिन्छ । वसन्तवागमा एक्लो जीवन बिताउनुमा पनि दुःख नमान्नु, आफ्नो प्रेमीलाई पर्खेर बस्नु, गगनसिंह आउँदा ढोकासम्म लिन जानु, डम्बरेलाई वसन्तवागमा भेट्दा बसन्ती मरिसकी भन्नु, महारानीलाई सबै कुरा जाहेर गर्नु भनेर गगनसिंहलाई अनुरोध गर्नु, एकै रात ककनीबाट पशुपति सत्तलमा गगनसिंहको दर्शनको प्रतीक्षामा बस्नु, रानीसँग कुरा गर्दा पागलको

अभिनय गर्नुजस्ता कार्यले उसभित्रको कामवासनाको वेग चरमोत्कर्षमा पुगेको मान्न सकिन्छ ।

बसन्तीको प्रेममा चुर्लुम्म डुबेर कर्तव्य के हो भन्ने कुरा उसलाई ज्ञान हुँदैन । 'दुई जोईको पोइ कुनापसी रोई' भन्ने उक्तिलाई गगनसिंहको चरित्रले सार्थक पारेको छ । एकातिर ऊ बसन्तीलाई प्रेम गर्छ भने अर्कातिर महारानी लक्ष्मीदेवी उसलाई प्रेम गर्छिन् । महारानीको प्रेमलाई बुझेर पनि नकार्न सक्दैन । पूर्णरूपमा समर्थन पनि गर्न सक्दैन । सत्तामोहको कारणले किंकर्तव्यविमूढ बन्दछ । बसन्तीलाई महारानीको प्रेमबारे प्रस्ट भन्न पनि सक्दैन । त्यस्तै बसन्तीका बारेमा पनि महारानीसँग केही कुरा भन्न सक्दैन ।

यस प्रकार बसन्ती उपन्यासले त्रिकोणात्मक प्रेमलाई प्रस्तुत गरेको छ । रानी गगनसिंहलाई प्रेम गर्छिन् भन्ने गगनसिंह बसन्तीलाई प्रेम गर्छ तर यहाँ केही कुरा रानीको प्रेमलाई पनि गगनसिंहले स्वीकार गरेको देखिन्छ । रानीको प्रेम वासनात्मक थियो । सम्भवत: शारीरिक रूपमा पनि विकसित हुँदै थियो । राजा हुँदाहुँदै पनि गगनसिंहप्रति आकृष्ट हुनु सामाजिक मूल्य-मान्यता विरुद्ध थियो । रानीको अतृप्त यौनकुण्ठाले गर्दा सम्पूर्णरूपमा गगनसिंहकी हुनसकेकी छैनन् । तर बसन्ती भने तन-मन दुवै रूपमा गगनसिंहकी भएकी छे । पागल प्रेमीका रूपमा आफूलाई समर्पित गरेकी छे । रानीको कामवासनाको मानसिक सिकार गगनसिंह हुन पुगेको छ । ऊ रानीसित आन्तरिकरूपमा डराउँछ पनि बसन्तीलाई प्रेम पनि गर्छ । यो उसको चारित्रिक कमजोरी हो । उच्च अहं (Supper Ego) को कारणले गर्दा महारानीलाई यथार्थ कुरा भन्न सक्दैन र बसन्तीलाई त्याग्न पनि सक्दैन । समाजका अगाडि वास्तविकतालाई ल्याउन सक्तैन । गगनसिंहकी स्वास्नी भएर काठमाडौँमा छाती फुलाएर हिँड्ने चाहना बसन्तीको इच्छा इच्छामा मात्र सीमित हुन्छ । गगनसिंहको चेतन मनको र अचेतन मनको द्वन्द्वात्मक प्रतिक्रिया, रानीको वासना, बसन्तीको एकोहोरो प्रेम प्रस्तुत उपन्यासको नियति बन्न पुगेको छ । पात्रहरूको चारित्रिक कमजोरी र नियतिका कारण उपन्यासको घटनाक्रम अगाडि बढेको छ । यो उपन्यास दु:खान्त बन्नमा पनि नियति र चारित्रिक कमजोरीले महत्त्वपूर्ण भूमिका खेलेको छ ।

शीर्षकको सार्थकता

सर्जकले कुनै पनि कृतिको सिर्जना गर्दा त्यस कृतिको सार संक्षेप शीर्षकमा अन्तर्निहित गरेको हुन्छ । प्रस्तुत बसन्ती उपन्यासको शीर्षक सार्थक देखिन्छ । उपन्यासकी नायिका बसन्ती नै भएकीले त्यसको कथानकअनुरूप नै रहेको छ । सरसर्ती हेर्दा उपन्यासको शीर्षक नायिकाको नामबाट राखिएको हुँदा शीर्षक औचित्यपूर्ण त देखिन्छ नै । शीर्षकलाई अभिधात्मक दृष्टिकोणले हेर्दा बसन्तीको अर्थ हल्का, फिका, पहेँलो रङ्ग (कागतीको बोक्राजस्तै) भन्ने हुन्छ । तर यहाँ लेखकले प्रस्तुत उपन्यासको शीर्षक चयन लाक्षणिक अर्थले गरेको देखिन्छ । जसरी वसन्तऋतुले मौसममा सौन्दर्य ल्याउँछ, वातावरण र प्रकृतिलाई मनमोहक तुल्याउँछ, त्यसैगरी बसन्ती ऋतुरागिनी अर्थात् कामवासनाकी प्रतिमूर्ति मानिन्छे र आफ्नो रूप र लावण्यले प्रत्येक पुरुषलाई मनमा आकर्षण पैदा गराउँछे । त्यसैले बसन्ती नायिका पनि ऋतुरागिनी छे । गगनसिंहलाई आफ्नो सौन्दर्य वासनाले पागल बनाएकी छे र आफू पनि पागल भएकी छे । तसर्थ उपन्यासकारले चतुर्‍याइँपूर्वक उपन्यासकी नायिकाको नाम बसन्ती राखेका छन् । बसन्तीको जवानीको रसले मदमत्त हुँदै गगनसिंह पागलप्रेमी बन्दछ, उसमा मानसिक विकृति देखापर्दछ । फलस्वरूप महारानीको हत्या गर्ने, राजसत्ता हत्याउनेजस्तो भयानक कार्य गर्न पनि तत्पर हुन्छ ।

'बसन्ती मरेको ठान्दछ र बसन्ती मरेपछि म किन बाँच्ने ? महारानीसँग बदला लिन'[८७] भन्दै प्रेमको चरमोत्कर्ष पार गर्दछ । बसन्तीको वासनाबाट उपन्यासभित्र थुप्रै घटना घटेका छन् । कान्छी महारानीको अतिविश्वास पात्र र निकटस्थ व्यक्ति मानिने गगनसिंह त्यही रागबाट ग्रसित छ । देशको सारा जिम्मेवारी बहन गर्ने मन्त्रीजस्तो उच्च ओहदालाई परबाह नगरी एउटी स्त्रीको मोहमा पर्ने कमजोर पात्र गगनसिंह बनेको छ । यस्तो ठूला कर्तव्यनिष्ट र उत्तरदायित्व बहन गर्ने व्यक्तिलाई पनि आफ्नो रूप, जवानीले कसरी विचलित पारेको छ भन्ने कुराको निष्कर्ष बसन्ती उपन्यासमा उपन्यासकारले निकालेका छन् । उपन्यासको सुरुदेखि अन्त्यसम्मको

---

८७. पूर्ववत्, पृ. २०२ ।

कथावस्तु घटनाक्रममा बसन्ती व्याप्त छ । कथानक बसन्तीवरिपरि मियोमा घुमेझैँ घुमेको देखिन्छ । त्यसैले बसन्ती उपन्यासको शीर्षक सार्थक छ । यसै तथ्यलाई मनन गर्दा र उपन्यासभित्र प्रेमको कारण घटेका सम्पूर्ण घटनाहरू केलाउँदा यो उपन्यासको शीर्षक बसन्ती सार्थक छ भन्नुमा सायद अत्युक्ति नहोला ।

लेखकसँग अन्तर्वार्ता लिने क्रममा– "बसन्ती उपन्यासको शीर्षक किन सुन्तली, फूलमती आदि नराखी बसन्ती नै राख्नुभयो र प्रस्तुत उपन्यासलाई वियोगान्त बनाएर टुङ्ग्याउनुभयो ? तपाईंले चाहेको भए गगनसिंह र बसन्तीको भेट गराउन सक्नुहुन्थ्यो नि ?" भन्न प्रश्न गर्दा स्वयं उपन्यासकार डायमनशमशेर राणाले यसप्रकारको जवाफ दिएका छन्– "मैले बसन्ती शीर्षक आफ्नो खुसीले राखेँ र बढी रोचकता प्रदान गर्नका लागि दुःखान्त बनाएर उपन्यासको अन्त्य गरेँ ।"[९८]

उपसंहार

नेपाली उपन्यासको परम्परा विशेष गरी ऐतिहासिक उपन्यास लेखनका क्षेत्रमा डायमनशमशेर राणाको विशिष्ट स्थान रहेको छ । उपन्यासकार राणाले विशेष गरी ऐतिहासिक विषयवस्तुमा केन्द्रित रही उपन्यासहरूको रचना गरेर नेपाली औपन्यासिक क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएका छन् । 'बसन्ती' (२००६) देखि 'गृहप्रवेश' (२०५८) सम्मको उपन्यासकार डायमनशमशेर राणाको औपन्यासिक यात्रालाई विहङ्गावलोकन गर्दा उनले रचना गरेका सेतो बाघ (२०३०), प्रतिबद्ध (२०३४), सत्प्रयास (२०३८) आदि उपन्यासका तुलनामा 'बसन्ती' पहिलो उपन्यास भएर पनि नेपाली उपन्यास साहित्यको उत्कृष्ट उपन्यासका रूपमा देखापरेको छ ।

'बसन्ती' उपन्यासमा इतिहासका घटना र पात्रहरूलाई उपन्यासकार डायमनशमशेर राणाले समावेश गरेका छन् । ऐतिहासिक घटनाका साथसाथै उपन्यासकार राणाले प्रस्तुत उपन्यासमा काल्पनिक पक्षको पनि सुन्दर ढङ्गले समायोजन गरेका छन् । यही काल्पनिक

---

९८. उपन्यासकार डायमनशमशेर राणासँग लिएको अन्तर्वार्ताबाट ।

पक्षले गर्दा प्रस्तुत उपन्यास कलात्मक सौन्दर्ययुक्त बन्न पुगेको छ । प्रस्तुत उपन्यासको ऐतिहासिक कथावस्तुभित्र तत्कालीन नेपालको राजनीतिक दाउपेच, षड्यन्त्र, हत्या, हिंसाजस्ता कुटिल क्रियाकलापहरू समायोजन गरिएका छन् । तत्कालीन नेपालको राजनीतिक र सामाजिक यथार्थलाई उपन्यासकारले यहाँ प्रस्तुत गरेका छन् । उपन्यासकार राणाले प्रस्तुत उपन्यासमा राजा राजेन्द्रको कमजोरी, गगनसिंह र महारानीबीचको सम्बन्ध, सत्तासङ्घर्ष, सुरेन्द्रको बहुलट्ठीपनजस्ता इतिहासका घटना र ती घटनाहरूसँग सम्बन्धित ऐतिहासिक व्यक्तित्वलाई पात्रका रूपमा प्रयोग गरेका छन् । प्रस्तुत उपन्यासमा उपन्यासकारले गगनसिंहको हत्याबाट जङ्गबहादुरलाई चाहिँ अलग्गै राखेको देखिन्छ ।

ऐतिहासिक विषयवस्तुमा कल्पनाको रङ् भर्दा प्रस्तुत उपन्यासमा कुनै-कुनै ठाउँमा अस्वाभाविक प्रसङ्ग पनि बन्न पुगेको छ । यसबाट इतिहासको घटनामा पनि विचलन आएको देखिन्छ । बसन्ती विषबाट बच्नु, बसन्ती एकै रातमा ककनी हुँदै पशुपति मन्दिरमा आउनु, बसन्तीको शरीरलाई महारानीले मूर्ति भन्ने ठान्नु, सिलाडेले आफ्नी स्वास्नी नचिनेर आफ्नी स्वास्नीलाई नै बसन्ती भन्ठान्नुजस्ता घटनालाई यहाँ लिन सकिन्छ । यसरी ऐतिहासिक घटनामा कतै-कतै विचलन आए पनि बसन्ती र गगनसिंहको प्रेमगाथाको कल्पना गरेर ऐतिहासिक विषयमा मिश्रण गरे पनि 'बसन्ती' मूलतः ऐतिहासिक उपन्यासकै रूपमा महिलामय बन्न गएको छ ।

प्रस्तुत उपन्यासमा पर्यावरणको राम्रो चित्रण गरिएको छ । समयका हिसाबले प्रस्तुत उपन्यासको समयावधि ८ वर्षको देखिन्छ । काठमाडौँको अभिजात्यवर्गको पारिवारिक परिवेश र गाउँको निम्नवर्गीय परिवेशको यहाँ राम्रो चित्रण गरिएको छ । ललितपुरको पुल्चोकको पाटीबाट प्रारम्भ भएको कथानकको सम्पूर्ण विकास काठमाडौँमा गराइएको छ भने अन्त्य पनि काठमाडौँको ढोकाटोलमा अवस्थित गगनसिंहको निवासमा भएको छ ।

प्रस्तुत उपन्यास द्वन्द्वविधानका दृष्टिले पनि सफल देखिन्छ । दरबारभित्र घटेका समग्र घटनाहरू बाह्य द्वन्द्वअन्तर्गत पर्दछन् भने बसन्तीको मनभित्रका आवेग, संवेग, छटपटी, कुण्ठा आदि र महारानी

लक्ष्मीदेवीका मनभित्रका चाहनाहरू र तीसँग सम्बन्धित घटनाहरू सबै नै आन्तरिक द्वन्द्वभित्र पर्दछन् । उपर्युक्त बाह्य एवं आन्तरिक द्वन्द्वले कथानकको विकासमा गति दिएको छ ।

पात्रहरूको चारित्रिक कमजोरीले प्रस्तुत उपन्यास दु:खान्त बन्न पुगेको छ । गगनसिंहले आफू र बसन्तीबीचको प्रेमलाई महारानीसँग भन्न नसक्नु, स्वयं महारानीले पनि गगनसिंहलाई आफूभित्रैबाट अपनाउनु, बसन्ती दरबारमा आउन नमान्नुजस्ता कुराले गर्दा उपन्यास दु:खान्त बन्न गएको छ ।

नारीभित्रका वासनाले कस्तो रूप लिन्छ र त्यसको परिणाम कस्तो हुन्छ भन्ने कुराको बोध पनि बसन्ती उपन्यासले गराएको छ । उच्च घरानाका नारीमा पनि कामवासनाले कस्तो रूप धारण गर्दछ भन्ने कुरा महारानी र गगनसिंहका सम्बन्धले प्रस्तुत गरेको छ । त्यसै गरी एउटी विवाहिता स्त्रीले परपुरुषसँग अनैतिक सम्बन्ध राख्दा कस्तो परिणाम भोग्नुपर्छ भन्ने कुरो पनि यहाँ व्यक्त भएको छ । राम्रो कामको परिणाम राम्रो हुने र नराम्रो कामको परिणाम नराम्रो हुन्छ भन्ने कुरो नै यहाँ निष्कर्षका रूपमा देखिन्छ ।

बसन्ती उपन्यास भाषाशैलीका दृष्टिकोणले पनि अत्युच्च छ । सरल भाषा, वर्णनात्मक शैली तथा ठाउँठाउँमा कवितात्मक अभिव्यक्तिले भाषिक पक्षलाई उत्कृष्ट बनाएको छ । कलात्मकताले गर्दा उपन्यासकारले औपन्यासिक कौशल पनि उत्कृष्ट बनेको छ ।इतिहासभित्र पनि कल्पनाको जलप लगाउँदा उपन्यासकारको शिल्पसंयोजन बेजोड बन्न पुगेको छ । ठाउँठाउँमा आगन्तुक शब्दका साथै उखानटुक्काको प्रयोगले गर्दा 'बसन्ती' उपन्यास झनै उत्कृष्ट बन्न गएको छ ।

प्रस्तुत उपन्यासमा 'बसन्ती' शब्दलाई उपन्यासकारले मूलत: लक्षणामूलक अर्थ प्रयोग गरेका छन् । साधारण अर्थमा बसन्ती एउटी स्त्रीको नाम हुनजान्छ । लक्षणाको दृष्टिले हेर्दा भने यसको अर्थ रतिरागिनी एवं सौन्दर्यमयी नारी व्यक्तित्व भन्ने हुन्छ । यहाँ पनि 'बसन्ती' यस्तै रतिरागिनी एवं कामवासनाकी प्रतिमूर्ति मानिन्छे र परपुरुषलाई आकर्षित गर्दछे । बसन्तीको सौन्दर्यमा गगनसिंह लोभिएको

छ । त्यसैले कथानक प्रारम्भदेखि अन्त्यसम्म मियोमा गोरु घुमेझैँ 'बसन्ती'कै वरिपरि घुमेको देखिन्छ ।

प्रस्तुत उपन्यास पात्रको आफ्नै चारित्रिक कमजोरीले गर्दा दु:खान्त बन्न गएको छ । त्यसैले यस उपन्यासको प्रारम्भमा शृङ्गाररसको प्रयोग भए पनि अन्त्यमा भने करुणरसको परिपाक भएको छ ।

'बसन्ती' उपन्यास डायमनशमशेर राणाको साहित्ययात्राको प्रथम प्रहरको प्रथम कृति हो र पनि यस उपन्यासले उपन्यासकार राणालाई डायमण्ड नै बनाइदियो । साँच्चि नै उपन्यासकार डायमनशमशेर राणा नेपाली ऐतिहासिक उपन्यास साहित्यका क्षेत्रमा अनमोल हीराका रूपमा स्थापित भएका छन् । प्रस्तुत शोधकार्यबाट 'बसन्ती' उपन्यासका सम्बन्धमा निम्नलिखित निष्कर्षहरू प्राप्त भएका छन्–

(क) बसन्ती उपन्यासमा इतिहास र कल्पनाको सुन्दर समायोजन भएको छ तापनि यो मूलत: ऐतिहासिक उपन्यास हो ।

(ख) प्रस्तुत उपन्यासमा ऐतिहासिक घटनावलीभित्रै तत्कालीन नेपालको राजनीतिक, सामाजिक, आर्थिक, सांस्कृतिक आदि विविध पक्षको रेखाङ्कन भएको छ ।

(ग) आफ्नो स्वार्थसिद्धिका निम्ति तत्कालीन दरबारमा भएका षड्यन्त्र तथा हत्याहिंसाका जघन्य घटनाहरूलाई यस उपन्यासले यथार्थ रूपमा प्रस्तुत गरेको छ । त्यसैले यहाँ ऐतिहासिक यथार्थवादको प्रयोग भएको छ ।

(घ) विवाहिता स्त्रीले परपुरुषसँग सम्बन्ध राख्दा कस्तो परिस्थिति बेहोर्नुपर्छ भन्ने सङ्केत पनि यहाँ गरिएको छ ।

(ङ) 'बसन्ती' उपन्यास नायिका प्रधान उपन्यास हो र यहाँ यो शब्द अभिधाका रूपमा होइन, लक्षणाका रूपमा प्रयोग गरिएको छ ।

(च) यहाँ पात्रहरू आफ्नै चारित्रिक कमजोरीले गर्दा दुःखान्त स्थितिमा पुगेका छन् ।

(छ) करिब-करिब ८ वर्षको समयावधिभित्र प्रस्तुत उपन्यासको कथावस्तु केन्द्रित छ ।

(ज) पस्तुत उपन्यासमा औपन्यासिक तत्त्वहरूको सुन्दर संयोजन भएको छ ।

रेलिमाई रेलिमाई छडछड गर्ने खोला

– रोहित गौतम

[रोहित गौतम नयाँ नाम होइन 'नेपाली'मा, तर यसपटक उनले लिएको विषय एकदमै नौलो छ, नयाँ छ। साधारणतः नेपालका पत्रपत्रिकामा भारतका कुनाकाप्चामा भएका घटनाहरूको नालीबेली छापिँदैनन् । रोहितले मणिपुर क्षेत्रमा भएको नागाविद्रोह दमन गर्न भारतीय सेनाले गरेको ज्यादतीपूर्ण कारबाईलाई उदाङ्ग पारिदिएका छन् । यता नेपालमा माओवादी विद्रोहका समयमा लेखिएको यो लेख त्यस हिसाबले पनि महत्त्वपूर्ण लाग्यो हामीलाई । त्यसबाहेक नेपालको सन्दर्भ पनि जोडेका छन् गौतमले । त्यति मात्र होइन, स्वयम् उपन्यासकार भएका गौतमले पारिजातको 'शिरीषको फूल'लाई नै पैले सम्झेको महत्त्वपूर्ण लाग्छ । रोहितजीको नौलो स्वादको यो परिकार हाम्रा पढ्नेहरूलाई कस्तो लाग्ला ? हेरौँ ! –सम्पादक]

प्रख्यात नेपाली उपन्यासकार पारिजातको 'शिरीषको फूल' नामक उपन्यासको नायक सुयोगवीरले दोस्रो महायुद्धमा अङ्ग्रेजहरूको पक्षमा युद्ध गर्दा बर्मामा जङ्गलमा रमका टेबलेटहरू खाएर मात्तिँदै उपर्युक्त गीत गुनगुनाउने गर्थ्यो । अरु बर्माका आदिवासी नाबालिग काचिन केटीहरूलाई बलात्कार गरेपछि आफ्ना सिपाही साथीहरूसित गर्वसाथ भन्ने गर्थ्यो– 'मैले त गोराहरूले झैँ चक्कु प्रयोग गर्न परेन ।' विक्रमसम्मत् २०२२ साल (सन् १८६६) मा 'शिरीषको फूल' को लागि मदन पुरस्कार प्राप्त गरेकी थिइन् पारिजातले भने रचना त निश्चित रूपमा केही वर्षअगाडि भएकै हो । साठीको दशकमा नै पारिजातले दोस्रो विश्वयुद्धमा काचीन तरुणी अथवा महिलाहरूप्रति सिपाहीहरूले गर्ने गरेको/गर्न सक्ने अमानवीय व्यवहारलाई सूक्ष्म अन्तर्दृष्टिमार्फत लगायत गहिरो मानवीय अनुभूतिले कल्पना गरेर उपन्यासमा भित्र्याउनु, लेख्न सक्नु लेखकीय धर्म पूर्ण रूपमा पालन गर्न सक्षम भएकी पारिजातको दूरदृष्टि पनि अचम्मको थियो, किनभने आज पनि पारिजातले सोचे जस्तै, कल्पना गरे जस्तै भारतको उत्तरपूर्वाञ्चलमा सुयोगवीरले (उपन्यासमा) गरे जस्तो कुकृत्यहरू सुरक्षाकर्मीहरूले गरेकै छन् ।

सन् २००४ को जुलाई महिनाको कुनै दिन बिहानै मणिपुरको इम्फाल सहरमा जान भनी आसाम राइफल्सको सरकारी क्वार्टरबाट बाहिर निस्कन्छु । नेसनल हाइवेका दुवैपट्टि हातेमालो गरेर मानव प्राचीर बनाएर महिला र युवतीहरू उभिएका लगभग दुई किलोमिटरको परिधिलाई ओगटेर । हातमा समातेका प्लेकार्डहरूमा लेखिएको थियो– We want justice, Indian Army go back, withdraw Armed Force Special Power Act, Long Live Thangijam Manorama, आदि आदि । मानव प्राचीरको पछिल्लतिर हातमा गुलेली र झोलामा मार्बल (गुच्छा)का गुटीहरू लिएर युवकहरू तम्तयार । केही क्षणपछि पुलिस, अर्धसामरिक बाहिनी र सेनाका जवानहरू आएर भीडलाई हटाउनमा जुट्छन् । पछिल्तिर रहेका युवकहरूले लुकिछिपी गुलेलीले आक्रमण गर्छन् चारैतिरबाट । ब्ल्याङ्क फायर र मृदु लाठीचार्ज सुरु गर्छन् सुरक्षाकर्मीहरू । आन्दोलनकारीहरूले टियर ग्याँसको प्रकोपबाट बच्न टुथपेस्ट आँखामुनि दल्दै सुरक्षाकर्मीसित घम्साघम्सी गरिरहन्छन् निकैबेर । घम्साघम्सी गर्नेहरूमा युवक, युवती, महिलाहरू नै सङ्ख्याधिक । यतिबेरसम्म मानव प्राचीर तितर -बितर भएर बिथोलिँदै एकै ठाउँमा जम्मा हुँदै गए क्रमशः । घम्सा-घम्सी दोब्बर हुँदै गयो र सुरक्षाकर्मीमाथि परिरहेको मार्बलका गुटीहरूको चोटले उनीहरूको धैर्य सीमा टुट्यो अनि मनपरी तरिकाले टियर ग्याँस, रबड बुलेट, राइफलका कुन्दा आदिले आन्दोलनकारीमाथि प्रहार गर्न थाले । यसपछिको स्थिति भयङ्कर हुँदै जान्छ । सुरक्षाकर्मीहरूको सामुन्नेमा जो पर्छन् चाहे वृद्ध महिला, युवती या स्कूलका किशोरीहरू जोसुकै नहोऊन्, किन कि त मरणान्ते पारून्जेल कुट्ने, महिलाहरूको शरीरको कपडा फुकालिदिने लगायत युवतीहरूको टाङमुनि लगेर टियर ग्याँस पड्काइदिने जस्ता अमानवीय कार्यहरू भैरहन्छन् । यहाँसम्म कि महिला र युवतीहरूलाई अर्धनग्न अवस्थामै कुटपिट गर्दै पुलिसका 'भ्यान'हरूमा जबरजस्ती हुत्याउँदै फ्याँक्ने, कोच्ने आदि । गणतान्त्रिक देशमा गणतान्त्रिक तरिकाले विरोध प्रदर्शन गर्नेहरूमाथि गरिएको यसखाले मध्ययुगीन बर्बर दमन उत्पीडनमार्फत गणतन्त्रकै हाँसो उडाएको घटना यो सायद पहिलो होइन । महिला-आन्दोलनकारीहरूलाई धरपकड गर्दा महिला पुलिसको

उपयोग गर्नुपर्ने हो तर यहाँ स्थिति विपरीत थियो । इम्फाल उपत्यकालगायत समग्र मणिपुरभरि चलेको यस आन्दोलनमाथि जति-जति दमन बढ्दै गयो, आन्दोलन पनि झन्झन् चर्किंदै गयो । व्यावसायिक प्रतिष्ठान, सरकारी कार्यालयहरू ठप्प हुँदै गए, छात्रछात्राहरूले स्कूलको बहिष्कार गरे, स्थिति झन्झन् नाजुक हुँदै गयो र यसको फाइदा उग्रवादीहरूले लिन थाले । फलत: बम पड्कनु, गोली चल्नु नित्य-नैमित्तिक घटना बन्नपुग्यो मणिपुरमा । सशस्त्र बल विशेष अधिकार अधिनियम हटाउने माग गर्दै चित्तरञ्जन नामक छात्रले शरीरमा आगो लगाएर आत्मदाह गरे, जसको जीवन्त चित्र जी.टी.भी. लगायत अन्य टेलिभिजन च्यानलहरूले प्रसारित गरेका थिए । यसै सन्दर्भमा मणिपुरी महिलाहरूले निर्वस्त्र भएर आसाम राइफल्सको डी.आई.जी. हेडक्वार्टर काँगला किल्ला अगाडि 'Indian army rape us' भन्दै प्रदर्शन गरे, जुन समग्र भारतभरिमै अभूतपूर्व थियो ।

अवश्य पनि मणिपुरमा यस्ता खाले आन्दोलन भइ नै रहन्छन् । नागा जङ्गी सङ्गठन एन.एस.सी.एम. (आइ.एम.गुट) (Natonal Socialist Council of Nagalim) ले केन्द्र सरकारसित युद्धविराम गरी 'बृहत् नागालिम' को मागअन्तर्गत मणिपुरका नागा आधिपत्य भएका चारओटा जिल्ला सामेल गराउने प्रसङ्गमा आन्दोलनको रूप यति उग्र भयो कि यहाँको विधानसभा भवनमा आगो लगाइयो, भारतीय राष्ट्रिय ध्यज जलाइयो, साथै मणिपुरका मन्त्रीहरूलाई बचाउन सुरक्षाकर्मीहरूले ६६ जना नागरिकलाई गोली हान्नुपरेको थियो । तर यसपालिको आन्दोलन यति चर्क्यो कि यसले समग्र देशवासीको दृष्टि आकर्षण गर्न सफल भयो । तत्पश्चात् केन्द्र सरकार पनि सशस्त्र बल विशेष क्षमता अधिनियममाथि पुनर्विचार गर्न तत्पर भयो । न्यायाधीश जीवन रेड्डीको संयोजकत्वमा गठित समितिले विभिन्न क्षेत्रमा, स्तरमा पुगेर यस सन्दर्भमा विचार आदानप्रदान गरेर आफ्नो प्रतिवेदन दिनेछन् र यो अधिनियम लागू रहने नरहने माथि पुन: विवाद चर्किएला । अन्तर्राष्ट्रिय सीमादेखि २० कि.मि. भित्रको भारतीय भूभागमा यो अधिनियम लागू रहिरहनेछ यसमा भने द्विमत कसैको रहेको देखिँदैन । उत्तरपूर्वाञ्चलबाट सशस्त्र बल विशेष क्षमता अधिनियम हटाउनुपर्छ भन्ने माग पुरानो हो, यस सन्दर्भमा चर्चा पछि

गरौँला, पहिले थांगजाम मनोरमादेवीको मृत्युपश्चात् मणिपुरमा उत्भव परिस्थितिबारेमा चर्चा गरौँ । मणिपुरी समाजमा उपजातीय द्वन्द्व तीब्र रूपमा चलिआएकै छ । यहाँसम्म कि इम्फाल उपत्यकाका मणिपुरीहरू पहाडमा गएर दाउरा घाँससम्म काट्न सक्दैनन् । अर्थ-सामाजिक तौरमा वर्तमानको मणिपुरी समाजलाई तीन वर्गमा बाँड्न सकिन्छ । पहिलो वर्गमा तिनीहरू पर्दछन् जसलाई न त कुनै आन्दोलनसित वास्ता छ, न त समाजको समकालीन परिवेशसित । जसरी भए पनि पैसा कमाउने चाहे त्यो गलत तरिकाले नै किन नहोस्, जसद्वारा समग्र मणिपुरभरि ड्रग्सको व्यापार, नशाखोरी, वेश्यावृत्ति, साम्प्रदायिकता आदि फैलाउनमा मद्दत पुगिरहेको छ । यसमा केही मध्यमवर्गीय, निम्नमध्यमवर्गीय, केही मात्रामा अभिजात श्रेणीका मानिसहरू, भ्रष्ट प्रशासनिक अधिकारी, राजनैतिक दलका केही नेताहरू पर्दछन् । दोस्रो भागमा तिनीहरू पर्दछन्, जसमा पहिलो भागले फैलाएका सामाजिक विसङ्गतिका सिकार भई ड्रग्स, नसाखोरी उग्रवादी कार्यकलाप, अश्लील फिल्मको व्यापारसित प्रत्यक्ष संलग्न भई खिइँदै, सकिँदै आफैलाई खतम गर्ने प्रक्रियामा लागेका वर्ग जसमा निम्नमध्यम वर्गीय र केही मध्यम वर्गीय, र भूमिहिन किसानहरू पर्दछन् भने तेस्रो भागमा बुद्धिजिवी, रङ्गकर्मी, प्रशासक, साहित्यकार, सुरक्षासेवामा संलग्न व्यक्तिहरू आदि जसलाई मणिपुरको समकालीन परिवेशसित सहानुभूति र चिन्ता त छ तर उनीहरू प्रत्यक्ष यस सन्दर्भमा केही नगरेर आफैमा रमाएका छन् । अवश्य पनि आन्दोलनहरू चकिँदै सबैखाले चरित्र र वर्गका मानिसहरू केही स्वेच्छाले र केही बाध्यताले आन्दोलनमा सामेल त भैहाल्छन् तर वर्गीय मनोग्रन्थीले पीडित विभिन्न हूललाई स्थायी रूप दिन आन्दोलनकारी नेतृत्व असफल देखिन्छन् । हल्ला, चर्चा र तथ्य यहाँसम्म पुग्यो कि आसाम राइफल्सको कांग्ला किल्ला स्थिति डी.आई.जी. हेडक्वार्टर अगाडि सम्पूर्ण नग्न भई 'Indian Army rape us' भन्दै प्रदर्शन गर्ने महिलाहरूलाई उग्रवादी ग्रुपले रु. १/१ लाख दिन्छौँ भनेर त्यस्ता खाले प्रदर्शन गर्न लगाएको तर पछि पैसा नदिएपछि कुरो फुत्किय्यो, नग्न प्रदर्शनका सिडीहरू बजारमा पुगे, प्रशस्त बिक्रीवितरण भयो, जसको परिणाम उक्त प्रदर्शनकारी महिलाहरूको

राम्रै बदनामी भयो। अब यसलाई आन्दोलनको नाममा शोषण नभन्ने र ? उता उग्रवादी सङ्गठन KYKL ले छात्राहरूले 'फनेक' (मेखला, साडी) लगाउनै पर्छ भन्दै तालिबानी तरिकाले फतवा जारी गरेको छ भने छात्रहरू, सुटेड-बुटेड । अवश्य पनि मणिपुरी महिलाहरूको सङ्गठन 'मैरी पैबा' ले रक्सी बेचबिखन बन्द गर्ने कार्यमा जुटेर केही सफलता प्राप्त गरेको छ । इम्फालको महिला बजारमा महिलाहरूले मात्रै चलाउने पसलहरू छन्, जुन भारतभरि अन्त कतै पाइँदैन ।

थांगजाम मनोरमादेवी जसको मृत्युले समग्र मणिपुरलाई अभूतपूर्व रूपमा खल्बलाएको थियो, आखिर को थिइन् उनी ? मनोरमाका बाबा जांगजाम विरहरी पहिले इम्फालमा बसोबास गर्थे। इम्फाल बमकाण्डमा दोषी पाइएपछि उनी इम्फालबाट २० कि.मि. टाढा बामुनकंपु भन्ने ठाउँमा बसाइँ सरेका हुन् । उनका चारओटी श्रीमतीमध्ये कान्छी पत्नीकी माहिली सन्तान थिइन् मनोरमा । मनोरमा देवी पहिले KYKL को सशस्त्र गुट People Liberation Army को महिला केडर थिइन् र पछि आत्मसमर्पण गरिन् तर उनी अप्रत्यक्ष रूपमा उग्रवादी कार्यकलापमा सक्रिय रहिरहिन्, कालान्तरमा उनी विस्फोटक विशेषज्ञ हुन पुगिन् । उनको बलात्कार र हत्याका लागि आसाम राइफल्सका एक जना कर्णेल र छ जना सिपाहीहरूलाई दोषीको आरोप लगाएका छन् । यहाँका सङ्गठनहरूद्वारा र उनीमाथि अदालती कारबाई पनि सुरु गरिएको छ भने अर्कोतर्फ कलकत्ताबाट आएको फरेन्सिक रिपोर्टमा बलात्कार नभएको पुष्टि हुनाले घटनालाई राजनीतिकरण गरिएको आरोप सुरक्षाकर्मीहरू पनि लगाउँछन् । यदि उनलाई हत्या गर्ने मनसायले नै घरबाट ल्याइन्थ्यो भने अर्थात् उनलाई आसाम राइफल्सको जिम्मा लगिएको छ भन्ने लिखित मुचुल्का सुरक्षाकर्मीहरूले निश्चय उनको घरलाई दिने थिएनन् । आसाम राइफल्सको सूत्रअनुसार पी.एल.ए. मा मनोरमादेवीसहित दुई जना मात्र विस्फोटक विशेषज्ञ बचेका थिए भने मनोरमाको पक्राउ र केरकारपछि अर्का विस्फोटक विशेषज्ञको अवस्थानबारे बताइदिएकी थिइन् र सोहीअनुसार तत्कालै उनलाई पनि पकड्ने जाल बिछ्याइसकेका थिए र केरकारपछि नै मनोरमालाई घरवालाहरूलाई सुपुर्द पनि

गरेका हुन् । उनको घर सुपुर्दगीपश्चात् उग्रवादीहरूले उनको हत्या गरेर खेतमा लगेर फालिदिए र यसैलाई मुद्दा बनाएर अर्का विस्फोटक विशेषज्ञलाई सुरक्षित स्थानमा पठाउन यसो गरेका हुन् भन्ने आरोप सुरक्षाकर्मीहरू लगाउँछन् । तर साधारणतया सुरक्षाकर्मीले उग्रवादीलाई पक्राउ गरेर जिरह गरेपछि पुलिस प्रशासनलाई जिम्मा दिने गर्छन् । अतः मनोरमालाई घर सुपुर्द गरेको भन्ने तथ्यप्रति सन्देह उठ्नु स्वाभाविक हो । सामरिक वाहिनी विशेष क्षमता अधिनियम तहत सुरक्षाकर्मीहरूले मानव अधिकार हनन गर्नु नित्य–नैमित्तिक घटना भएको छ, उत्तर-पूर्वाञ्चलमा ।

सन् १८४२ मा गबर्नर लर्ड लिनथौ (Lord Linlthon) ले सशस्त्र बल विशेष क्षमता अधिनियम प्रणयन गरेका थिए । स्वतन्त्र भारतमा नागा विद्रोही विरुद्ध सन् १८५५ मा (The Assam disturb Area Act) नामले यसको व्यवहार गरिएको थियो । सन् १८५८ मा यस अधिनियमलाई अहिलेको रूपमा प्रतिस्थापन गर्दै तात्कालीन गृहमन्त्री गोविन्द वल्लभ पन्तले संसद्मा भनेका थिए - It is a simple measures, it does not create new offences. It only provides for the protection of the army when it has to deal with the hostile Nagas... (the Bill) seeks to protect the step that the armed forces might have to take in the disturb area.

उपर्युक्त तथ्यबाट नै स्पष्ट हुन्छ कि यो अधिनियममार्फत आफ्नो क्षमताको अपप्रयोग गर्दै सुरक्षाकर्मीहरूले अवाद रूपमा मानव अधिकारको हनन तथा अमानवीय तरिकाले यसको व्यवहार गर्दै आएका छन् ।

१. सशस्त्र बल (विशेष क्षमता) कानुन प्रयोगले मूलतः सामरिक शासनको पथ प्रशस्त गर्दछ तर भारतमा सामरिक शासनको कुनै वैधता छैन ।

२. यस कानुनमार्फत सङ्घठित हुने मानव अधिकार भङ्ग गर्नेखाले कार्यकलापहरूको प्रतिरोधको कुनै उपाय नहुनु ।

३. सुरक्षा बलमाथि सामान्य प्रशासनको कर्तव्य रहनुपर्ने कुनै निर्देशना जारी अद्यपि नहुनु ।

४. कुनै एक अञ्चल वा क्षेत्रलाई अशान्त घोषणा गरेपछि उक्त घोषणाको पुनर्विवेचनाको प्रावधान नहुनु ।

५. उपर्युक्त अधिनियमको ४ नं. अनुच्छेदमा सेनालाई जुन व्यापक क्षमता दिइएको छ, त्यो सर्वसाधारण जनताको अधिकारको विरुद्ध छ र यो असंवैधानिक हो ।

६. ४ नं. अनुच्छेद (क) मा सेनालाई सन्देहको आधारमा कुनै पनि व्यक्तिलाई हत्या गर्न सक्ने क्षमता दिइएको छ र त्यसखाले हत्याको कुनै जाँच इत्यादिको व्यवस्था छैन, जुन असंवैधानिक हो ।

७. ४ नं. अनुच्छेद (ख) मा सेनालाई सन्देहकै आधारमा व्यक्तिगत सम्पत्ति ध्वंस गर्न सक्ने अधिकार दिइएको छ जहाँ क्षमताको अपव्यवहार पूर्ण रूपमा हुन सक्छ ।

८. ४ नं. (घ) मा सेनालाई कुनै पनि बेला खानतलासी गर्ने अधिकार र खानतलासीको समयमा जफत गरिएका सामग्री पुलिस प्रशासनलाई बुझाइदिने कुनै बाध्यता आरोप गरिएको छैन ।

९. ६ नं. अनुच्छेदमा नागरिकले सेनाको उत्पीडन विरुद्धमा कुनै फोरममा अपिल गर्न सक्दैनन्, जुन संविधान प्रदत्त मौलिक हकको परिपन्थी हो ।

सशस्त्र बल विशेष क्षमता अधिनियममार्फत प्राप्त क्षमता सेनाले विशेषतया उग्रवादी कार्यकलाप विरुद्ध प्रयोग गर्नुपर्ने हो तर यसको अपप्रयोग सर्वसाधारण जनतामाथि यति हदसम्म गरिन्छ कि जहाँ जनताका मौलिक हक र मानवता कुण्ठित भैरहन्छ दिनहुँ । सुरक्षाकर्मीद्वारा गरिएको बलात्कार, मानवअधिकार हनन हत्या व्यक्तिगत सम्पत्तिको ध्वंस आदि कार्यको कुनै सरकारी समीक्षा आजसम्म गरेको देखिँदैन । नागाल्यान्डमा विद्रोही दमनको नाममा सेनाले बस्तीका बस्ती जलाएका थिए कैयौँपटक । मणिपुरको सेनापतिमा बच्चा र महिलासमेत १४ जनाको ज्यान लिएका थिए एकैपटकमा । इम्फालमा ७ जना निरपराधी छात्र-छात्राहरूलाई 'वेटिङ सेड' प्रतीक्षालयमा

बसेका समयमा गोलीले भुटेका थिए । सुरक्षाकर्मीहरूले आसाममा भनीमाई दत्त नामकी चेलीको खानतलासीको नाममा उनकै घरमा बलात्कार गरेका थिए । आसामको भूमिकामा गणतान्त्रिक पद्धतिले विरोध प्रदर्शन गर्दा गोलीले नौ जनाको प्राण लिएका थिए । कोक्राझार, सरलपाडाका निरपराधी ४ जना नेपाली किसानको ज्यान लिएका थिए सन्देहकै आधारमा । आसामको मोरीगाँमा निरपराधी ४ जना युवकलाई सन्देहकै आधारमा गोली हानेर मारेपछि उनीहरूको नाम निसान टायरले जलाएर पोलेका थिए सुरक्षाकर्मीहरूले । उग्रवादी सङ्गठन 'अल्फा' दमनका नाममा चलाइएका सामरिक अपरेसन 'बजरंग' र 'राइनो'को समयमा सुरक्षाकर्मीहरूले उग्रवादी खोज्ने निहुँमा सर्वसाधारणको घर खानतलासी गर्दा सुन, रुपियाँ जबरजस्ती हथियाउने कार्यमा लिप्त भएको समाचार दिनहुँ निस्कने गर्थे । उग्रवादी धरपकड र दमनको आडमा सुरक्षाकर्मीहरूले गर्ने बलात्कार, नारी निग्रहण जस्ता अमानवीय कार्यहरू साधारण हुन पुगेको छ । सशस्त्र बल विशेष अधिनियममार्फत अत्याचारको बलि भएको मिजोराम राज्यका ३७४ जना व्यक्तिलाई १.८ करोड क्षतिपूर्ति दिन सरकारलाई निर्देश दिएको थियो गुवाहाटी उच्च न्यायालयको १८८८ को एक रायदान मार्फत । (Civil Rule 2258/88, 31 March 1989) क्षतिपूर्तिको उक्त रकमबाट नै अन्दाज लगाउन सकिन्छ सुरक्षाकर्मीहरूको अत्याचार र सन्त्रास कति हदसम्म हुन सक्छ भन्ने तथ्य ।

भारतीय उच्चतम न्यायालयको मानव अधिकार कानुन विशेषज्ञ अधिवक्ता नन्दिता हकसरले अदालतमा भारत सरकारको खिलाफ गुरुत्वपूर्ण अभियोग उत्थापन गर्दै भनेकी थिइन्– "भारतीय सेनाका जवानहरूलाई प्रशिक्षणको समय उत्तर-पूर्वाञ्चलका मानिसहरूको विषयमा विभ्रान्तिमूलक धारणा दिइन्छ । उत्तर-पूर्वाञ्चलका अधिकांश मानिसहरू जङ्गलमा बसोबास गर्छन्, उक्त मानिसहरू धेरै शताब्दीदेखि सभ्यताबाट विच्छिन्न छन् र अझै उनीहरू मध्ययुगीन परिवेशसित अभ्यस्त छन् ।" माऊ (MHOW) स्थित इनफेन्ट्री स्कूलको प्रशिक्षणमा भारतीय सेनालाई उत्तर-पूर्वका मानिसहरूको विषयमा ठीक यस्तै धारणाहरू दिइन्छ भन्ने अभियोग गर्दै भनेकी थिइन्– "उत्तर प्रदेश

अथवा बिहारमा बस्ने जवानहरू यस्तै धारणा लिएर बिद्रोह दमन गर्ने प्रक्रियामा संलग्न हुन्छन् अत: यस अञ्चलका मानिसहरूको मानवअधिकार सम्बन्धमा जवानहरू कति सचेतन रहनेछन्, कस्तो मानसिकताले रणक्षेत्रमा अवर्तीण हुनेछन् त्यो सहजै बोधगम्य छ ।"

यस्तै उत्तर पूर्वको विद्रोही कार्यकलाप दमन कार्यमा भारतीय सेनामा कार्यरत नेपाली जवानहरू पनि प्रशस्त रूपमा नियोजित गरिन्छ । उत्तर-पूर्वको धेरैजसो भूभाग पहाडी इलाकाले समेटेको हुँदा नेपालका पहाडी भेगबाट भारतीय सेनामा भर्ती हुने जवानहरूलाई यहाँको जलवायुसित सजिलै मिल्न सक्ने क्षमता हुनु, खाद्याभ्यास पनि प्राय: एकैखाले हुनु, यहाँका मङ्गोलियन गोष्ठीका मानिसहरूको सरह नेपाली जवानहरू (धेरैजसो)को मोहडा, शारीरिक वनावटमा एकरूपता हुनुलगायत पहाडी इलाकामा त्वरित कारबाई गर्नुपर्ने स्थितिमा पहाडी इलाकाबाट आएका नेपाली जवानहरूलाई यहाँको भौगोलिक अवस्थितिसँग जन्मजात अभिज्ञताबाट आर्जित अनुभवका आधारमा नियोजित गर्दा राम्रो परिणाम निस्कने हुँदा सेना, अर्धसैनिक बल आदिमा भएका नेपाली जवानहरूलाई उत्तर-पूर्वतिर धेरै खटाइन्छ । साथै छुट्टै देशबाट (नेपाल) आएको हुँदा यहाँका रैथाने अथवा कसैसित पनि भावनात्मक सम्बन्ध कम कायम हुने लगायत भारतीय राजनीतिसँग पनि उनीहरूको कुनै वास्ता नरहने हुनाले विद्रोही दमन कार्यमा बढी क्रूर बन्न सक्ने हुँदा गोर्खाली सेनालाई बढी प्रयोग गरिन्छ । नेपालबाट भर्ती भएर आउने धेरैजसो जवानहरूको मानसिकता पनि यस्तो हुन्छ कि भारतमा बस्ने नेपालीहरूले राम्रो नेपालीसम्म बोल्न जान्दैनन् र सबै अस्थायी रूपमा बसोबास गरिरहेका छन् भन्ने धारणा राख्दछन् । सामाजिक जीवनसँग कम सम्बन्ध राख्न पाउने कारणले गर्दा पनि र सैनिक छावनी वरिपरि स-साना होटल, चलाउने, वेश्यावृत्ति गर्ने, ड्रग्सको व्यापारसित संलग्न रहने खाले नेपालीहरूसित मात्र उनीहरूको देखभेट परिचय हुन्छ, त्यसैले त भारतीय सेनामा कार्यरत (भैरहवा, नेपाल) सुवेदार मेजर इन्द्र पुनले भनेका थिए - 'यहाँ पनि किताब लेख्ने नेपाली छन् र ?' अवश्य पनि फौजी जीवन बिताएर उत्तर-पूर्वमा बस्ने नेपालीहरू पनि प्रशस्तै पाइन्छन् । १८२२ मा सिलहट लोकल बटालियन (वर्तमान आसाम लाइट इनफेन्ट्री)का गोर्खा फौजले

मानहरूसितको युद्धमा (बर्मिज-अङ्ग्रेज युद्ध) १८२६ वीरता देखाएबापत सेकेन्ड क्लास मजिस्ट्रेटको पदसम्म दिएर अङ्ग्रेजहरूले गोर्खा पल्टनेहरूलाई यस क्षेत्रमा बसोबास गराउने व्यवस्था गराएको थाहा लाग्छ। हामी त फौजी हौँ भन्ने मानसिकताले गर्दा धेरैले नागरिकतासम्बन्धी कागजात बनाउने कोसिसै गरेनन् धेरैले र अहिले नेपालबाट थुप्रै नेपालीहरू भारतीय सेनामा भर्ती भैरहेछन्, भारत सरकार पनि भारतीय नेपाली युवकलाई भन्दा नेपालका युवकहरूलाई बढी प्राधान्य दिन्छ, यहाँ कारण बताइराख्नु पर्दैन निश्चय। यसरी थुप्रै सुयोगवीर (शिरीषको फूलका नायक) वर्सेनि आउँछन् यता, रमका टेबलेटहरूको सट्टा रमका बोतलहरू रित्ताउँछन्, र साथीभाइसित मात्तिँदै भन्ने गर्छन्– 'यार ... च्वाँक छे, नेपाली हो', अरु भारतीय नेपाली युवकलाई आफ्नो ड्युटीको समयमा फेला पारे भन्ने गर्छन् 'तिमार त केको गोर्खाली। गाडखाली पो त।' थुप्रै सुयोगवीर विद्रोहीका गोलीमा यतै पुरिन्छन्, अरु थुप्रैले नेपालीको भावनात्मक नातामार्फत थुप्रै चेलीलाई अवैध मातृत्वको बोझ दिएर, बिहे पनि गरिहाल्छन् र केही वर्षपछि अलपत्रै छाडेर फुर्र हुन्छन्। सुयोगवीरलाई (Scabies) थियो अचेल थुप्रैले एड्स, सिफिलिसका कीटाणु बोकेर घर फर्कन्छन्, कतिले यहाँका चेलीहरूलाई बलात्कारको रछ्यानामा पुर्छन् र गाउँछन्– 'रेलिमाई रेलिमाई छडछड गर्ने खोला'। आसाम राइफल्सका छावनीभित्र नेपालीमा 'काफर हुनुभन्दा मर्नु राम्रो' लेखिएर के भयो। मर्नेहरू तरिगए, बाँच्नेहरू मर्दै छन् विभिन्न रूपमा .....

रेलिमाई ... रेलिमाई ...।

(पृ. २ को बाँकी)

पत्रिका भए पनि साहित्यिक पत्रिकामा नै गनिन्थ्यो किनभने त्यसमा धेरै नाम चलेका कविलेखकका कृतिहरू प्रकाशित भएका हुन्थे । साँच्चै साहित्यिक पत्रिका भन्न हुने एउटा अर्को पत्रिका निस्केको थियो २००६ सालमा, 'हाम्रो कथा' भन्ने मासिक खरसाङबाट । त्यसै साल नेपाल सरकारको शिक्षा विभागबाट प्रकाशित हुनथालेको 'नेपाल शिक्षा' शैक्षिक सामग्री बोकेर आए तापनि कविताहरू पनि पस्कने हुँदा साहित्यिक भन्नु कि के भन्नु जस्तो हुन्छ ।

२००७ सालकै मिति परेको भने कुनै नेपाली पत्रिका देखिएनन् । अतः सात सालअघि निस्केका यिनै नामहरू हुन् नेपाली पत्रकारिता जगत्मा भन्नुपर्छ । यिनमध्ये कतिलाई साहित्यिक भन्नु कतिलाई के भन्नु निर्क्योल गर्न गाह्रो छ भनिहालियो । त्यसपछि भने निकै स्तरीय साहित्यिक पत्रिका निस्के । 'प्रगति' र 'रूपरेखा' ले निकै माथि उठाएका हुन् नेपाली साहित्यिक पत्रिकाको स्तरलाई । तर ती दुवै बन्द भए । उसै बेलाका 'रचना' 'अभिव्यक्ति' भने धरमराए तापनि अझ चल्दै छन् । मदन पुरस्कार गुठीको मुखपत्र 'नेपाली' त्रैमासिक पनि २०१६ सालदेखि अझसम्म नियमित चलिरहेको छ ।

२०३६ या अझ २०४६ पछि त नेपाली पत्रपत्रिकाहरूको बाढी नै आएको छ । अब यी पत्रिकाहरूलाई साहित्यिक मात्र भनेर पनि पुग्दैन । कुनै सिनेमा, कुनै कविता, कुनै गजल-मुक्तक इत्यादिलाई प्रमुखता दिएर निस्केका छन् । जति धेरै निस्कन्छन् उत्तिकै बन्द पनि हुँदै गइरहेका छन् । मदन पुरस्कार पुस्तकालयको पत्रपत्रिकापट्टिको लगतमा हेऱ्यो भने ५००० जति शीर्षक फेला पर्छन् । यीमध्ये २५ प्रतिशत मात्र साहित्यिक पत्रिका हुन् भन्ने अन्दाज गर्ने हो भने पनि नेपाली साहित्यिक पत्रिकाको सङ्ख्या झन्डै १२०० पुग्न आउँछ । यिनमा कत्ति चल्दैछन् र कत्ति बन्द भैसके, ठीक तथ्याङ्क दिनसक्ने कोही छैन, कुनै निकाय छैन ।

अन्त्यमा भनौँ, २००७ सालअघिका र पछिका साहित्यिक पत्रिकाहरूको तुलना गरी हेर्ने हो भने हालमा मुद्रण गेटअप इत्यादिमा अत्यन्त ठूलो प्रगति भएको देखिन्छ । अरू गुणस्तरका हकमा भने केहीको बाहेक स्तर र लोकप्रियतामा पुराना नामहरूले अझै पाठकहरूलाई तान्न छाडेको छैन ।

– क.दी.

सम्पादकीय

यो अङ्क

यस अङ्कमा फेरि एउटा शोधप्रबन्ध नै भित्र्याएका छौँ हामीले। यसपटकको शोधपत्र छ रञ्जु खनालको। यसपालि हामीलाई विशेष चाख लागेको केमा भने लेखिकाको विषय पऱ्यो मदन पुरस्कार गुठीले सम्मानित गरिसकेका एक जनाको कृति– 'वसन्ती'। हामी शोधकर्तृ रञ्जु खनाललाई धन्यवाद र बधाई भन्छौँ।

मणिसिंह थापा

मणिसिंह थापा 'नेपाली'का पुराना मित्र हुन्। 'नेपाली'को पूर्णाङ्क १५ (२०२० साल) देखि नै हामीले उनका लेखहरू फाटफुट छाप्तै आएका हौँ। तर २०३० सालदेखि भने हामीले उहाँका लेखहरू छाप्न पाएका छैनौँ। भए पनि यस वर्षको "मदन स्मारक सम्मान" वाराणसीमा उहाँलाई दिइयो भन्ने समाचारले हामी अत्यधिक आनन्दित भएका छौँ। पहिलेपहिले 'मदन स्मारक व्याख्यानमाला' भन्ने नाम भएको सम्मान हाल 'मदन स्मारक सम्मान' भएको हो। यो 'सम्मान'लाई भारतमा 'लघु-मदन पुरस्कार' पनि भन्छन् मान्छेहरू। किनभने यी दुवै पुरस्कार र सम्मानहरू स्वर्गीय रानी जगदम्बाबाटै संस्थापित भएका हुन्। पैले यो सम्मान रानी जगदम्बाले स्थापना गरेको 'बालचन्द्र व्यालेस ट्रस्ट' ले सञ्चालन गर्ने गर्थ्यो। अब यस वर्षदेखि यसको सञ्चालन काशीको "विद्याधर्म प्रचारणी नेपाली समिति" मा सरेको छ। सो गत सन् २००७ को 'मदन स्मारक सम्मान' यही माघ २८ गते उहाँलाई प्रदान गरियो वाराणसीमा।

हामी उहाँलाई बधाई र विद्याधर्म नेपाली समितिलाई धन्यवाद ज्ञापन गर्छौं ।

ईश्वरवल्लभ

आगोका फूल हुन् ईश्वरवल्लभ !
उनलाई त शङ्का थियो–
आगोका फूल हुँ कि होइन
भन्नेमा ।
हामीले भने ठोकुवा गरिदियौं–
हुन् नै भन्ने, उसै बेला !
अब त्यस कुराको निर्क्योल स्वर्गमा हुनेछ ।
त्यसैको फैसला लिन,
अस्ति चैत १० गते,
उनी त्यतातिर लागे ।
निर्णय उनका पक्षमा होस्,
हाम्रो शुभकामना !

('नेपाली' को र गुठीको श्रद्धाञ्जली २०२८ का पुरस्कार-विजयी कवि ईश्वरवल्लभमा)